माघ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क १९ | २०७९ माघ १-१५ | पूर्णाङ्क ७३३



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री नगेन्द्रकेशरी पोखरेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री मोतीलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| इजलास नं. १ | ११ | इजलास नं. ८ | २ |
| इजलास नं. २ | ४ | इजलास नं. ९ | २ |
| इजलास नं. ३ | ८ | इजलास नं. १० | ४ |
| इजलास नं. ४ | १२ | इजलास नं. १२ | ३ |
| इजलास नं. ५ | ४ | | |
| इजलास नं. ६ | ३ | | |
| **जम्मा** | **४२** | **जम्मा** | **११** |

**कूल जम्मा ४२ + ११ = ५३**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, माघ – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं.१** | | | **१ - १३** |
| १. | परमादेश | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आयुर्वेद विभाग वि. अर्जुन न्यौपानेसमेत | १ |
| २. | नकबजनी चोरी | नेपाल सरकार वि. चटपटे भन्ने दिपेन्द्र अधिकारीसमेत | २ |
| ३. | लेनदेन | नजरीमैया खड्का वि. श्यामलाल श्रेष्ठ | ३ |
| ४. | परमादेश | धनीराम अहिर वि. जिल्ला प्रशासन कार्यालय, बाँके | ४ |
| ५. | निषेधाज्ञा | बेचन यादवसमेत वि. चरनदेवी हलुवाई | ४ |
| ६. | निषेधाज्ञा | जागो मण्डल खत्वे वि. लरुबति देवी | ५ |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिव प्रसाद साह कलवारसमेत | ५ |
| ८. | मिलापत्र बदर | कमला प्रधानसमेत वि. मु.स. गर्ने नानीमैया प्रधानसमेत | ६ |
| ९. | आगलागी | उमेश गिरी वि. नेपाल सरकार, अजय बर्मा वि. नेपाल सरकार | १० |
| १०. | बन्दी प्रत्यक्षीकरण | राजकुमार घिमिरेसमेत वि. जिल्ला प्रहरी कार्यालय, कास्कीसमेत | ११ |
| ११. | बन्डापत्र बदर अंशचलन | परशुराम आचार्य वि. सिंहबहादुर आचार्यसमेत, इन्द्रमाया आचार्यसमेत वि. परशुराम आचार्य | १२ |
| **इजलास नं. २** | | | **१४ – १६** |
| १२. | खुन डाँका र कर्तव्य ज्यान | नेपाल सरकार वि. गोपाल मादेन लिम्बू | १४ |
| १३. | बन्दी प्रत्यक्षीकरण | डिल्लीप्रसाद ढुङ्गेल वि. काठमाडौं जिल्ला अदालत | १४ |
| १४. | उत्प्रेषणयुक्त परमादेश | गमली थापा क्षेत्री वि. किरण थापामगरसमेत | १५ |
| १५. | लागु औषध | नेपाल सरकार वि. सुनिल डि.सी. | १५ |
| **इजलास नं. ३** | | | **१६ – २३** |
| १६. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामप्रसाद अधिकारी | १६ |
| १७. | बैंकिङ कसुर | नेपाल सरकार वि. गीता पाण्डेय | १७ |
| १८. | उत्प्रेषण परमादेश | आशीष / श्याम एण्ड शङ्कर जे.भी., काठमाडौं वि. सङ्घीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतसमेत | १७ |

| | | | |
|---|---|---|---|
| १९. | मानव बेचबिखन तथा ओसारपसार | हेमन्ती भट्ट वि. नेपाल सरकार, धर्मानन्द भन्ने पल्लवराज भट्ट वि. नेपाल सरकार | १९ |
| २०. | उत्प्रेषण परमादेशसमेत | पूर्णप्रसाद पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २० |
| २१. | उत्प्रेषणयुक्त परमादेश | वीरसिंह भाटसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | २१ |
| २२. | उत्प्रेषणयुक्त / परमादेश | शिवशरण पण्डित कुम्हारसमेत वि. सुकुम्बासी समस्या समाधान, जिल्ला समिति जलेश्वरसमेत | २२ |
| २३. | जबरजस्ती करणी | हेटौंडामा बन्दी रहेको चुकीया कठरिया वि. नेपाल सरकार | २३ |
| **इजलास नं. ४** | | | २३ – ३३ |
| २४. | कर्तव्य ज्यान | ध्रुव परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. ध्रुव परियार | २३ |
| २५. | कर्तव्य ज्यान | मिमबहादुर घर्ती वि. नेपाल सरकार | २४ |
| २६. | कर्तव्य ज्यान | विमल राउत वि. नेपाल सरकार | २५ |
| २७. | लागु औषध (खैरो हिरोइन) | नेपाल सरकार वि. विष्णु श्रेष्ठसमेत | २५ |
| २८. | वैदेशिक रोजगार | नेपाल सरकार वि. श्रीकृष्ण घिसिङ तामाङ, श्रीकृष्ण घिसिङ तामाङ वि. नेपाल सरकार | २६ |
| २९. | कर्तव्य ज्यान | अरूण लामा वि. नेपाल सरकार | २७ |
| ३०. | घर उठाई जग्गा खिचोला मेटाई दर्ता बदर गरी चलन | हरिराज लिम्बूसमेत वि. रामप्रसाद खरेल | २७ |
| ३१. | हक निखनाई पाऊँ | कृष्णबहादुर खड्का वि. मंगली खत्री | २८ |
| ३२. | अंश दर्ता | शिवशंकर यादव वि. दिपेन्द्रकुमार यादव, हरिदेवी यादवसमेत वि. दिपेन्द्रकुमार यादव | २९ |
| ३३. | परमादेश | खिमकुमारी अधिकारी वि. सैनामैना नं.पा.को कार्यालय बुद्धनगर, रूपन्देहीसमेत | ३० |

| | | | |
|---|---|---|---|
| ३४. | फैसला तथा चलन पुर्जी बदर | जय बहादुर खत्रीसमेत वि. दामोदर खनाल | ३१ |
| ३५. | उत्प्रेषण परमादेश | लोकप्रसाद विष्ट वि. रोल्पा जिल्ला अदालतसमेत | ३२ |
| **इजलास नं.५** | | | ३४ – ३८ |
| ३६. | आयकर (आ.व.२०६३ /०६४) | ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा.लि. नवलपरासी | ३४ |
| ३७. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामप्रसाद अधिकारीसमेत | ३६ |
| ३८. | उत्प्रेषण / परमादेश | चित्रबहादुर मगर वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ३६ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | छत्र साउद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३७ |
| **इजलास नं.६** | | | ३८ – ४३ |
| ४०. | बैंकिङ कसुर | नेपाल सरकार वि. धावा छिरिङ लामा | ३८ |

| | | | |
|---|---|---|---|
| ४१. | उत्प्रेषण | नारायण महर्जनसमेत वि. काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका, वडा नं. ४ वडा समिति ऐ. ४ नं. वडा समितिको कार्यालय, सीतापाइला चक्रपथ (लाम्थुम्की) समेत | ४१ |
| ४२. | उत्प्रेषण / परमादेशसमेत | मञ्जु दाहालसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४२ |
| **इजलास नं.८** | | | ४३ – ४४ |
| ४३. | कुटपिट अङ्गभङ्ग | कुलबहादुर पौथाक लिम्बू वि. नेपाल सरकार | ४३ |
| ४४. | जबरजस्ती करणी र लागु औषध | नेपाल सरकार वि. चन्द्रबहादुर विष्टसमेत | ४३ |
| **इजलास नं.९** | | | ४४ – ४६ |
| ४५. | बन्दी प्रत्यक्षीकरण | नवराज तामाङ वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत | ४४ |
| ४६. | उत्प्रेषण परमादेश | रामप्रसाद फुलारासमेत वि. शिक्षक सेवा आयोग, भक्तपुर, सानोठिमी | ४५ |

| इजलास नं.१० | | | ४६ – ५० |
|---|---|---|---|
| ४७. | मोही नामसारी प्रमाण पत्र पाऊँ | शिबा (शाह) राणा वि. घुर्नी थरूनी | ४६ |
| ४८. | उत्प्रेषण | दिनेशकुमार पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ४७ |
| ४९. | उत्प्रेषण | विरजु पासमानसमेत वि. शिक्षा मन्त्रालय (विद्यालय प्रशासन महाशाखा) समेत | ४८ |
| ५०. | परमादेश | सरिता पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ४९ |

| इजलास नं.१२ | | | ५० – ५२ |
|---|---|---|---|
| ५१. | बन्दी प्रत्यक्षीकरण | हेमन्त गैरे बैतनी भन्ने हेमबहादुर थापामगर वि. काठमाडौं जिल्ला अदालत | ५० |
| ५२. | बन्दी प्रत्यक्षीकरण | विपेन उपाध्याय वि. उच्च अदालत पाटनसमेत | ५१ |
| ५३. | बन्दी प्रत्यक्षीकरण | अमित सामसुङहाङ लिम्बू भन्ने आसिक राई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल | ५१ |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७१-CI-०८१५, परमादेश, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आयुर्वेद विभाग वि. अर्जुन न्यौपानेसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ (तेस्रो संशोधन), २०६३ को दफा ५ र ९ को कानूनी व्यवस्था हेर्दा, दफा ५ मा सेवाका विभिन्न विशेषज्ञ तथा प्राविधिक पदहरू रहने र दफा ९ मा स्तरवृद्धि (अपग्रेड) सम्बन्धी व्यवस्थाअन्तर्गत ऐ.दफा ९ को उपदफा (७क)(क) मा यो दफा प्रारम्भ हुँदाका बखत तेस्रो तहमा कार्यरत कर्मचारीलाई सम्बन्धित समूहको चौथो तहमा स्तरवृद्धि गरिने छ र ऐ.दफा ९ को उपदफा (७,क)(ङ) मा स्वास्थ्य सेवाको चौथोमा सुरू नियुक्ति वा तह मिलान भएका कर्मचारीको सो तहमा पाँच वर्ष सेवा अवधि पूरा भएमा सम्बन्धित समूहको पाँचौं तहमा स्तरवृद्धि गरिने छ भन्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ (तेस्रो संशोधन), २०६९ को नियम ७ मा ऐनको दफा ५ बमोजिमको उपदफा (१) बमोजिम सेवाका विभिन्न तहहरूमा रहने पदहरू अनुसूची ३ मा उल्लेख भएबमोजिम हुनेछन् र अनुसूची ३ को सि.नं.२९ देखि ३५ सम्म हेल्थ इन्सपेक्सन समूह सहायकको पाँचौं तहको व्यवस्था रहेको भन्ने उल्लेख भएको पाइन्छ । सोअनुसार यी निवेदकहरू अ.हे.व. सहायक चौथो तहबाट सहायक पाँचौ तहमा स्तरवृद्धि भएका कर्मचारीहरूले साबिककै पदअनुसार कामकाज गर्नुपर्ने भए पनि आफ्नो स्तरवृद्धि भएको पदको पदनाम पाउनुपर्ने ।

परमादेश कुनै अधिकारीले कानूनद्वारा तोकिएको सार्वजनिक कर्तव्य पूरा गराउन इन्कार गरेमा त्यस्तो कर्तव्य पूरा गराउन अदालतबाट जारी गरिने एक प्रकारको आदेश हो । परमादेशको आदेश जारी हुनको लागि अनिश्चितकालसम्म निर्णय नगरेमा, कानूनबमोजिम पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेमा, कानूनबमोजिमको कारबाही चाँडो नटुङ्ग्याएमा, प्राकृतिक न्यायको सिद्धान्तबमोजिम प्रतिवादको मौका दिन र कानूनी व्यवस्थाको विकल्पमा प्रशासनिक निर्णयलाई प्रभावी बनाउने कार्य गरिएको अवस्था विद्यमान भएको हुनुपर्ने ।

प्रस्तुत मुद्दामा निवेदकहरू अ.हे.व. सहायक चौथो तहबाट सहायक पाँचौ तहमा स्तरवृद्धि भएका कर्मचारीहरूले साबिककै पदअनुसार कामकाज गर्नुपर्ने भए पनि आफ्नो स्तरवृद्धि भएअनुसारकै पदनाम पाउने देखिँदा निवेदकहरूको शैक्षिक योग्यता, तालिम अनुभव र दक्षताको आधारमा जुन पदनाम दिन उपयुक्त हुन्छ कानूनको प्रक्रिया पूरा गरी सुहाउँदो पदनाम दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७० ।१० ।८ मा भएको आदेश मनासिब देखिँदा परमादेशको आदेश बदर गरिपाउँ भन्ने विपक्षीतर्फको पुनरावेदन जिकिर र विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

निवेदक प्रत्यर्थीहरू अर्जुन न्यौपाने, बुद्धिबहादुर गुरूङ, अच्युत अधिकारी, युवहरि कोइराला, सूर्यप्रसाद पौडेलसमेत स्वास्थ्य सेवा ऐन, २०५३ को (तेस्रो संशोधन) २०६३ को दफा ९ को उपदफा (७)(क)(ङ) बमोजिम अ.हे.व. सहायक चौथोबाट सहायक पाँचौं तहमा स्तरवृद्धि भएको र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को (तेस्रो संशोधन), २०६९ को अनुसूची ३ अन्तर्गत हेल्थ इन्सपेक्सन समूहको सि.नं.२९ देखी ३५ सम्म सहायक पाँचौ तहको व्यवस्था भएको देखिँदा निवेदकहरूको शैक्षिक योग्यता, तालिम, अनुभव र दक्षताको आधारमा जुन पदनाम दिन उपयुक्त हुन्छ कानूनको प्रक्रिया पूरा गरी सुहाउँदो पदनाम दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने गरी

पुनरावेदन अदालत पाटनबाट मिति २०७०।१०।८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत (उपसचिव): रामचन्द्र खड्का
कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल असार ३१ गते रोज ४ शुभम्।**

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-CR-०७३६, नकबजनी चोरी, नेपाल सरकार वि. चटपटे भन्ने दिपेन्द्र अधिकारीसमेत*

प्रमाण ऐन, २०३१ को दफा ९(१) ले, "मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ ।" भनी कानूनी व्यवस्था गरेको देखिन्छ । फौजदारी कसुरमा अदालतबाहेक अन्यत्र व्यक्त भएकोमा भने केही सर्तहरू पूरा हुनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दा फौजदारी मुद्दा भएको र अदालतसमक्ष बयान गर्दा १९ वटा मोबाइल चोरी गरेको, १३ वटा मोबाइल विभिन्न व्यक्तिलाई विभिन्न मितिमा रू. ९,०००/- मा बिक्री गरेकोमा प्रतिवादीहरू साबित रहेका देखिन्छन् । चोरी भएको मितिले करिब २ महिनापछि यी प्रतिवादीहरू पक्राउ परेका र २ महिनाको अन्तरालमा ती चोरी गरी व्यक्ति व्यक्तिलाई बिक्री भएका मोबाइल बरामद हुन नसक्नुलाई सामान्य रूपमै लिनुपर्ने हुन्छ । चोरी भएको लामो अन्तरालमा चोरी भएको सामान बरामद नभएकै कारण प्रतिवादीहरूले चोरी भएको मोबाइलको संख्या नै किटान गरी अदालतसमक्ष स्वीकार गरेको तथ्यलाई अन्यथा सोच्नुपर्नेसम्मको अवस्था देखिँदैन । प्रतिवादीहरूले स्वेच्छाले अदालतसमक्ष व्यक्त गरेको कुरा प्रतिवादीहरू विरूद्ध प्रमाण लाग्ने नै देखिन्छ । अतः १९ थान मोबाइल चोरी गरेकोमा प्रतिवादीहरूले स्वीकार गरेको अवस्थामा ६ थान मोबाइलको हकमा सम्म चोरी भएको भनी घटी बिगो कायम गरी गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलासँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचना गरिएबमोजिमका आधार कारणबाट प्रतिवादीहरूले रू.४१,२९५/- बराबरको ६ थान मोबाइल चोरी गरेको ठहराएको हदसम्मको पुनरावेदन अदालत हेटौंडाको मिति २०७३।३।७ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू टेडे भन्ने कृष्ण चौधरी, चटपटे भन्ने दिपेन्द्र अधिकारी, ट्याप्रे भन्ने प्रकाश परियारले बिगो रू. १,३०,७६७/५० बराबरको १९ थान मोबाइल चोरी गरी साबिक मुलुकी ऐन, चोरीको महलको ३ नं. विपरीतको कार्य गरेकाले निजहरूलाई सोही महलको १४(१) नं. बमोजिम उक्त बिगोको डेढो रू.१,९६,१५१/२५ जनही जरिवाना तथा जनही डेढ महिना कैद हुने ठहर्छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २(ञ) र नेपालसमेत पक्ष भएको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १ ले १८ वर्ष पूरा नगरेको व्यक्तिलाई बालबालिका सम्झनुपर्ने गरी परिभाषित गरिएको पाइन्छ। प्रतिवादीहरू तीनै जना कसुर गर्दाको अवस्थामा १७ वर्ष उमेरका देखिन्छन् । देवानी कार्यविधि संहिताको दफा २८७ बमोजिम संहिता कानूनहरूको कार्यान्वयनको क्रममा आउन सक्ने अडबड निकासाको लागि गठन भएको संयन्त्रको मिति २०७६/३/२ को निर्णयसमेत अनुसार प्रतिवादीहरू टेडे भन्ने कृष्ण चौधरी, चटपटे भन्ने दिपेन्द्र अधिकारी, ट्याप्रे भन्ने प्रकाश परियारले उपर्युक्त बालबिजाईँ गरेबापत बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) एवम् मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) ले उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाइ सजाय हुने गरी भएको कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादीहरूलाई उल्लिखित दफाबमोजिम जनही रू. १,३०,७६७/५० जरिवाना र एक महिना कैद हुन्छ। चोरी भएको सामानहरू यो यो प्रतिवादीले यति यति लिएखाएको भन्ने स्पष्ट नदेखिएको अवस्था हुँदा १३ थान मोबाइलको हुने नपुग बिगो रू. ८९,४७२/५० को हकमा जाहेरवालाले प्रतिवादीहरूबाट दामासाहीले भराई पाउनेसमेत

ठहर्ने ।

इजलास अधिकृत (उपसचिव): गम्भीर घिमिरे

**इति संवत् २०७७ साल श्रावण ११ गते रोज १ शुभम्।**

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७२-CI-११८१, लेनदेन, नजरीमैया खड्का वि. श्यामलाल श्रेष्ठ*

यस अदालतबाट ने.का.प. २०३७ अङ्क ३ नि.न १३५८ पृ.२८ मा प्रतिपादित सिद्धान्तअनुसार भाखापछिको ब्याज बुझाउनु नपर्ने भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, सोमा लेनदेन व्यवहारको ६ नं. मा लिखतमा ब्याज नलेखिएकोमा ब्याज पाउँदैन भन्ने उल्लेख भएकोले वादीको दृष्टिबन्धक लिखतमा थैली बुझाउनेको भाखा २ वर्षको मात्र ब्याज बुझाउने उल्लेख भई सोबाहेक धितो चलन नगरी कपाली भएको अवस्थामा थैलीको ब्याज बुझाउने लिखतमा नलेखिएकोले थैली बुझाउने भाखा वर्ष २ पछिको लिखत कपाली भएकोमा थैलीको ब्याज उपर्युक्त लेनदेन व्यवहारको ६ नं. को कानूनी व्यवस्थाबाट नै नपाउने हुनाले ब्याज पाउँछ भन्न नमिल्ने भन्ने उल्लेख भएको पाइन्छ । प्रस्तुत सिद्धान्त लिखतमा दुई वर्षभित्र साँवा र सोको दुई वर्षको ब्याजसमेत बुझाउने, नबुझाएमा दृष्टिबन्धकी लेखाएको सम्पत्ति भोग गर्नु भनी लिखतमा नै दुई वर्षको मात्र ब्याज बुझाउने उल्लेख भएको देखिएको भन्ने आधारमा प्रतिपादन गरिएको सिद्धान्त हो । यस मुद्दामा गरिएको दृष्टिबन्धकीको लिखतको कैफियतमा हेर्दा एक वर्षमा साँवा ब्याज बुझाउने छु भनी उल्लेख गरेको पाइन्छ। सोमा एक वर्षसम्मको मात्र ब्याज बुझाउने भनी उल्लेख गरेको नभई एक वर्षमा सावाँ ब्याज बुझाउने भनिएको हो। सो एक वर्षको अवधि नाघेपछि प्रत्यर्थी/वादीले उक्त जग्गा भोग गरेको पनि देखिन आएको छैन । दृष्टिबन्धकीको जग्गा भोग गरेको अवस्थामा मात्र भोग गरेको अवधिको ब्याज नलाग्ने हुन्छ । दृष्टिबन्धकीको जग्गा भोग नगरी लिखत कपालीमा परिणत भइसकेपछि लिखतमा अन्यथा उल्लेख गरेकोमा बाहेक रकम बुझाउने भाखा अवधिपछिको ब्याज नलाग्ने भनी भन्न मिल्दैन । यस्तो अवस्थामा लिखतमा अन्यथा उल्लेख भएकोमा बाहेक रकम लिनुदिनु गरेको मितिबाट सम्पूर्ण रकम ऋणीले चुक्ता नगरेसम्मको नै साँवाको कानूनबमोजिमको ब्याज लाग्ने नै हुन्छ । यस सम्बन्धमा यस अदालतबाट सर्वोच्च अदालत बुलेटिन २०५९, वर्ष ११, अङ्क २०, पूर्णाङ्क २५४ मा कपालीसरहको लिखत कायम भई प्रतिवादीले स्वीकार गरेको त्यस्तो लिखतको थैली र लिखतबमोजिमको थैली भोग गर्न नपाएको अवधिको लेनदेन व्यवहारको ६ नं. ले ब्याजसमेत वादीले नपाउने भन्न मिल्ने देखिन आएन भनी सिद्धान्त प्रतिपादन भएबाट पनि लिखतमा ब्याज लिने दिने कुरा नलेखिएको अवस्थामा बाहेक दृष्टिबन्धकीको सम्पत्ति भोग गर्न नपाई वा नगरी लिखत कपालीमा परिणत भएपछि लिखतबमोजिमको साँवा र सोको भरिभराउ हुँदासम्मको ब्याज साहुले ऋणीबाट भराई लिन पाउने नै हुन्छ । लिखतमा एक वर्षमा साँवा ब्याज बुझाउने छु भनी उल्लेख भएकोलाई सो एक वर्षको मात्र ब्याज बुझाउनुपर्ने हो र सोभन्दा बाहेकको अवधिको ब्याज बुझाउनुपर्ने होइन भनी अर्थ गर्न मिल्दैन। त्यसैले यी पुनरावेदक/प्रतिवादीबाट प्रत्यर्थी/वादीले लिखतबमोजिमको साँवा र सोको भरिभराउ हुँदासम्मको ब्याजसमेत भरी पाउने ठहर्‍याई भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने।

पुनरावेदकबाट मिति २०६७/०७/१८ को दृष्टिबन्धक लिखतको साँवा रू.१५,००,०००/- (पन्ध्र लाख) र सोको भरिभराउ हुँदासम्मको कानूनबमोजिमको ब्याज भराई पाउने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१/१०/१८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।१०।१७ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ।

इजलास अधिकृत (उपसचिव): यदुराज शर्मा

**इति संवत् २०७८ साल साउन १९ गते रोज ३ शुभम्।**

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-०५३०, परमादेश, धनीराम अहिर वि. जिल्ला प्रशासन कार्यालय, बाँके*

पुनरावेदकले दिएको निवेदनबमोजिम विपक्षी भगवानदिन यादव विरूद्धको मुद्दामा निजले झुट्टो विवरण पेस गरी नागरिकता लिएको भनी निजको नागरिकता प्रमाणपत्र बदर हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट, भएको निर्णय हालसम्म अन्तिम नभई सर्वोच्च अदालतमा विचाराधीन रहेकै विषयसँग अन्तर्सम्बन्धित रहेको भन्ने देखिएबाट जिल्ला प्रशासन कार्यालयले निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित विषयको मुद्दा नै सर्वोच्च अदालतमा विचाराधीन रहिरहेकै अवस्थामा उक्त विषय अन्तिम नभई सोही विषयसँग सम्बन्धित रहेको व्यक्तिगत घटना मृत्यु दर्ता प्रमाण पत्रसमेत बदर गर्ने विषयमा जिल्ला प्रशासन कार्यालयले तत्कालै निर्णय गर्नु उचित हुने नदेखिने।

परमादेशको आदेश भनेको कुनै पनि सार्वजनिक ओहदामा बसेको व्यक्ति वा निकायले कानूनबमोजिम कार्य गर्नुपर्ने दायित्व सृजना भइसकेपछि त्यसअनुरूपको काम कारबाही नगरी वा कानूनबमोजिम नगर्नुपर्ने काम कारबाही गरेमा त्यस विरूद्ध जारी हुने आदेश हो । प्रस्तुत मुद्दाको रोहमा जे जुन विषयमा निर्णय दिनुपर्ने हो, त्यही विषयसँग तात्विक सम्बन्ध राख्ने विषयमा माथिल्लो अदालतमा मुद्दा विचाराधीन रही तल्लो अर्धन्यायिक निकायमा रहेको मुद्दाको विषय निर्णय गर्नका निम्ति परिपक्व भइनसकेको अवस्थामा तत्काल किन यस्तो निर्णय नगरेको भनी जिल्ला प्रशासन कार्यालय, बाँके विरूद्ध परमादेशको आदेश जारी गर्न मिल्ने पनि नदेखिने।

अत: भगवानदिन यादव (अहिर) को नेपाली नागरिकताको प्रमाणपत्र बदरसम्बन्धी विषयको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा सोही विषयसँग तात्विक सम्बन्ध राख्ने नन्कु अहिरको मृत्यु दर्ता प्रमाणपत्र तत्कालै बदर गर्नु उचित रहेको भन्ने नदेखिएको र सम्मानित सर्वोच्च अदालतबाट मुद्दाको टुङ्गो लागेपछि व्यक्तिगत घटना मृत्यु दर्तासमेतको प्रमाणपत्र बदर गर्ने वा नगर्नेतर्फ कारबाही हुने नै हुँदा हाल निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले परमादेशको निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७३ ।१ ।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम्।**

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CI-०९६९, निषेधाज्ञा, बेचन यादवसमेत वि. चरनदेवी हलुवाई*

कुनै पनि नागरिकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) कायम भएको सम्पत्तिमा विना कुनै आधार अरू कसैले हस्तक्षेप गर्ने वा आघात पार्ने कार्य गर्दछ भने नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम यस्तो अवस्थामा आघात पर्ने पक्षले दिएको निवेदनउपर निषेधाज्ञाको आदेश जारी हुन सक्ने कानूनी व्यवस्था रहेको छ । जसलाई संविधान एवम् प्रचलित कानूनले समेत आत्मसात् गरेको छ । यस्तो अवस्थामा प्रत्यर्थी निवेदिकाको नाममा निर्विवाद हक कायम भएको कित्ता नं. १२९५ को जग्गामा यिनै पुनरावेदकसमेतले हाम्रो भोग स्वामित्व छ भनी रूख काट्ने एवम् हस्तक्षेप गर्नेलगायतको कार्य गर्ने आशङ्काको अवस्था विद्यमान रहेको अवस्थामा विपक्षी विरूद्ध निषेधाज्ञाको आदेश जारी हुन सक्ने नै देखिने।

कित्ता नं. १२९५ को जग्गामा निवेदकको निर्विवाद हक कायम भएको भए पनि हाम्रो मोही हक रहेको र भोगचलनसमेत हामीले गरेको भन्ने दाबी गर्दै यी पुनरावेदकहरूले अनधिकृत रूपमा प्रवेश गर्ने, रूख काट्ने तथा हुलहुज्जत गर्ने जस्ता कानून विपरीतका कार्य गरी निवेदकको संविधान एवम् कानून

प्रदत्त हक अधिकारमा आघात पुऱ्याउने आशङ्काको विद्यमानता रहिरहेको अवस्थामा कित्ता नं. १२९५ को जग्गामा अनधिकृत रूपमा प्रवेश नगर्नु नगराउनु तथा उक्त जग्गामा रहेका रूख वृक्षसमेत नकाट्नु नकटाउनु, निवेदकका भोगमा हस्तक्षेप हुने कुनै कार्य नगर्नु नगराउनु भनी उच्च अदालत जनकपुरबाट मिति २०७५।७।११ मा विपक्षीहरूका विरूद्ध जारी भएको निषेधाज्ञा आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाश चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम् ।**

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. सुष्मालता माथेमा,** *०७३-CI-०९८३, निषेधाज्ञा, जागो मण्डल खत्वे वि. लरूबति देवी*

कुनै पनि नागरिकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) कायम भएको सम्पत्तिमा विना कुनै आधार अरू कसैले हस्तक्षेप गर्ने वा आघात पार्ने कार्य गर्दछ भने नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम यस्तो अवस्थामा आघात पर्ने पक्षले दिएको निवेदनउपर निषेधाज्ञाको आदेश जारी हुन सक्ने कानूनी व्यवस्था रहेको छ । जसलाई संविधान एवम् प्रचलित कानूनले समेत आत्मसात् गरेको छ । यस्तो अवस्थामा धनुषा जिल्लास्थित, ठेराकचुरी गा.वि.स. वडा नं.८ (ख) कि.नं.२ को ०-१-७ जग्गा यिनै प्रत्यर्थी निवेदिकाको नाम दर्ताको जग्गा भई निर्विवाद हक कायम भएको भन्ने कुरा तथ्यपूर्ण एवम् सारभूत प्रमाणबाट देखिइरहेको अवस्थामा उक्त जग्गामा विपक्षीबाट हस्तक्षेपको आशङ्का विद्यमान रहिरहेको देखिन आउने ।

निवेदकको नाउँमा दर्ता रहेको कि.नं.२ को जग्गासमेतमा पर्ने गरी यी प्रत्यर्थीले घर निर्माण कार्य गर्न सक्ने प्रबल आशङ्का रहिरहेको अवस्थामा आफूले गाउँ ब्लकको जग्गामा घर बनाउन लागेको भन्ने प्रत्यर्थीको जिकिर रहिरहेको देखिएकोले गाउँब्लकको नाताले निवेदकको कि.नं. २ को जग्गामा कुनै प्रकारले हस्तक्षेप नगर्नु नगराउनु भनी विपक्षीका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।१।१४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने । पुनरावेदक विपक्षीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: सुभाश चन्द्र दाहाल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७७ साल आषाढ २४ गते रोज ४ शुभम् ।

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-०८९१, कर्तव्य ज्यान, नेपाल सरकार वि. शिव प्रसाद साह कलवारसमेत*

एउटै घरमा रहे बसेका बाबु तथा छोरालाई आमा तथा छोरीले कर्तव्य ज्यान जस्तो गम्भीर कसुर गर्दा र मरिसकेपछि लास फाल्नेक्रममा पनि जानकारी नहुनु भन्ने तथ्यलाई स्वाभाविक अनुमानका आधारमा स्वीकार गर्न मिल्दैन भन्ने विद्वान् उपन्यायाधिवक्ताले तर्क प्रस्तुत गर्नुभएको छ । तर्क पनि कारणसहितको हुनुपर्छ । अनुमान मात्रको तर्कको कुनै स्थान हुन सक्दैन । अनुमानले प्रमाणको रूप लिन सक्दैन । अनुमानका आधारमा लगाइएको कसुर अन्य स्वतन्त्र वस्तुनिष्ठ शंकारहित प्रमाणहरूबाट पुष्टि हुनुपर्दछ । केवल अनुमान र जाहेरीको भरमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ । प्रत्यक्ष प्रमाणको अभाव रहेको, सहप्रतिवादीहरूले समेत कुनै बेहोराले पोल नगरेको र स्वयं अभियोजन पक्षले नै मुख्य कसुरदारहरूलाई सन्तोषकुमार साह कलवारको हत्या गर्दा यी प्रतिवादीहरूले यो यस सन्दर्भमा यसरी सहयोग गरेको भन्ने तथ्य प्रस्ट हुने कुनै कागज प्रमाण पेस गर्न सकेको मिसिलबाट नदेखिएको अवस्थामा केवल अनुमान र शंकाका आधारमा मात्रै यी प्रतिवादीहरू शिवप्रसाद साह कलवार र कन्हैयाकुमार साह कलवारलाई कसुरदार कायम गरी सजाय गर्नु न्यायोचित र तर्कसङ्गत हुने नदेखिएसमेतबाट निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू

अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जको फैसला मनासिब नै देखिन्छ । प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र पुनरावेदनलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू शिवप्रसाद साह कलवार र कन्हैयाकुमार साह कलवारको मृतक सन्तोषकुमार साह कलवारलाई कर्तव्य गरी मारेको कसुरमा संलग्नता रहेको भन्ने नदेखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसुरमा सोही महलको १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबीबाट सफाइ दिने ठहऱ्याई भएको सुरू बारा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७६।३।१३ मा भएको फैसला यी प्रतिवादीहरूको हकमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति सवंत् २०७७ साल आषाढ १ गते रोज २ शुभम् ।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६६-CI-१२३५, मिलापत्र बदर, कमला प्रधानसमेत वि. मु.स. गर्ने नानीमैया प्रधानसमेत*

पुनरावेदक वादीले उल्लिखित मिति २०५६।८।२७ को मिलापत्र बदरको दाबी जिकिर लिएको सन्दर्भमा हेर्दा निजले आफ्नो पुर्खा भनी उल्लेख गरेका भावसिं प्रधानका दुई छोराहरूमध्ये जेठो कृष्णमान प्रधान र कान्छो दिव्यमान प्रधान देखिन्छ । जेठो कृष्णमान प्रधानको एक मात्र छोरा ठाकुरमान रहेको र कृष्णमान प्रधानको नाति तथा ठाकुरमानको छोरा बद्रीमान भई निज बद्रीमान निसन्तान रहेको देखिन्छ । अर्को कान्छो छोरा दिव्यमान प्रधानको छोरा हरीमान प्रधान र निज हरीमान प्रधानको दुई छोराहरू चन्द्रमान प्रधान र पूर्णमान प्रधान रहेको देखिन्छ । दिव्यमानको हाँगातर्फका पूर्णमान प्रधान निसन्तान भई मृत्यु भएको, जेठो छोरा चन्द्रमान प्रधानको तीन श्रीमती रहेकोमा जेठी श्रीमतीको नाम नखुलेको, लक्ष्मी प्रधान तथा प्रतिवादी नानीमाया प्रधान देखिन्छ । निज जेठी श्रीमतीतर्फबाट दुई छोराहरू बलराम प्रधान र रामकुमार प्रधान रहेकोमा कान्छो छोरा रामकुमार प्रधान अर्को हाँगातर्फका बद्रीमान प्रधानकोमा मिति २००२।१।११ मा धर्मपुत्र बस्न गएको भन्ने मिति २०३२।०३।२ गते काठमाडौं जिल्ला अदालतमा भएको अंश मुद्दाको फैसलाले देखाउँछ । पुनरावेदक वादी कमला प्रधान तिनै रामकुमारको श्रीमती र रमेशकुमार तथा लवकुमार छोरा भन्ने देखियो । उक्त तथ्यलाई यी पुनरावेदकले अन्यथा भनेको नदेखिँदा वादी कमला प्रधानको पति रामकुमार प्रधान अर्को हाँगामा धर्मपुत्र बस्न गएको तथ्य निर्विवाद देखिने ।

मुलुकी ऐन, धर्मपुत्र धर्मपुत्रीको महलको ९ ग नं. ले धर्मपुत्र वा धर्मपुत्रीको हक छोराछोरीसरह हुन्छ । धर्मपुत्र वा धर्मपुत्रीले आफूलाई जन्माउने बाबुपट्टिको अंशमा दाबी गर्न पाउँदैनन् भन्ने देखिन्छ । उक्त कानूनी प्रावधान तथा वादी कमला प्रधानले यिनै प्रतिवादी नानीमायाउपर अंश मुद्दा, दर्ता बदर मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरेकोमा निज वादीको लोग्ने अन्यत्र धर्मपुत्र बस्न गएकोले चन्द्रमानसमेतको सम्पत्तिमा हक नपुग्ने गरी गरेको फैसलालाई मध्यमाञ्चल क्षेत्रीय अदालतले सदर गरेको देखिन्छ । यसरी कमला प्रधानका श्रीमान् अन्यत्र धर्मपुत्र गइसकेपश्चात् जन्माउने बाबुपट्टिको अंश हक समाप्त भई धर्मपुत्र राख्नेपट्टि हक सिर्जना हुने र यी पुनरावेदक वादीले पनि आफ्नो पतिको हक अधिकारका आधारमा मात्र हक प्राप्त गर्ने हुँदा निजको पतिको हक नै समाप्त भइसकेको चन्द्रमानको अंशियारको रूपमा दाबी गर्न सकिने अवस्था हुँदैन । भावसिंले राखेको गुठीको हैसियतले बद्रीमानको हकदारका रूपमा दाबी लिएर आएको अवस्था एकातिर छैन भने निजले आफ्नो

फिरादमा नै भावसिंको हकदारका रूपमा दाबी नगरी भावसिंका नाममा लालमोहरबाट कायम भई ससुरा बाजे चन्द्रमान एवम् पूर्णमानको नाममा आएको भनी जन्मदिने हाँगातर्फको अधिकार उल्लेख गरी आएबाट निजहरूको दाबी जिकिर कानूनसङ्गत नदेखिने।

पुनरावेदक वादीले बदरको दाबी जिकिर लिएको मिलापत्रको पृष्ठभूमि हेर्दा, मिति २०४९।८।२५ मा सर्वोच्च अदालतको पूर्ण इजलासबाट जोत बदर मुद्दामा विवादित कि.नं. ३९ को ७-३-० जग्गा र उक्त जग्गामा बनेको घरसमेतमा भैरवमान महर्जनको बाबु आशामान महर्जनको नाउँबाट भैरवमान महर्जनको नाममा जोताहा नामसारी हुने गरी फैसला भएको देखिन्छ । उक्त मोही नामसारी हुने गरी भएको फैसलाउपर नानीमाया प्रधानले फैसला बदर मुद्दा दायर गरेकोमा सुरू काठमाडौं जिल्ला अदालत तथा पुनरावेदन अदालत पाटनबाट समेत वादी दाबी नपुग्ने गरी भएको फैसलाउपर नानीमायाले सर्वोच्च अदालतमा पुनरावेदन गरेको र मिति २०५६।०८।२७ मा नानीमाया प्रधान र भैरवमान महर्जनबिच मिलापत्र भएको देखिन्छ। उक्त मिलापत्रबाट नानीमाया प्रधानले भैरवमान महर्जनलाई मोही नामसारी हुने गरी भएको फैसला बदर गरिपाउँ भनी वादी दाबी लिएकोमा आफ्नो सम्पूर्ण वादी दाबी छोडेको देखिन्छ । उक्त मुद्दामा नानीमायाँले विवादित जग्गा निजी गुठीको भनी दाबी गरेको र प्रतिवादीले राजगुठी भनी जिकिर लिएकोमा सर्वोच्च अदालतमा नानीमायाले निजी गुठी भन्ने दाबी छाडी राजगुठी कायम भएकोमा हाल यी पुनरावेदक वादीले पुन: निजी गुठी भन्ने दाबी जिकिर लिएको पाइने।

विवादित जग्गा राजगुठी वा निजी गुठी के हो भन्नेसम्बन्धमा हेर्दा, सो जग्गा राजा त्रिभुवन वीर बिक्रम शाहद्वारा लालमोहर प्राप्त भई स्थापित भएको गुठी देखिन्छ। जगन्नाथ गुठीको स्थापना १९८८ सालको लालमोहरबाट स्थापित भएको तथ्यलाई वादी कमला प्रधान र प्रतिवादी गुठी संस्थानले समेत स्वीकार गरेका छन्। २०१३ सालको लगतले काठमाडौं टेकु दोभानको जगन्नाथ गुठी श्री ५ सरकार गुठी लगत अड्डामा खडा भएको देखिन्छ। उक्त लगतबाट जगन्नाथ मन्दिरको पूजाआजा तथा व्यवस्थापन तत्कालीन सरकारबाट भइरहेको देखिने।

सामान्यतया राज गुठी भनेको राज्यद्वारा सञ्चालित, रेखदेख गरी आएको गुठी हो । राज गुठीअन्तर्गत रहेको गुठीहरूको रेखदेख, पूजाआजा गुठी संस्थानले गरी आएको हुन्छ। गुठीको पूजाआजा गर्नको निम्ति राजगुठीमा महन्तको नियुक्ति गुठी संस्थानले गरेको हुन्छ भने निजी गुठीमा महन्तको व्यवस्था वा अवधारणा नै हुँदैन। कुनै पनि गुठी राज गुठी हो वा निजी गुठी हो भन्ने प्रश्नमा महन्त नियुक्त भएको छ वा छैन भन्ने कुराले समेत निर्णायक भूमिका खेल्दछ। टेकु दोभान स्थित जगन्नाथ मन्दिरमा पनि महन्त कृष्णदास वैष्णव नियुक्त भई पूजाआजा गरी आएको बेहोरा मिति २०५०।५।३० मा गुठी संस्थानले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लेखेको पत्रबाट स्पष्ट रूपमा देखिने।

गुठी संस्थान ऐन, २०३३ को दफा २(घ) ले राजगुठी भन्नाले यो ऐन प्रारम्भ हुँदाको अवस्थामा गुठी संस्थानको हक दायित्व भई गुठी संस्थानले बन्दोबस्त र सञ्चालन गरी आएको गुठी सम्झनुपर्छ भनी परिभाषा गरेको छ। उक्त परिभाषा अनुसार २०३३सालभन्दा अघिदेखि नै यदि गुठी संस्थानले कुनै गुठीको सञ्चालन गरिआएको भएमा त्यस्तो गुठी राजगुठीअन्तर्गत नै पर्ने देखिन्छ। विभिन्न वर्गका जनताका बिच सु-सम्बन्ध कायम राख्ने र सर्वसाधारण जनताको आर्थिक हित र नैतिकता कायम राख्ने उद्देश्यका साथ गुठी तथा गुठी संस्थानको अवधारणा विकसित भएको देखिन्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा जगन्नाथ गुठीको सञ्चालन र बन्दोबस्त गुठी संस्थानले नै गरीआएको बेहोरा २०१३ सालको लगत, मिति २०५०।०५।३१ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लेखेको महन्त कृष्णदास वैष्णवलाई पुजारी नियुक्ति गरी आएको भन्ने पत्रबाटसमेत देखिन्छ। यसरी संस्थानले रेखदेख गरी परम्परा र संस्कृतिलाई जीवन्त तुल्याइरहेको

देखिन्छ । धर्म संस्कृति कुनै व्यक्तिविशेषको मात्र सम्पत्ति हुन सक्दैन । धर्म संस्कृति जस्तो विषयमा Public interest must prevail over individual interest भन्ने मान्यता रहन्छ । पहिल्यैदेखि राजगुठी भनी पूजाआजा गरी आएको त्यस्तो गुठीलाई निजी गुठी कायम गर्दा society as a whole लाई फाइदा हुनुभन्दा पनि कुनै व्यक्ति विशेषलाई मात्र फाइदा पुग्न जाने ।

गुठी संस्थानले च.नं. १२५१ को मिति २०५०।५।३१ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लेखेको उक्त पत्रबाट टेकु जगन्नाथको पूजा गर्न महन्त कृष्णदास वैष्णव हस्ते सक्रान्ती पर्व रू.४९३।-, शिवरात्री पर्व रू.५५०।-, कृष्ण अष्टमी पर्व रू.१,५९९.४०।-, वडा दशैँ पर्व रू.१,३५०।– आदि पर्वहरूमा खर्च लगी गुठी चलाई आएको कार्यालयको लगत किताबबाट देखिएको भनी लगतसहितको विवरण पठाएको देखिन्छ । उक्त पत्रबाट पनि गुठी संस्थानले नै गुठीको बन्दोबस्त गरी आएको कुरा निर्विवाद रूपमा देखिने ।

मिति १९८८।०३।३० समेतको लालमोहरबाट पुर्खा भावसिं प्रधानले प्राप्त गरेको निजी गुठीको जग्गालाई अन्यथा गरिएको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, मिति १९८८।०३।३० समेतको लालमोहरमा गुठी बिर्ता जानी भोग गर भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । यससम्बन्धमा बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ७(क) ले जग्गा कमाउनेले बिर्ता जग्गा दर्ता गराउन विर्तावालाको नाउँमा दर्ता भइसकेको वा राजगुठीअन्तर्गत पर्ने जग्गा नभई दरखास्तवालाको नाउँमा दर्ता भइसकेको वा राजगुठीअन्तर्गत पर्ने जग्गा नभई दरखास्तवालाको नाउँमा दर्ता गर्न हुने साबिकको बिर्ता जग्गा देखिएमा नेपाल सरकारले तोकेको शुल्क र दस्तुर लिई त्यस्तो जग्गा निजको नाउँमा दर्ता गरी दिनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यस्तो कानूनी व्यवस्था रहेको अवस्थामा समेत उक्त कि.नं.३९ को बिर्ता जग्गा दर्ता गराउन पुनरावेदक वादी कमला प्रधानसमेतले आवश्यक कामकारबाही गरी दर्ता गराएको भन्न सकेको नदेखिने ।

गुठी संस्थान ऐन,२०३३ को दफा १९ क.ले निजी गुठीका गुठियारले गुठीको लगत तोकिएबमोजिमको ढाँचामा संस्थानमा दिनुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी प्रावधानअनुसार पनि गुठियारहरूले आफूले गर्नुपर्ने काम कर्तव्य गरेको भन्न सकेको छैन । सो अवस्थामा उक्त जगन्नाथ गुठीलाई निजी गुठी हो भनी मान्न मिलेन । राजाहरूबाट लालमोहर गरी दिएको तथा व्यवस्थापन गरिएको गुठीलाई व्यक्तिले उक्त जग्गा दर्ता गरी मालपोत तिरो रकम तिरेको नदेखिएको अवस्थामा उक्त जगन्नाथको गुठी निजि गुठी अन्तर्गत हो भन्ने पुनरावेदक वादी कमला प्रधानको दाबी तर्कसङ्गत नदेखिने ।

प्रस्तुत मुद्दाको सन्दर्भमा पनि गुठी संस्थानले रेखदेख गरी आएको अवस्थामा कुनै व्यक्तिलाई मात्र फाइदा हुने गरी जगन्नाथ गुठिलाई निजी गुठी कायम गर्ने हक कसैलाई पनि नहुने हुँदा (ने.का.प २०७६, अङ्क ३, नि.नं.१०२२५) बैकुण्ठदास वैष्णव विरूद्ध गुठी संस्थान केन्द्रीय कार्यालय भएको उत्प्रेषण मुद्दामा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेत आकर्षित हुने ।

आफ्नो सासूबज्यै नाताकी व्यक्ति नानीमायाले दाबी छाडी मिलापत्र गरेबाट आफ्नो हकमासमेत असर परेको भनी मिलापत्र बदरमा मुद्दा गर्न आउने पुनरावेदक वादीहरूलाई उल्लिखित मुद्दाका सम्बन्धमा जानकारी थियो थिएन भन्नेतर्फ पनि विचार गर्नुपर्ने हुन्छ । कमला प्रधानको सासू नानीमाया प्रधानले सर्वोच्च अदालतबाट मिति २०४९।८।२५ मा भएको फैसला बदर गर्नका लागि काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरी वादी दाबी नपुग्ने फैसला भई पुनरावेदन अदालत पाटनबाट समेत सदर भएपश्चात सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा सर्वोच्च अदालतमा उक्त घर जग्गा गुठी अधीनस्थ हुने गरी आफ्नो वादी दाबी छाडी मिति २०५६।८।२७ मा मिलापत्र गरिसकेको अवस्था रहेको देखिने ।

उक्त मिलापत्र हुनुभन्दा अगाडि नै मिति २०५३।९।२८ मा नानीमाया प्रधान, कमला प्रधान र रामगोपाल खागीबिच एउटा त्रिपक्षीय करार भएको देखिन्छ । उक्त करारनामाबाट काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वार्ड नं. १२ को यही विवादित कि.नं. ७६ र २१ को जग्गाउपर पुनरावेदन अदालत पाटनमा मुद्दा चलिरहेकोमा नानीमाया प्रधानको नाममा कायम भई आउने हुँदा सो जग्गा कमला प्रधानले प्रतिरोपनी रू.५,००,०००।– का दरले १-१२-१ जग्गा खरिद गर्ने गरी रू.८,५०,०००।– बैना स्वरूप नानीमायालाई बुझाएको देखिन्छ । रामगोपाल खागीले पनि उक्त बाँकी रहेको ०-१४-०-२ जग्गा किन्ने गरी बैना स्वरूप रू.४,२५,०००।– बुझाएको उक्त करारनामाबाट देखिन्छ । सो करारनामाको साक्षी पुनरावेदक वादी कमला प्रधानको छोरा राजुकुमार प्रधानसमेत रही सहीछाप गरेका छन् । अदालतमा मुद्दा चलिरहेको विवादित जग्गाहरू नानीमाया प्रधानको नाउँमा आएमा खरिद गर्ने सर्त स्वीकारी पुनरावेदक कमला प्रधानले करार गरेको र उक्त करारमा वादी कमला प्रधानको छोरा राजुकुमार प्रधानसमेत साक्षी बसेको अवस्थामा सो जग्गा आफूहरूसमेतको हक लाग्ने भन्ने पुनरावेदक वादीको दाबी जिकिर कानूनसम्मत देखिएन । आफ्नोसमेत हक लाग्ने जग्गा भए रकम तिरी खरिद गर्नुपर्ने आवश्यक नै हुँदैन । उक्त करारबमोजिम उक्त जग्गा नानीमाया प्रधानको नाममा नआई खरिद गर्न नपाए पछि मात्र प्रस्तुत विवादको सृजना गरेको देखिन्छ । यसबाट पनि प्रस्तुत विवादका जग्गाहरूमा यी पुनरावेदकको निर्विवाद हक थियो भनी यकिन गर्न सकिने अवस्था नदेखिने ।

उक्त कि.नं. ३९ को घर जग्गा गुठी अधीनस्थ हुने सर्तमा फैसला बदर मुद्दामा वादी दाबी छाडी मिलापत्र गरेको र यसबाट सर्वोच्च अदालतबाट भएको मिति २०४९।८।२५ को फैसला कार्यान्वयन भई उक्त जग्गामा भैरवमान महर्जनको मोही कायम भई तहतह हक हस्तान्तरणसमेत भइसकेको देखिन्छ । वर्षौं मुद्दा गरेपश्चात् तहतह फैसला भई सर्वोच्च अदालतमा आई गरेको मिलापत्र बदर हुँदै जाने र आफूअनुकूल कार्य नभएपछि अघिल्लो पुस्ताले गरेको निर्णय थाहा भएन, चित्त बुझेन भन्दै मुद्दा गर्दै जाने हो भने फैसलाको अन्तिमता कहिल्यै हुँदैन र finality of judgement को सिद्धान्तविपरीत हुने ।

उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारबाट मिति ०५६।८।२७ को नानीमाया प्रधान र भैरवमान महर्जनबिच भएको मिलापत्रबाट पुनरावेदक वादी कमला प्रधानसमेतको हकमा असर परेको नदेखिँदा वादी दाबी नपुग्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्न मिलेन । मिति २०५६।८।२७ को मिलापत्र बदर गरिपाउँ भन्ने वादी कमला प्रधानको पुनरावेदन जिकिर तथा पुनरावेदकतर्फका विद्वान् कानून व्यावसायीहरूले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: मिति २०६१।०३।१५ मा काठमाडौं जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी भएको फैसलालाई सदर गर्ने गरी मिति २०६४।०६।१५ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल फागुन १९ गते रोज २ शुभम् ।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-१२२६, भोग बन्धकी खिचोला मेटाई हक कायम चलनसमेत, कृष्णदास बैष्णव वि. काठमाडौं महानगरपालिका, बागदरबार
- ०६६-CI-१२२७, लिखत बदर, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिका, काठमाडौं
- ०६६-CI-१२२८, गुठी धर्मलोप, कमला प्रधानसमेत वि. भैरवमान महर्जनसमेत
- ०६६-CI-१२२९, मिलापत्र बदर, कमला

प्रधानसमेत वि. मु.स. गर्ने नानीमैया प्रधानसमेत

- ०६६-CI-१२३०, मोही नामसारी बदर, कमला प्रधानसमेत वि. भैरवमान महर्जनसमेत
- ०६६-CI-१२३१, लिखत बदर, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिकासमेत
- ०६६-CI-१२३२, लिखत बदर, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिकासमेत
- ०६६-CI-१२३३, लिखत बदर, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिकासमेत
- ०६६-CI-१२३४, फैसला बदर, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिकासमेत
- ०६६-CI-१२३५, लिखत बदर, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिकासमेत
- ०६६-CI-१२३६, छोडपत्र दर्ता बदर, कमला प्रधानसमेत वि. पूर्णमान महर्जनसमेत
- ०६६-CI-१२३७, रैतानी परिणत धरौटी बदर, कमला प्रधानसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय भद्रकालीसमेत
- ०६६-CI-१२३८, करार बदर घोषित गरिपाउँ, कमला प्रधानसमेत वि. मु.स. गर्ने नानीमैया प्रधानसमेत
- ०६६-CI-१२४०, सगोलनामा लिखत बदर, कमला प्रधानसमेत वि. पूर्णमान महर्जनसमेत
- ०६६-CI-१२४१, मिलापत्र बदर, कमला प्रधानसमेत वि. मु.स. गर्ने नातीमाया प्रधानसमेत
- ०६६-CI-१२४२, मिलापत्र बदर, कमला प्रधानसमेत वि. नातीमाया प्रधानसमेत
- ०६६-CI-१२४३, लिखत दर्ता, कित्ताकाट बदरसमेत, कमला प्रधानसमेत वि. अनुत्तम उप्रेतीसमेत
- ०६४-CI-०९१५, शेषपछिको बकसपत्र बदर, हिराकाजी प्रधानसमेत वि. नानीमैया श्रेष्ठ (प्रधान)
- ०६४-CI-०९१६, नामसारी निर्णय बदर, कमला प्रधानसमेत वि. नानीमैया श्रेष्ठ प्रधान
- ०६४-CI-०९१७, शेषपछिको बकसपत्र बदर, कमला प्रधानसमेत वि. नानीमैया श्रेष्ठ प्रधान
- ०६४-CI-०९१८, गुठी धर्मलोप, कमला प्रधानसमेत वि. नानीमैया श्रेष्ठ प्रधान
- ०६४-CI-०९१९, गुठी धर्मलोप, हिराकाजी प्रधान वि. मु.स. गर्ने नानीमैया श्रेष्ठ प्रधान
- ०६६-CR-०८४९,जालसाजी, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिका टेकुसमेत
- ०६६-CR-०८५०, जालसाजी, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिका टेकुसमेत
- ०६६-CR-०८५१, जालसाजी, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिका टेकुसमेत
- ०६६-CR-०८५२, जालसाजी, कमला प्रधानसमेत वि. काठमाडौं महानगरपालिका टेकुसमेत

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CR-०४१९, ०७१-CR-०५८४, आगलागी, उमेश गिरी वि. नेपाल सरकार, अजय बर्मा वि. नेपाल सरकार*

प्रतिवादी उमेश गिरीले अदालतसमक्ष कसुरमा इन्कारी रही बयान गरेको भए तापनि अनुसन्धान अधिकारीसमक्ष जाहेरवालाले घुम्ती पसल राखेकोमा म तथा मिल्ने साथी अजय बर्माले घुम्ती पसलबाट उधारो सामान माग्दा नदिएको रिसमा दुवै जना मिति ०६७।१२।२ गते राति घुम्ती पसलमा गई

आगो लगाई भागेका हौं भनी बयान गरेको देखिने।

अर्का प्रतिवादी अजय बर्माले सहअभियुक्त उमेश गिरीको पोललाई आधार बनाउँदा अन्य स्वतन्त्र प्रमाणहरूबाट सो पोल समर्थित हुनुपर्दछ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, जाहेरवाला रियाज खाँले उमेश गिरी तथा अजय बर्माले घुम्ती पसलमा आगो लगाइदिएका हुन् भनी किटानी जाहेरी दिएको देखिन्छ। त्यस्तै गरी निज उमेश गिरीले अनुसन्धान अधिकारीसमक्ष अजय बर्मा र मेरो संलग्नतामा जाहेरवालाको घुम्ती पसलमा आगो लगाइदिएको हो भनी बयान गरेको देखिन्छ। घटना विवरण कागज गर्ने मानिसहरूले पनि अजय बर्मासमेतको आगो लगाउने कार्यमा संलग्नता थियो भनी कागज गरेको स्थितिमा सहअभियुक्तको पोललाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीहरूउपर लिएको अभियोग माग दाबीबमोजिमको कानूनी व्यवस्था हेर्दा, मुलुकी ऐन, आगो लगाउनेको महलको १ नं. ले कसैको नोक्सान गराउनका लागि जानी जानी आगो लगाउन, लगाउन लाउन र आगो लाउने उद्योग गर्न गराउनसमेत हुँदैन। कसैले लेखिएका काम गऱ्यो भने जति जना मानिस भई सो काम भएको छ उति जनालाई र मतलबीलाई समेत बात लाग्छ भनी उल्लेख भएको देखिन्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा पनि प्रतिवादीहरू अजय बर्मा र उमेश गिरीले जाहेरवाला रियाज खाँले आफ्नो घुम्ती पसलबाट उधारो नदिएको कारण सो रिसमा जाहेरवालाको घुम्ती पसलमा आगो लगाएको देखिँदा निजहरूले उक्त कानूनी प्रावधानको उल्लङ्घन गरेको देखिने।

अत: प्रतिवादीहरू अजय बर्मा र उमेश गिरीले मुलुकी ऐन, आगो लगाउनेको महलको १ नं. बमोजिमको कसुर गरेको देखिँदा निजहरूलाई ऐ. महलको ४ नं. बमोजिम जनही ६ महिना कैद र जाहेरवालाको क्षति भएको बिगो रू.१,३५,०००।– (रू.एक लाख पैंतिस हजार रूपैयाँ) प्रतिवादीहरूबाट जाहेरवालालाई दामासाहीले भराइदिने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७०।३।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल फागुन १७ गते रोज २ शुभम्।**

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०१३४, बन्दीप्रत्यक्षीकरण, राजकुमार घिमिरेसमेत वि. जिल्ला प्रहरी कार्यालय, कास्कीसमेत*

अमुक फौजदारी अभियोगको प्रसङ्ग देखाएर मानिसलाई पक्राउ गरी हिरासतमा राख्ने निर्बाध र स्वेच्छाचारी अधिकार कानूनले अनुसन्धान अधिकारीलाई प्रदान गरेको छैन। प्रत्येक थुनाको कानूनी आधार वा औचित्य प्रमाणित हुनुपर्दछ। अनुसन्धानका लागि अभियुक्तलाई हिरासतमा राख्न अनुमति माग गर्ने तथा अनुमति प्रदान गर्ने कुरा केवल औपचारिकता मात्र नभई उचित आधार र कारण उल्लेख गरेको हुनुपर्ने।

आधुनिक लोकतान्त्रिक तथा बहुलवादी समाजमा कुनै राजनीतिक आस्था, विचार र निष्ठालाई निषेध गर्नु सर्वथा अनुचित कुरा मानिन्छ। वर्तमान नेपाली समाज लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शमा आधारित खुला समाज हो। राजनीतिक आस्था र विचारलाई संरक्षण गरी समाजमा स्वतन्त्रतापूर्वक विचरण गर्न पाउने परिस्थिति निर्माण गर्नु आवश्यक देखिन्छ। फौजदारी कसुर र राजनीतिक विचार, आस्था वा निष्ठा फरक फरक कुरा हुन्। प्रचलित फौजदारी कानून प्रतिकूलका कार्य वा व्यवहारलाई राज्यले अवश्य नै कानूनको दायरामा ल्याउनुपर्दछ र दण्डित गर्नुपर्दछ सोमा विवादै भएन। तर राजनीतिक आस्था, विचार वा निष्ठा राखेको कारणबाट कुनै नागरिकउपर राज्यले प्रतिशोधपूर्ण व्यवहार गर्नु नहुने।

निवेदकहरूलाई कानूनद्वारा निर्दिष्ट प्रक्रिया र सर्तअनुसार हिरासतमा राखेको नदेखिएको र सो हिरासतमा राख्ने कार्य बदनियत एवम् प्रवृत्त धारणा राखी स्वेच्छाचारी तवरबाट भएको देखिएको हुँदा

निवेदकहरू राजकुमार घिमिरे, कुमार परियार, बिशाल श्रेष्ठ, यमप्रसाद भट्टराई र कालीबहादुर पाण्डेसमेत पाँच जनालाई फरक विचार र आस्था राखेकै कारण जिल्ला प्रहरी कार्यालय कास्कीले मिति २०७७।०८।८ मा पक्राउ गरी निजहरूलाई जिल्ला प्रहरी कार्यालय कास्कीमा गैरकानूनी थुनामा राखेको देखिएकोले विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत (उपसचिव): कोशलेश्वर झवाली

कम्प्युटर: कृष्णमाया खतिवडा

**इति संवत् २०७७ साल मंसिर २६ गते रोज ६ शुभम्।**

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६७-CI-१२९८, ०६७-CI-१४२४, बन्डापत्र बदर अंशचलन, परशुराम आचार्य वि. सिंहबहादुर आचार्यसमेत, इन्द्रमाया आचार्यसमेत वि. परशुराम आचार्य*

प्रत्यर्थी प्रतिवादी वासुदेव आचार्यका नाउँको कि.नं.३४७ को ज.रो. ०-५-०-० र सोमा बनेको घर वादीको पुनरावेदन जिकिरबमोजिम बन्डा हुनुपर्ने हो कि होइन भन्नेतर्फ विचार गर्दा, निज बासुदेव आचार्य मिति २०३५ सालदेखि नेपाल राष्ट्र बैंकमा सेवारत रही आएको देखिन्छ । निजले नेपाल राष्ट्र बैंकको नियम अनुसार उक्त जग्गा खरिद गर्न मिति २०३८।१०।८ मा रू.२५,०००।– ऋण लिएको र मिति २०३८।१०।१४ मा उक्त जग्गा रू.२५,०००।– मा खरिद गरेको भन्ने मिसिल संलग्न पेस भएका कागजातहरूबाट देखिन्छ । निज बासुदेव आचार्यले आफ्नो सेवा अवधिमा सेवारत बैंकबाट पटक-पटक ऋण कर्जा प्राप्त गरेको तथ्य नेपाल राष्ट्र बैंकको मिति २०६३।११।१८ गतेको पत्रबाट समेत पुष्टि हुन आएको देखिन्छ। यी पुनरावेदक वादीहरूबाहेक अन्य अंशियारहरूले पेस गरेको तायदाती फाँटवारीमा उक्त कि.नं. ३४७ को जग्गा नेपाल राष्ट्र बैंकमा नोकरी गरी सोबाट आएको तलब, सञ्चय कोष र घरजग्गा सापटी ऋण स्वरूप लिई खरिद गरेको बन्डा गर्न नपर्ने निजी सम्पत्ति भनी उल्लेख गरेको देखिन्छ । यसर्थ, प्रत्यर्थी प्रतिवादी बासुदेव आचार्यले उक्त कि.नं. ३४७ को जग्गा सगोलमा रहँदा बस्दाको अवस्थामा राजीनामाबाट खरिद गरेको देखिन आए तापनि प्रत्यर्थी प्रतिवादीको निजी आर्जनकै सम्पत्तिबाट जग्गा खरिद गरी घरसमेत निर्माण गरेको भन्ने पुष्टि हुँदा उक्त कि.नं. ३४७ को जग्गा र सोमा निर्माण भएको घर प्रत्यर्थी प्रतिवादी बासुदेव आचार्यको स्वआर्जनको निजी भनी पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा देखिएन । साथै प्रत्यर्थी प्रतिवादी राधादेवी आचार्यको नाउँमा दर्ता रहेको कि.नं. ३४८ को ज.रो. ०-६-१-२ जग्गा आफ्नो व्यवहारमा सहयोग गरेर रिझाएबापत पारू श्रेष्ठले निज राधादेवी आचार्यलाई हालैको बकसपत्रमार्फत हक हस्तान्तरण गरिदिएको भन्ने मिसिल सामेल रहेको मिति २०४१।११।२१ गते हालैदेखिको बकसपत्रको पारित लिखतको बेहोराबाट देखिन आयो। उक्त लिखतको बेहोरालाई समर्थन हुने गरी यी पुनरावेदक वादीबाहेकका अन्य अंशियारहरूले पेस गरेको तायदाती फाँटवारीमा बेहोरा उल्लेख गरेको देखिन्छ। यस अवस्थामा राधादेवी आचार्यको नाउँको उक्त जग्गा मुलुकी ऐन, अंशबन्डाको १८ नं. को कानूनी व्यवस्थाबमोजिम निजी तवरबाट बकसपत्रमार्फत प्राप्त निजी सम्पत्ति ठहर्ने हुँदा आफूखुस गर्न पाउने भनी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा मान्न नसकिने।

प्रत्यर्थी प्रतिवादी रामकृष्ण आचार्यको नाउँको कि.नं.२१७८ को ज.वि.०-१-० र कि.नं. ४८७ को ज.बि.०-२-५ जग्गाको सम्बन्धमा विचार गर्दा, उक्त जग्गा निजको नाउँमा राजीनामाबाट आएको देखिए पनि निज प्रत्यर्थी प्रतिवादीले नेपाल आयल निगममा मिति २०५२ सालदेखि जागिर खाएको तथ्यलाई पुनरावेदक वादीले समेत स्वीकार गरेका छन्। यी पुनरावेदक वादीबाहेक अन्य अंशियार प्रत्यर्थी प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीमा उक्त जग्गा निजले नेपाल आयल निगममा नोकरी गरी आएको तलब सुविधा तथा सञ्चयकोषको रकमबाट

खरिद गरी लिएको बन्डा गर्नु नपर्ने भनी दाबी लिएको देखिन्छ। उक्त अन्य अंशियारहरूको दाबीलाई अन्यथा प्रमाणित हुने कुनै तथ्ययुक्त विश्वसनीय प्रमाणहरू यी वादीहरूले पेस गर्न सकेको देखिँदैन। आयल निगममा सुब्बा पदमा २०५२ सालदेखि कार्यरत कर्मचारीले आफ्नै तलब, भत्ता र सुविधाहरूबाट उक्त जग्गा किन्न सक्ने नै देखिँदा उक्त जग्गा निजी आर्जनको भनी प्रतिवादीहरूले लिएको जिकिरलाई अन्यथा मान्न सकिएन। अंशबन्डाको १८ नं. ले अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको सम्पत्ति निजी आर्जनको हुने र त्यस्तो सम्पत्ति आफूखुस गर्न पाउँछ। बन्डा गर्न कर लाग्दैन भन्ने कानूनी व्यवस्थासमेतबाट उक्त जग्गा बन्डा गर्नुपर्ने अवस्था नभई निजी आर्जनको हुने भनी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा भन्न नमिल्ने।

अब, प्रतिवादीहरू श्यामकृष्ण आचार्य र इन्द्रमाया आचार्यको पुनरावेदन जिकिरमा उल्लिखित प्रतिवादी श्यामकृष्ण आचार्यको कि.नं.२८५ र प्रतिवादी इन्द्रमाया आचार्यको कि.नं.२८६ को जग्गाको बिचमा बनेको घरका सम्बन्धमा विचार गर्दा, पुनरावेदक वादीले परशुराम आचार्यले प्रत्यर्थी प्रतिवादीहरूबाट अंश पाउँ भनी दाबी गरी मिति २०६३।६।२९ मा फिराद दायर गरेको देखिन्छ। फिराद परेको दिन मिति २०६३।६।२९ गतेलाई मानो छुट्टिएको मिति कायम गरेको तथ्यलाई यी पुनरावेदक प्रतिवादीहरूसमेतले स्वीकार गरेको अवस्था छ। सुरू जिल्ला अदालतबाट मिति २०६३ ।४ ।८ गते भएको बन्डापत्रको लिखत बदर भएको र सो घर बनेको जग्गाहरूसमेत वादी दाबीबमोजिम अंशबन्डा हुने ठहरी फैसला भएको अवस्थामा मानो छुट्टिएको मितिभन्दा अगाडि उक्त जग्गामा निर्माण भएको घर बन्डा लाग्ने नै देखिन आयो। यस अवस्थामा प्रत्यर्थी प्रतिवादी श्यामकृष्ण आचार्यको कि.नं. २८५ र इन्द्रमाया आचार्यको कि.नं. २८६ को जग्गाको बिचमा भएको घरसमेत वादी दाबीबमोजिम बन्डा लाग्ने भनी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा मान्न नमिल्ने।

उपर्युक्त विवेचित आधार, प्रमाण र कानूनी व्यवस्थाहरूबाट तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७।९।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल फागुन ९ गते रोज १ शुभम्।**

यसैलगायतका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०७४४, लिखत दर्ता बदर, परशुराम आचार्य वि. सिंहबहादुर आचार्यसमेत।
- ०६८-CI-०७४५, लिखत दर्ता बदर, परशुराम आचार्य वि. सिंहबहादुर आचार्यसमेत।
- ०६८-CI-०७४६, लिखत दर्ता बदर, परशुराम आचार्य वि. सिंहबहादुर आचार्यसमेत।
- ०६८-CI-०७४७, बहाल र बाली भराइपाऊँ, परशुराम आचार्य वि. सिंहबहादुर आचार्यसमेत।
- ०६८-CI-०७४८, बहाल र बाली भराइपाऊँ, पूर्णकुमारी आचार्य वि. सिंहबहादुर आचार्यसमेत।
- ०६८-CI-०७४९, लिखत दर्ता बदर, पूर्णकुमारी आचार्य वि. सिंहबहादुर आचार्यसमेत।
- ०६८-CI-०७५०, लिखत दर्ता बदर, पूर्णकुमारी आचार्य वि. सिंहबहादुर आचार्यसमेत।
- ०६८-CI-०७५१, लिखत दर्ता बदर, पूर्णकुमारी आचार्य वि. सिंहबहादुर आचार्यसमेत।

## इजलास नं.२

१२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७६-CR-००८९, खुन डाँका र कर्तव्य ज्यान, नेपाल सरकार वि. गोपाल मादेन लिम्बू*

वारदातस्थलमा प्रतिवादी गोपाल मादेन लिम्बू उपस्थित रहेको देखिए पनि अन्य प्रतिवादीहरू हर्कबहादुर सार्की र खड्ग काम्बाङ्ग लिम्बूले प्रतिवादी गोपाल मादेन लिम्बूले मृतक विष्णुमाया लिम्बूलाई गोली हानी कर्तव्य गरी मार्नमा प्रतिवादी हर्कबहादुर सार्कीलाई वचन दिएको र वारदातस्थलमा समेत उपस्थित भई ज्यान मर्नमा संयोग पारी सहयोग गरेको भनी स्पष्ट रूपमा कहीँकतै उल्लेख गरेको देखिएन । त्यसैगरी मौकामा कागज गर्ने व्यक्तिहरूले पनि आफ्नो मौकाको कागज र अदालतसमक्षको बकपत्रमा मृतक विष्णुमाया लिम्बूलाई प्रतिवादी हर्कबहादुर सार्कीले गोली प्रहार गरी मारेको भनी स्पस्ट रूपमा लेखाए पनि यी प्रतिवादी गोपाल मादेन लिम्बूले अर्का प्रतिवादी हर्कबहादुर सार्कीलाई मृतक विष्णुमाया लिम्बूलाई गोली हानी मार्नमा के कस्तो तरहबाट वारदातस्थलमा उपस्थित भई संयोग पारी सहयोग गरेको हो भनी प्रस्ट रूपमा लेखाउन सकेको नदेखिने ।

प्रतिवादी हर्कबहादुर सार्की र खड्गबहादुर काम्बाङ्गको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयान बेहोराबाट डाँकाको वारदातमा प्रतिवादी गोपाल मादेन सम्मिलित हुँदा निजको सँगसाथमा कुनै पनि हातहतियार पनि नरहेको र प्रतिवादी हर्कबहादुर सार्कीले जाहेरवालाको श्रीमती विष्णुमायालाई गोली हानी हत्या गर्दाको अवस्थामा प्रतिवादी गोपाल मादेन घटनास्थलमा मौजुद रहेको भए पनि निजले मृतक विष्णुमाया लिम्बूलाई गोली प्रहार गरी मार्ने हर्कबहादुर सार्कीलाई के कसरी सहयोग गरेका हुन् भन्ने कुरा पुष्टि गर्न सकेको छैन । मिसिल संलग्न अन्य कुनै ठोस प्रमाणबाट पनि यी प्रतिवादी गोपाल मादेन लिम्बूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुर गरेको स्थापित हुन सकेको नदेखिएको अवस्थामा केवल आफ्नो सबुत प्रमाण पेस गर्न अदालतमा उपस्थित नभएको र वारदातको समयमा वारदातस्थलमा मौजुद रहेको भन्ने आधारमा मात्र मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिमको सजाय गर्न मिल्ने नदेखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (४) नं. को अवस्था नदेखिए तापनि मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादी र अन्य प्रतिवादीहरूबिच पूर्व सल्लाह र षड्यन्त्र गरी यी प्रतिवादीसमेत भई जाहेरवालाको घरमा डाँका गर्न गएको र सो वारदातमा मृतक विष्णुमाया लिम्बूले प्रतिकार गर्न खोज्दा निजलाई गोली हानी मारेको वारदातस्थलमा प्रतिवादी गोपाल मादेन लिम्बू पनि उपस्थित रहेको देखिँदा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ, प्रतिवादी गोपाल मादेन लिम्बूले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. को कसुर गरेको पुष्टि नभई रहेको अवस्थामा यी प्रतिवादी गोपाल मादेन लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम १० (दश) वर्ष कैद र मुलुकी ऐन, चोरीको महलको १७ नं. बमोजिम ३ (तीन) वर्ष कैद सजायसमेत हुने ठहऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. को दाबी नपुग्ने गरी सुरू झापा जिल्ला अदालतले मिति २०७३।१।२९ मा गरेको फैसला सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।८।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

**इति संवत् २०७७ मंसिर ३ गते रोज ४ शुभम् ।**

१३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७८-WH-००५८, बन्दीप्रत्यक्षीकरण,*

*डिल्लीप्रसाद ढुङ्गेल वि. काठमाडौं जिल्ला अदालत*

रिट निवेदकलाई लागेको मूल कैद वर्ष ५(पाँच) मिति २०७८।५।२८ मा भुक्तान भइसकेको, साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ९ नं. बमोजिमको थप सजाय हुन सक्ने व्यवस्था हाल मुलुकी अपराध संहिता, २०७४ मा नरहेको र निजलाई लागेको जरिवानासमेत निजले तिरिसकेको देखिँदा अन्य मुद्दा वा कारणबाट निजलाई थुनामा राख्नु नपर्ने भए प्रस्तुत अपहरण तथा शरीर बन्धक मुद्दाको रोहबाट यी निवेदक डिल्लीप्रसाद ढुङ्गेललाई थुना मुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७८ साल मंसिर ५ गते रोज १ शुभम् ।**

**१४**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-०९९६, उत्प्रेषणयुक्त परमादेश, गमली थापा क्षेत्री वि. किरण थापामगरसमेत*

रिट निवेदक गमली थापामगर भन्ने गमली थापा क्षेत्रीले सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६४।४।२९ मा भएको फैसलाबमोजिम रीतपूर्वक तामेल भएको म्याद बुझी पुनरावेदन नगरी बसेको देखिएको र मिति २०६६।२।२७ मा सुरू फैसलाबमोजिम गरिएको बन्डा मुचुल्का (फैसला कार्यान्वयन) मिति २०६६।३।१९ को आदेशले अन्तिम भई साधारण अधिकार क्षेत्रबाट कारबाही भई टुङ्गिएको विषयमा ११ वर्षपछि आफूलाई थाहा जानकारी नै नदिई सुरू अदालतको फैसलाबमोजिम गरिएको मिति २०६६ ।२ ।२७ गतेको बन्डा मुचुल्का बदर गरिपाउँ भनी विलम्बसमेत गरी असाधारण अधिकारक्षेत्रबाट प्रवेश गरेको रिट निवेदिका गमली थापामगर भन्ने गमली थापा क्षेत्रीको रिट निवेदन कानूनसम्मत नभएको हुँदा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने ।

तसर्थ, रिट निवेदक गमली थापामगर भन्ने गमली थापा क्षेत्रीले साधारण अधिकार क्षेत्रबाट कारबाही भई टुङ्गिएको विषयमा ११ वर्षपछि असाधारण अधिकारक्षेत्रमार्फत लिएको माग दाबी औचित्यपूर्ण नभई निवेदन माग दाबीबमोजिमको उत्प्रेषणको आदेश जारी हुने ।

इजलास अधिकृत : ध्रुवबहादुर कुँवर

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७८ साल असोज १५ गते रोज ६ शुभम् ।**

**१५**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१५८४, लागु औषध, नेपाल सरकार वि. सुनिल डि.सी.*

वादी पक्षले प्रस्तुत मुद्दाका प्रतिवेदक सशस्त्र प्रहरी सहायक निरीक्षक ज्ञानेन्द्रप्रसाद सुवेदीलाई अदालतसमक्ष उपस्थित गराई बकपत्र गराएको अवस्था देखिँदैन । प्रतिवादीले बरामद भएको लागु औषध आफूले सेवनको लागि ल्याएको भनी सेवनमा साबित रहेको निजको बयान बेहोराबाट देखिन्छ । प्रतिवादीका साक्षी सनम रावतले अदालतमा उपस्थित भई प्रतिवादीले लागु औषध सेवन गरेको मेरो आँखाले देखेको छैन । घरको टेन्सनले गर्दा कहिलेकाहीँ सेवन गर्छन् भन्ने सुनेको हुँ तर निज लागु औषध कारोबार गर्ने मानिस होइनन् भनी प्रतिवादीको जिकिरलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन आउँछ । यसरी बरामद भएको लागु औषध प्रतिवादीले सेवन गर्ने प्रयोजनको लागि लिई आएको मिसिलबाट पुष्टि भएको देखिँदा पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोगदाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिर एवम् नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिएन । तसर्थ, प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) को कसुरमा ऐ. को दफा १४(१)(ज) बमोजिम कैद महिना २(दुई) र जरिवाना रू.२,००० ।- (दुई हजार

रूपैयाँ) हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः बरामद भएको लागु औषध सेवन गर्ने प्रयोजनको लागि लिई आएको भन्ने प्रतिवादीको बयान रहेको देखिएको, सेवनबाहेक अन्य प्रयोजनको लागि खरिद गरेको भन्ने पुष्टि हुने कुनै प्रमाण वादी पक्षबाट पेस दाखिला भएको अवस्था नरहेको, प्रतिवेदकले समेत अदालतसमक्ष उपस्थित भई बकपत्र गरेको अवस्था नभएको समेतका माथि उल्लिखित आधार, कारणबाट पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०३।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गम्भीर घिमिरे

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७८ साल मंसिर २४ गते रोज ६ शुभम् ।**

## इजलास नं.३

### १६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CR-१५७२, जबरजस्ती करणी, नेपाल सरकार वि. रामप्रसाद अधिकारी*

प्रतिवादीले पीडित जाहेरवाली नाम परिवर्तित ०४९-४/०७०,०७१ लाई करणी गर्ने इच्छा भएकोले निजको छातीमा हात छिराई स्तन खेलाउँदा पीडितले केही नभनेपछि निजले लगाएको कपडा तल तानी भुइँमा सुताई निजमाथि चढी करणी गर्न खोज्दा पीडित जाहेरवाली कराएपछि प्रतिवादी भागेको भनी मौकाको बयानबाट देखिएको र अदालतसमक्ष प्रतिवादीले पीडित जाहेरवालीको स्तन समातेको, स्तन समाउँदा पीडित जाहेरवालीले कुनै प्रतिकार गरेको नभई उक्त समयमा महिलाहरूले के गरेको भनी चिच्याएपछि भागेको भन्ने बेहोरा बयानमा उल्लेख गरेको देखिएबाट प्रत्यर्थी प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गर्न खोजेको तर जबरजस्ती करणी हुन नसकेको तथ्यलाई स्वीकार गरेको देखिएबाट जबरजस्ती करणीको उद्योग वारदात स्थापित भएको देखिन्छ । पीडित जाहेरवालीले जाहेरी दरखास्तमा अन्यायी रामप्रसाद अधिकारीले मैले लगाएका कपडा खोली मलाई भुइँमा लडाई ममाथि चढी जबरजस्ती करणी गर्न थालेकोमा म चिच्याई कराएपश्चात् निजले उक्त कार्य गर्न छाडी गएको भनी लेखाएबाट पनि जबरजस्ती करणी भई नसकेको अवस्था देखिन्छ । पीडितको स्वास्थ्य प्रतिवेदनमा पीडितको कन्याजाली च्यातिएको नदेखिएको, निजको योनि गुप्ताङ्ग सुन्निएको घर्षण रातोपन नरहेको साथै निजले लगाएको कट्टुमा कुनै पदार्थलगायत अन्य दागहरू नदेखिएको भनी उल्लेख भएबाट प्रत्यर्थी प्रतिवादीले जबरजस्ती करणी गरेको नभई जबरजस्ती करणीको उद्योगको वारदातमा प्रत्यर्थी प्रतिवादी रामप्रसाद अधिकारीलाई जबरजस्ती करणीको उद्योगमा सजाय हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखिने ।

अतः प्रतिवादी रामप्रसाद अधिकारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं.बमोजिम कसुरमा सोही ऐनको ५ नं.बमोजिम पीडितलाई जबरजस्ती करणी गर्ने उद्योगको सजायमा पीडित १६ वर्षभन्दा कम उमेर भएको देखिँदा प्रतिवादी रामप्रसाद अधिकारीलाई उक्त महलको ३ (३) नं. बमोजिम न्यूनतम सजाय ६(छ) वर्षको आधा ३ वर्ष कैदको सजाय हुने र पीडितलाई क्षतिपूर्तिबापत रू.२५,०००।– (पच्चिस हजार रूपैयाँ) प्रतिवादीबाट भराइदिने ठहर गरेको चितवन जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।२४ को फैसला सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: शोभाकर खरेल

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ आषाढ २२ गते रोज २ शुभम् ।**

**१७**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-RB-०७२८, बैंकिङ कसुर, नेपाल सरकार वि. गीता पाण्डेय*

आफ्नो खातामा जाहेरवालालाई दिनुपर्ने रकम रू.१,६०,०००।- नभएको जानी जानी प्रतिवादी गीता पाण्डेयले जाहेरवालालाई चेक काटी दिएको र उक्त चेक जाहेरवालाले बैंकमा साट्न जाँदा चेकले खाम्ने पर्याप्त रकम प्रतिवादीको खातामा नभएकोले चेक बाउन्स भएको हुँदा प्रतिवादीको उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) विपरीत भएकोले सोही ऐनको दफा १५(१) बमोजिम हुन माग दाबी लिएको र जाहेरी दरखास्त दर्ता भएपछि प्रतिवादीका पति भीमदत्त पाण्डेयले जाहेरवालाको खातामा जाहेरवालाले प्रतिवादी गीता पाण्डेयबाट पाउनुपर्ने रकम रू.१,६०,०००।- जम्मा गरेको र सो रकम मैले पाइसकँ भनी जाहेरवालाले कागजसमेत गरिदिएकोले बिगोको हकमा कुनै दाबी लिएको छैन भन्ने अभियोगपत्र पेस भएको देखिएको छ । सुरू अभियोगपत्रमा बिगोतर्फको दाबी लिएको नदेखिएकोमा यस अदालतमा पुनरावेदन गर्दा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरी बिगो रू.१,६०,०००।- प्रतिवादीबाट जाहेरवालालाई दिलाई भराई पाउन लिएको पुनरावेदन जिकिर कानूनसम्मत र युक्तिसङ्गतसमेत रहेको नदेखिएकोले विपक्षी झिकाइपाउँ भनी पुनरावेदकतर्फबाट प्रस्तुत भएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानीजानी चेक काटी भुक्तानी लिन वा दिन नहुने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ भने सोही ऐनको दफा १५(१) मा कसैले दफा ३ को खण्ड (क), (ख), (ग), दफा ४ वा दफा ११ बमोजिमको कुनै कार्य गरेमा कसुरको मात्राअनुसार दश हजार रूपैयाँसम्म जरिबाना हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादीबाट पाउनुपर्ने रकम पाइसकेको भनी जाहेरवालाले कागज गरिदिएकोले बिगोतर्फ कुनै दाबी नलिएको भन्ने अभियोगपत्र रहेको देखिएको र जाहेरवालाले प्रतिवादीबाट पाउनुपर्ने रकम पाइसकेको भनी अदालतमा बकपत्र गरिदिएको देखिएको हुँदा जाहेरवाला र प्रतिवादीबिचको कारोबार मिलिसकेको अवस्था देखिन्छ । यसर्थ व्यक्तिगत प्रकृतिको कारोबारमा व्यवहार मिलिसकेको स्थितिमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत सजाय हुन सक्ने अवस्था नदेखिँदा अभियोग मागदाबीको बैंकिङ कसुर चेक अनादर मुद्दा व्यक्तिवादी भई चल्ने मुद्दा देखिँदा प्रस्तुत मुद्दामा प्रवेश गरी अगाडि बढाउन परेन । अभियोग दाबी खारेज हुने ठहर्छ भनी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।१०।२३ मा भएको फैसला अन्यथा मान्नुपर्ने नदेखिने ।

तसर्थः जाहेरवाला मदननाथले आफूले प्राप्त गर्नुपर्ने रकम पाइसकेको भनी कागज गरी अदालतसमेतमा बकपत्र गरेको देखिएबाट जाहेरवालाले प्रतिवादी गीता पाण्डेयबाट पाउनुपर्ने रकम पाइसकेको देखिएको स्थितिमा बिगो भराई सजाय गर्नुपर्ने अवस्थाको अभाव रहेको हुँदा अभियोग दाबी खारेज हुने ठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७५।१०।२३ मा भएको फैसला सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर
फैसला तयार गर्ने (शाखा अधिकृत): रोशनकुमार झा
कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७६ चैत्र ३ गते रोज २ शुभम् ।**

**१८**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-WO-१२१३, उत्प्रेषण परमादेश, आशिष / श्याम एण्ड शङ्कर जे.भी., काठमाडौं वि. सङ्घीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतसमेत*

निवेदक जे.भी. र विपक्षी सङ्घीय आयोजना

कार्यान्वयन इकाइ सुर्खेतबिच मिति २०७५।६।१ मा भएको ठेक्का सम्झौता, उक्त ठेक्काको लागि भएको बोलपत्र र बोलपत्रलगायतका कागजातसमेतमा यी निवेदकलाई सुर्खेत जिल्लाको भेरीगंगा नं.पा. वडा नं.८ को गोचेखोलामा अस्थायी क्रसर उद्योग स्थापना वा सञ्चालन गर्न अनुमति दिने भन्ने कुरा उल्लेख भएको देखिएको छैन । निवेदक जे.भी.ले निवेदनमा उल्लेख गरेको उक्त भेरीगंगा नगरपालिकाको सहमतिपत्र तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेतको सिफारिसपत्र पेस दाखिला गर्न सकेको मिसिलबाट देखिएको छैन । रिट क्षेत्रमा प्रवेश गर्नका लागि कानूनबमोजिम अधिकार सिर्जना भएको तथ्य स्थापित गर्नुपर्दछ । कानूनबमोजिम अधिकारको सृष्टि नै नभएको स्थितिमा उपर्युक्त कानूनबमोजिमको प्रक्रिया पूरा नगरी क्रसर उद्योग सञ्चालन गर्न पाउनुपर्दछ भनी रिट क्षेत्र आकर्षित गर्न मिल्ने नदेखिने ।

मूलतः सघन सहरी विकास कार्यक्रमअन्तर्गत सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकाको मुख्य सहरीक्षेत्र एयरपोर्ट-कालुन्चोक-गणेशचोकको सडक र नाला निर्माण तथा स्तरोन्नतिको लागि यी निवेदक र विपक्षी सङ्घीय आयोजना कार्यान्वयन इकाइ, सुर्खेतबिच सम्झौता भएको देखिएबाट निवेदक र विपक्षी सङ्घीय आयोजना कार्यान्वयन इकाइ, सुर्खेतबिच भएको उक्त ठेक्का सम्झौताबमोजिमको कार्य सम्पन्न गर्नका लागि कानूनतः बाधा पर्ने नदेखिने ।

यसप्रकार माथि विश्लेषण भए मुताबिक निवेदन मागअनुसार ठेक्का सम्झौतामा तोकिएको निर्माण कार्य सम्पन्न गर्ने अवधिसम्म बाँकी निर्माण कार्य गर्नका लागि उक्त गोचेखोलाको क्रसर उद्योग सञ्चालन गर्न, सोबाट निर्माण सामग्री उत्पादन गर्न र उत्पादित निर्माण सामग्री ढुवानी गर्न दिनु भनी विपक्षीहरूका नाउँमा उत्प्रेषण, परमादेशलगायतका आदेश वा पुर्जी जारी गर्न मिल्ने देखिन नआउने ।

ठेक्काको अवधिसमेत बढाउनको लागि समय माग गरेको सम्बन्धमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ को उपदफा (२) मा तोकिएको आधारमा अधिकारप्राप्त अधिकारीले अवधि बढाउन सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यस कानूनी व्यवस्थाअनुसार करारको अवधि बढाउने वा नबढाउने भन्ने विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताबमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा सात दिनअगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिएमा अधिकारप्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्न वा गराउन सक्ने छ । त्यसरी जाँचबुझ गर्दा वा गराउँदा निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा छ महिनासम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढीको अवधि विभागीय प्रमुखले थप गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । निवेदक जे.भी.ले सो कानूनी प्रावधानबमोजिम सम्बन्धित सार्वजनिक निकायमा ठेक्काको अवधि बढाई पाउन निवेदन दिएको भन्ने निवेदन बेहोराबाट नदेखिने ।

यसका अतिरिक्त निवेदक जे.भी. र विपक्षीमध्येका सङ्घीय आयोजना कार्यान्वयन इकाइ, सुर्खेतबिच १ आश्विन २०७५ मा भएको ठेक्का सम्झौता (CONTRACT AGREEMENT) को अन्तिम वाक्यांशमा "...the parties hereto have caused this Agreement to be executed in accordance with the laws of Nepal on the day, month and year indicated above." भन्ने उल्लेख भएको देखिनुका साथै आशिष/श्याम एण्ड शङ्कर जे.भी. निवेदक रहेको यसै लगाउको ०७५-WO-१२१० को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा निवेदक र विपक्षीबिच भएको ठेक्का सम्झौताको General Condition of Contract (GCC) को कागजातसमेतबाट निवेदन मागबमोजिम ठेक्काको समयावधि बढाउने वा नबढाउने भन्ने

विषय कामको प्रगतिको अवस्था हेरी के कति समय बढाउनुपर्ने हो या होइन भनी यकिन गरी निर्णय गर्न सकिने प्रकृतिको कानूनी व्यवस्था र सम्झौताको प्रावधानसमेत रहेको देखिएको अवस्थामा निवेदकको निवेदन मागबमोजिम रिट क्षेत्राधिकारबाट ठेक्का सम्झौताबमोजिमको बाँकी निर्माण कार्य सम्पन्न गर्ने समयावधि थप गर्न आदेश वा पुर्जी जारी गर्न मिल्नेसमेत देखिएन भनी आजै यस इजलासबाट ठेक्काको अवधि थप गर्न आदेश वा पुर्जी जारी गर्न नमिल्ने ठहर भएबाट सोही आधार र कारणसमेत बमोजिम प्रस्तुत रिट निवेदनमासमेत ठेक्काको अवधि बढाउन निवेदन मागबमोजिम आदेश वा पुर्जी जारी गर्न मिल्ने नदेखिने।

तसर्थः सडक तथा नाला (Drain) निर्माण तथा सडक स्तरोन्नतिलगायतको कार्यको निमित्त क्रसर उद्योग स्थापना र सञ्चालनको लागि अनुमति दिनुपर्ने भन्ने व्यवस्था निवेदक आशिष/श्याम एण्ड शङ्कर जे.भी. र विपक्षीमध्येका सङ्घीय योजना कार्यान्वयन इकाइ, सुर्खेतबिच भएको मिति २०७५।६।१ को ठेक्का सम्झौता तथा ठेक्काको बोलपत्रसमेतका कागजातमा उल्लेख भएको नदेखिनुका साथै निवेदकको अस्थायी क्रसर उद्योग कानूनबमोजिम स्थापना भएकोसमेत नदेखिएकोले ठेक्का सम्पन्न गर्नुपर्ने अवधिसम्म क्रसर उद्योग सञ्चालन गर्न दिनु भनी निवेदन मागबमोजिम उत्प्रेषण, परमादेशलगायतको आदेश वा पुर्जी जारी गर्न मिल्ने देखिन आएन। साथै निवेदक जे.भी. ले सम्बन्धित सार्वजनिक निकायमा प्रचलित कानूनबमोजिम ठेक्काको अवधि बढाई पाउन निवेदन दिएकोसमेत नदेखिएकोले निवेदन मागबमोजिम थप समय उपलब्ध गराइदिनु भनी आदेश वा पुर्जी जारी गर्न मिल्नेसमेत देखिन आएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७६ साल भदौ ५ गते रोज ५ शुभम्।**

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-WO-१२१०, उत्प्रेषणयुक्त परमादेश, आशिष/श्याम एण्ड शङ्कर जे.भी. काठमाडौं वि. घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेतसमेत।
- ०७५-WO-१२११, उत्प्रेषणयुक्त परमादेश, आशिष/श्याम एण्ड शङ्कर जे.भी.काठमाडौं वि. घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेतसमेत।
- ०७५-WO-१२१४, उत्प्रेषण / परमादेश, महालक्ष्मी/किराँतेश्वर/प्रदिप जे.भी. काठमाडौं वि. डिभिजन सडक कार्यालय, चौरजहारी रूकुमसमेत।
- ०७५-WO-१२१५, उत्प्रेषण परमादेश, महालक्ष्मी/किराँतेश्वर/प्रदिप जे.भी.काठमाडौं वि. डिभिजन सडक कार्यालय, चौरजहारी रूकुमसमेत।

**१९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CR-१६५४, ०७४-CR-०११२, मानव बेचबिखन तथा ओसारपसार, हेमन्ती भट्ट वि. नेपाल सरकार, धर्मानन्द भन्ने पल्लवराज भट्ट वि. नेपाल सरकार*

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को देहाय (क) बमोजिमको कसुर अपराधमा यी पुनरावेदक प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम सजाय हुनको लागि किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेशमा लगेको वारदात स्थापित हुनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी हेमन्ती भट्टले नाम परिवर्तित कञ्चनपुर "व" कुमारीलाई मैले भारतको वनबासा पुलसम्म पुऱ्याइदिएकी हुँ, वनबासा पुलबाट मेरो श्रीमान् धर्मानन्द भट्ट भन्ने पल्लवराज भट्ट जिम्मा लगाएको हो भन्ने निजको बयान रहेको देखिन्छ। उक्त आपराधिक कार्यमा निजको पति पुनरावेदक प्रतिवादी धर्मानन्द भन्ने पल्लवराज भट्टको पनि संलग्नता भएको देखिएको

छ । जाहेरवालाले यी पुनरावेदक प्रतिवादीहरूउपर किटानी जाहेरी दिएको देखिएको छ। मलाई कसैले पनि बेचबिखन गरेको होइन। प्रतिवादी पल्लवले फोनमार्फत बोलाएकोले म वनबासा गएकी थिएँ भन्नेसमेत पीडित नाम परिवर्तित कञ्चनपुर “व” कुमारीको अदालतको बकपत्र बेहोरा रहेको देखिन्छ । यसप्रकार पीडित “व” कुमारीलाई भारतको वनबासासम्म पुऱ्याएको भन्ने तथ्य स्थापित भएको देखिएको छ। तथापि पुनरावेदक प्रतिवादी हेमन्ती भट्टले भारत वनबासा पुलसम्म पुऱ्याउने कार्य किन्न, बेच्न वा वेश्यावृतिमा लगाउने उद्देश्य नै रहेको भन्ने तथ्य उल्लिखित पीडितको अदालतको बकपत्रसमेतबाट स्पष्ट रूपमा देखिएको अवस्था छैन। यी पुनरावेदक प्रतिवादीहरू र भारतीय मानिसहरू आई छोरीलाई भारतमा बिक्री गरेको भनी जाहेरी बेहोरामा उल्लेख गरे तापनि सो तथ्यलाई प्रमाणित गर्न प्रमाणहरू मिसिल सामेल देखिएको छैन। अभियोगपत्रमा अन्य भारतीय व्यक्ति रहेको भनिएकोमा त्यस्ता व्यक्तिउपर अनुसन्धान गरी अभियोग दाबी लिएको नदेखिएको।

यसरी मिसिल संलग्न कागजप्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरूले पीडित नाम परिवर्तित कञ्चनपुर “व” कुमारीलाई विदेशसम्म लगेको भन्ने तथ्य स्थापित भएकोमा किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नै लगेको भन्ने वारदात वस्तुनिष्ठ रूपमा स्थापित हुन सकेको देखिँदैन । यसरी पीडित नाम परिवर्तित कञ्चनपुर वर्ष १३ की “व” कुमारी नाबालिगलाई निजको संरक्षकबाट छुटाई विवाह गरिदिने भ्रममा पारी विदेशसम्म पुऱ्याएको तथ्य स्थापित भएको देखिएकोले उक्त कसुरमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (२) को देहाय (ख) को कसुरमा दफा १५को उपदफा (१) को देहाय (छ) बमोजिम “खण्ड (ङ) र (च) मा लेखिएदेखिबाहेक उक्त ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद सजाय हुने” भन्ने कानूनी व्यवस्थाबमोजिम यी पुनरावेदक प्रतिवादीहरूलाई सजाय गर्नुपर्नेमा उक्त ऐनको दफा ४ को उपदफा (२) को देहाय (क) बमोजिमको कसुरमा पुनरावेदक प्रतिवादीहरूलाई सोही ऐनको दफा १५(१)(ङ)(१) को सजाय गर्ने गरी भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।१०।४ को फैसला उक्त हदसम्म मिलेको नदेखिने।

अतः यी पुनरावेदक प्रतिवादीहरूलाई मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ४ को उपदफा (२) को देहाय (क) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम प्रतिवादीहरूलाई जनही १५(पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने र प्रतिवादीहरू दुवै जनाबाट पीडितलाई सोही ऐनको दफा १७ बमोजिम रू.१,००,०००।- (एक लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिने गरी कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७३।१।२१ मा भएको फैसला सदर हुने ठहऱ्याई भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।१०।४ को फैसला सो हदसम्म मिलेको नदेखिएकोले केही उल्टी भई पीडित नाम परिवर्तित कञ्चनपुर वर्ष १३ की “व” कुमारी नाबालिगलाई निजको संरक्षकबाट छुटाई विवाह गरिदिने भ्रममा पारी विदेशसम्म पुऱ्याएको तथ्य स्थापित भएको देखिएकोले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) को कसुरमा पुनरावेदक प्रतिवादीहरू हेमन्ती भट्ट र धर्मानन्द भन्ने पल्लवराज भट्टलाई उक्त ऐनको दफा १५(१)(छ) बमोजिम जनही १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: शोभाकर खरेल

स.क.अ.: रवि दुवाल

**इति संवत् २०७७ साउन १२ गते रोज २ शुभम्।**

**२०**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा. न्या.श्री कुमार रेग्मी,** *०७७-WO-०२२८, उत्प्रेषण परमादेशसमेत, पूर्णप्रसाद पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सत्य निरूपण तथा मेलमिलाप आयोगको छानबिनबाट सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घनको घटनामा पीडित देखिन आएमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २३ तथा सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ३२ र ३३ बमोजिम पीडितलाई परिपूरण, उपचार, सुविधा तथा सहुलियत ऐन तथा नियमावलीको प्रक्रिया पूरा गरी आवश्यकताअनुसार आयोगले नेपाल सरकारसमक्ष सिफरिस गर्न सक्ने देखिन्छ । ऐ.ऐनको दफा २३ को उपदफा (२) को देहाय (१) मा आयोगले उपयुक्त सम्झेमा पीडित वा अवस्थाअनुसार निजको परिवारको कुनै सदस्यलाई नि:शुल्क शिक्षा तथा स्वास्थोपचार, सीपमूलक तालिम, बिनाब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारको सुविधा, आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्ने भन्ने व्यवस्थासमेत रहेको देखियो । यस कानूनी व्यवस्थाअनुसार विस्तृत छानबिन गर्नुअगाडि प्रारम्भिक छानबिनबाट सशस्त्र द्वन्द्वबाट पीडित भएको हो भन्ने देखिएको अवस्थामा निःशुल्क स्वास्थ्य उपचारलगायत आयोगले उपयुक्त सम्झेको सुविधा वा सहुलियत उपलब्ध गराउन सक्ने नै देखिन्छ । निवेदक पूर्णप्रसाद पौडेल मिति २०५८ ।०८ ।१३ मा नेपालगन्जको बि.पी. चौकबाट गिरफ्तार भई लामो समयसम्म चिसापानीगढी स्थित हात्तिसार ब्यारेकमा हिरासतमा रहेकै अवस्थामा मिति २०५८।०९।२४ गते निजको घरमा रहेको नगद पाँच लाख रूपैयाँ बराबरको धन सम्पत्ति लुटिएको र श्रीमती खगिसरा पौडेल, छोरी कमला पौडेल र बालकुमारी पौडेल तथा छोरा राजेन्द्र पौडेल र नारद पौडेललाई कुटपिट गरिएकोमा नारद पौडेलको सेनाको कुटपिटबाट मानसिक असर बढेपछि मृत्यु हुन पुगेको, निवेदक पूर्णप्रसाद पौडेलले सम्पत्ति क्षतिबापत कुनै राहत नपाएको औषधी उपचारसमेत नपाएको तथ्य पूर्णप्रसाद पौडेलले सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिनुभएको उजुरी तथा निजकी श्रीमती खगिसरा पौडेलको उजुरी दर्ता नं.८० (दर्ता मिति २०७३।०१।१३), मिति २०७३।०२।१४ मा दिएको उजुरी दर्ता नं.८२७ (दर्ता मिति २०७३।०२।२०) र मिति २०७४।०५।१४ मा दिएको उजुरी दर्ता नं.६९०१ (दर्ता मिति २०७५।०५।१७) तथा सत्य निरूपण तथा मेलमिलाप आयोगबाट पेस भएको लिखित जवाफबाट देखिने

तसर्थ: निज निवेदक पूर्णप्रसाद पौडेललाई निजले माग गरेको उपचार गर्दा भएको खर्च र त्यससँग सम्बन्धित कागजातहरूसमेतको आधारमा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा २३ तथा सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ३३ बमोजिम स्वास्थ्योपचार खर्च र अन्य आवश्यक सुविधा तथा सहुलियतसहितको सुविधा आदेशप्राप्त भएका मितिले १५ दिनभित्र नेपाल सरकारसमक्ष सिफारिस गर्नु र ऐ.ऐनको दफा २३(ख) र सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ११ र ३३ समेतको प्रयोजनका लागि विस्तृत छानबिन आदेश प्राप्त भएका मितिले ३ महिनाभित्र टुङ्ग्याउनु भनी विपक्षी नं.४ सत्य निरूपण तथा मेलमिलाप आयोगका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ मंसिर २१ गते रोज १ शुभम् ।**

**२१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-WO-०६७५, उत्प्रेषणयुक्त परमादेश, वीरसिंह भाटसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

आफू माथिल्लो तहमा स्तर वृद्धि भएपछि माथिल्लो तहमा वृद्धि भएअनुसारको पदनाम पाउने वैधानिक अपेक्षा (Legitimate expectation) हुनु स्वाभाविक हुन्छ । सो कुरालाई कानूनले पनि बन्देज लगाएको देखिएन । समायोजन गरी पदस्थापन

नहुन्जेलसम्म पदनाम दिन नमिल्ने भन्ने विपक्षीहरूको लिखित जवाफ उक्त कानूनी व्यवस्थाअनुकूल रहेको देखिन आएन । स्तरवृद्धि भएपछि दिइने पदनामकै आधारमा समायोजन गरी पदस्थापन गर्न कानूनी अड्चन रहेकोसमेत देखिँदैन । समायोजन पदस्थापना नभएसम्म निवेदकहरूले पदनामअनुसार समायोजन पदस्थापन हुने पदको काम पाउनुपर्ने भन्ने माग पनि देखिँदैन। साथै स्तर वृद्धि भएपछि साबिक अ.हे.व. चौथो र अनमी चौथो तहको काम गर्न इन्कार गरेको अवस्था पनि देखिएन । तसर्थ, स्तर वृद्धि गरिएअनुसारको पदनामसम्म नदिइएकोले पदनाम कायम गरिपाउँ भन्ने निवेदकहरूको निवेदन माग देखिएको र स्तर वृद्धि भएअनुसारको पदनाम नदिइएकोसम्मको विपक्षीहरूको उक्त काम कानूनअनुरूपको नदेखिने

तसर्थ: उपर्युक्त व्यवस्थाबमोजिम सुदूरपश्चिमाञ्चल निर्देशनालय, दिपायल डोटीको मिति २०७१।२।२५ को निर्णयले निवेदकमध्ये वीरसिंह भाट, नैनसिंह ऐरी, लोकेन्द्रबहादुर ऐर, इन्द्रसिंह विष्ट, देवदत्त भट्ट, जनकराज भट्ट र नरेन्द्रसिंह महता तथा प्रेमसागर भट्ट मिति २०६७।६।१०, वीरबहादुर बोहरा मिति २०७१।३।२, नरेन्द्रनाथ मिति २०६५।७।१८, जनकसिंह धामी र केशवराज जोशी मिति २०७१।३।१, नन्दराज भट्टलाई मिति २०७१।२।२७ मा अ.हे.व. पाँचौं तहमा र कल्पना मल्ल र गोमा आचार्य मिति २०७१।२।२१ र भुवनेश्वरी भट्ट मिति २०७१।२।१९ को निर्णयले अ.नं.मि. पाँचौं तहमा स्तर वृद्धि गर्दा पदनामसम्म नदिइएको निर्णय र सो निर्णयका आधारमा यी निवेदकहरूलाई स्तर वृद्धि गर्दा पदनामसम्म उल्लेख नगरी सोका आधारमा जारी गरिएका पत्रहरू नमिलेकोले सो हदसम्म सो निर्णय र पत्रहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको ।

अब निवेदकहरूमध्ये वीरसिंह भाट, नैनसिंह ऐरी, लोकेन्द्रबहादुर ऐर, इन्द्रसिंह विष्ट, देवदत्त भट्ट, जनकराज भट्ट, नरेन्द्रसिंह महता, प्रेमसागर भट्ट, वीरबहादुर बोहरा, नरेन्द्रनाथ, जनकसिंह धामी, केशवराज जोशी, नन्दराज भट्टलाई स्तरवृद्धि भएको पाँचौं तहको पदनाम सि.अ.हे.व. र कल्पना मल्ल, गोमा आचार्य र भुवनेश्वरी भट्टलाई पाँचौं तहमा स्तरवृद्धि भएको सि.अ.नं.मी. पदनाम कायम गरी पत्र दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७८ आश्विन ७ गते रोज ५ शुभम् ।**

## २२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७१-WO-१०३८, उत्प्रेषणयुक्त / परमादेश, शिवशरण पण्डित कुम्हारसमेत वि. सुकुम्बासी समस्या समाधान, जिल्ला समिति जलेश्वरसमेत*

निवेदकहरूले कि.नं.१९ को जग्गा प्रत्यर्थी सुकुम्बासी समस्या समाधान जिल्ला समिति, महोत्तरीको मिति २०५८।३।२० गतेको निर्णयले अमिरी यादवको नाममा गएको जिकिर गरे पनि सो आयोगको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफमा मिति २०५८।३।२० गते कि.नं. १९ को जग्गा अमिरी यादवलाई उपलब्ध गराउने निर्णय भएको देखिँदैन । यस अदालतले सुकुम्बासी समस्या समाधान आयोगसमेतको मिति २०५८।३।२० गतेको निर्णय माग गरी भूमिसुधार तथा मालपोत कार्यालय महोत्तरीलाई पत्रचार गर्दा सो कार्यालयले यस अदालतलाई मिति २०७६।४।१६ गते मिति २०५८।३।२० गतेको निर्णयसहितका कागजात फेला नपरेको भनी पत्र लेखेको देखिँदा कि. नं. १९ को जग्गा प्रत्यर्थी सुकुम्बासी समस्या समाधान आयोगसमेतको मिति २०५८।३।२० गतेको निर्णयले अमिरी यादवको नाममा गएको भनी बदर माग गरेको भए पनि सो जग्गा अमिरी यादवको नाममा जाने निर्णय भएको देखिने कुनै प्रमाण पेस हुन नसकेको र कि.नं. १९ को जग्गा अमिरी यादवको नाममा दर्ता स्रेस्ता तयार भई दा.खा. समेत भइसकेको नदेखिने ।

निवेदकहरूले सुकुम्बासी समस्या समाधान जिल्ला समिति, महोत्तरीले निवेदन दाबीको जग्गा मिति २०५८।३।२० गते प्रत्यर्थी अमिरी यादवको

नाममा दर्ता गर्ने निर्णय गरी दा.खा. दर्ता गर्नसमेत गरेको कार्य बदर गरिपाउँ भनी निवेदन दायर गरेकोमा महोत्तरी जिल्ला, खुट्टा पिपराढी गा.वि.स. वडा नं. ६(ख), कि.नं. १९ को जग्गा निज अमिरी यादवको नाममा दर्ता गर्ने गरी निर्णय भएको र सोअनुरूप दर्ता श्रेष्ता खडा गरी दा.खा. गरेको भन्ने नदेखिएको हुँदा निवेदकको मागअनुसार रिट जारी हुन सक्ने नदेखिने।

अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७८ साल भदौ २७ गते रोज १ शुभम्।**

**२३**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१४७३, जबरजस्ती करणी, हेटौंडामा बन्दी रहेको चुकीया कठरिया वि. नेपाल सरकार*

परिवर्तित नाम कैलाली ७१ सन्जिताका संरक्षक (निजका बुबा) ले दिएको किटानी जाहेरी दरखास्त र निजले सुरू अदालतमा समेत आई उक्त जाहेरी दरखास्तको तथ्य बेहोरालाई पुष्टि र समर्थन हुने गरी गरेको बकपत्र, साथै पीडित वर्ष ४ की नाबालिग कैलाली ७१ सन्जिता (नाम परिवर्तित) को आफ्नो संरक्षक आमाको रोहबरमा गरेको मौकाको कागज र उक्त कागजको तथ्य बेहोरालाई पुष्टि र समर्थन गर्दै सुरू अदालतमा समेत गरेको बकपत्र, मौकामा बुझिएकी सरस्वती खडायत, पुष्पलाल शर्मा र वस्तुस्थिति मुचुल्काका पवनकुमार बोगटीसमेतले जाहेरवालाको जाहेरी दरखास्तको तथ्य बेहोरालाई पुष्टि र समर्थन गर्दै सुरू अदालतमा गरेको बकपत्र र स्वयम् यी प्रतिवादी चुकीया कठरियाले आफूले पीडितलाई हातले हिर्काउँदा निजको गुप्ताङ्गमा लाग्न गई मेरो नङ्गले सो भागमा कोतारिन गएको हुनसक्दछ तर जबरजस्ती करणीको कसुर अपराध गरेको होइन भनी यस अदालतमा इन्कारी बयान गरे तापनि पीडित नाबालिगले गरेको कागज र सुरू अदालतमा गरेको बकपत्रको तथ्य र जाहेरवालाको जाहेरी दरखास्तको तथ्य बेहोरालाई पुष्टि र समर्थन हुनेगरी घटनाक्रम तथ्यलाई स्पष्ट पार्दै निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानका साथै योनिको वरिपरि सुन्निएको र कोतारिएको घाउचोटसमेत देखिएको भन्ने बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादी चुकीया कठरियाविरूद्ध कसुर स्थापित हुने यथेष्ट सबुद एवम् स्वतन्त्र प्रमाण मौजुद रहेको देखिएकोले उच्च अदालतले निज प्रतिवादी चुकीया कठरियालाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीको १ नं. को कसुर अपराधमा ऐ.को ३(१) नं.बमोजिम १२(बाह्र) वर्ष कैद र ऐ.को १० नं. तथा १०(ग) बमोजिम प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिबापत रू.५०,०००।- (पचास हजार) भराइदिने गरी जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी गरेको फैसला मनासिब नै देखिने।

तसर्थ, सुरू कैलाली जिल्ला अदालतको मिति २०७२।३।२१ को फैसलालाई सदर गरेको उच्च अदालत दिपायलको मिति २०७४।११।०९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल चैत्र २४ गते रोज ३ शुभम्।**

**इजलास नं.४**

**२४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-१७०७, ०७५-CR-०९४६, कर्तव्य ज्यान, ध्रुव परियार वि. नेपाल सरकार, नेपाल सरकार वि. ध्रुव परियार*

मृतक कमला परियार र प्रतिवादी ध्रुव परियारबिच वारदात मितिपूर्व पनि झै–झगडा भई प्रतिवादी ध्रुव परियारले मृतकको ज्यान लिनुपर्नेसम्मको रिसइवी भएको भन्ने कहीँकतैबाट पुष्टि हुन सकेको छैन। मृतकको मृत्यु अन्यत्र नभई अस्पतालमा जाँदा उपचारको क्रममा कमला परियारको मृत्यु भएको

देखिन्छ । अतः प्रस्तुत वारदात घटना भवितब्यबाट भएको भन्ने पुष्टि हुन नआउने ।

प्रतिवादी ध्रुव परियार र मृतक कमला परियार श्रीमान् श्रीमती भएको र निजहरू वारदात हुँदाको दिनसम्म सँगै सँगै परिवारमा सँग साथमा रहे बसेको देखिन्छ । घर परिवारमा श्रीमान् श्रीमतीको बिचमा कहिले काहीँ वादविवाद र कुटपिट हुने गरे तापनि यी दुईको बिचमा ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी थियो भनी वादी पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ नं. बमोजिम प्रमाण पुर्‍याई दाबी पुष्टि गर्न सकेको देखिँदैन । घरायसी विवादका कारण तत्काल आवेशमा आई यी प्रतिवादीले कमला परियारको छातीमा समेत जोडले हान्दा कमला परियारको उपचारको क्रममा मृत्यु भएको भन्ने देखिन आउँदछ । यसको साथै यदि प्रतिवादीले श्रीमतीलाई मार्ने मनसाय राखी कुटपिट गरेको भए निजले आफ्नो श्रीमतीलाई तत्काल उपचारको लागि काठमाडौं मनमोहन अस्पतालसम्म लैजाने र उपचारको प्रयास गर्ने स्थिति पनि हुने थिएन । यसबाट पनि प्रतिवादी ध्रुव परियार श्रीमतीसँग घरायसी विवादमा आवेशमा आई कुटपिट गर्दा निजको उपचारको क्रममा मृत्यु भएको पुष्टि हुने ।

अत: विवेचित आधार, कारणसमेतबाट सुरू धादिङ जिल्ला अदालतबाट प्रतिवादी ध्रुव परियारलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर्‍याई भएको मिति २०७३।११।०१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी उच्च अदालत पाटनबाट मिति २०७४।११।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

**इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम् ।**

२५

मा.**न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-००१०, कर्तव्य ज्यान, मिमबहादुर घर्ती वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको वस्तुस्थिति अवस्था तथा मौकामा बुझिएका सुमित्रा घर्ती मगर, नरबहादुर बुढा मगर, दामोदर थापा, अमरबहादुर थापा ,चन्द्रबहादुर थापासमेतका व्यक्तिहरूले सुरू अदालतमा आई बकपत्र गर्दा तथा प्रतिवादी मिमबहादुर घर्ती मगरले अनुसन्धान अधिकारीसमक्ष तथा सुरू अदालतमा आई बयान गर्दा मृतक टिकारामलाई सामान्य विवादमा धकल पकल हुँदा प्रतिवादीलाई रिस उठी सो तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई त्यही आँगनमा भएको काठको दाबिलोले एकपटक मात्र टिकारामलाई हान्दा टाउकोमा लाग्न गई उपचारको क्रममा मृत्यु हुन गएको भनी लेखाइदिएको देखिन्छ । यसरी प्रतिवादीले मृतकको टाउकोको हड्डी फुटने गरी काठको दाबिलोले प्रहार गरी टाउकोमा गम्भीर चोट लाग्न गई उपचारको क्रममा मृत्यु हुन गएको देखिँदा भवितव्यको कसुर मान्न मिलेन । उपर्युक्तानुसारको अवस्थाको विद्यमानता रहेको परिप्रेक्ष्यमा प्रतिवादीले जिकिर लिएअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कानूनी व्यवस्थाअनुसारको अवस्थाको विद्मानता नरहेको अवस्था हुँदा प्रतिवादीले लिएको जिकिरसँग सहमत हुन नसकिने ।

वादविवाद झैझगडा गालीगलौज धकेला धकेल भई आवेश उत्पन्न भएको र सोही आवेशमा आई आत्मसंयम गुमाई प्रतिवादीले काठको दाबिलोले मृतकको टाउकोमा कडा प्रहार गर्न पुगी टाउकोमा हड्डीसमेत fracture हुन गएको देखिन्छ । उक्त वारदातमा प्रतिवादीले मृतकको टाउकोमा प्रहार गरेको भनिएको काठको दाबिलोसमेत मौकामा बरामद भएको भन्ने मिति २०७३।१२।१५ को घटनास्थल मुचुल्काबाट देखिएको छ भने सो मौकामा बरामद भएको काठको दाबिलो उक्त वारदातमा मृतकको टाउकोमा प्रहार गरेको हो भनी प्रतिवादीले अनुसन्धानको क्रममा तथा सुरू अदालतमा बयान गर्दा स्वीकार गरी सनाखतसमेत गरिदिएको देखिन्छ । यसबाट, प्रतिवादीले काठको दाबिलोले मृतकको टाउकोमा कडा प्रहार गर्न पुगी टाउकोमा हड्डीसमेत fracture हुन गएको भन्ने तथ्य प्रमाणबाट पुष्टि भइरहेको हुँदा

प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसारको कसुर गरी मृतकलाई कर्तव्य गरी मारेको देखिने।

तसर्थ, उपर्युक्तबमोजिमका तथ्यगत प्रमाणहरू हेरी जाहेरी दरखास्त र जाहेरवालाले अदालतमा गरेको बकपत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतमा गरेको बयान, सुमित्रा घर्ती मगरसमेतका व्यक्तिहरूले मौकामा गरेको कागज र अदालतमा गरेको बकपत्र, लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतका सबुद प्रमाणहरूबाट प्रतिवादी मीमबहादुर घर्ती मगरले सामान्य झगडा हुँदा एक्कासी काठको दाबिलोले मृतकको टाउकोमा प्रहार गरेको र सोही प्रहारबाट मृतकको मृत्यु भएको स्पष्ट देखिएको हुँदा तत्काल उठेको रिसको आवेगमा काठको दाबिलोले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको१४ न बमोजिम १० वर्ष कैदको सजाय गर्ने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्छ भनी उच्च अदालत सुर्खेतबाट मिति २०७४।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटरः राधिका घोरासाइने

**इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम्।**

**२६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-०१०२, कर्तव्य ज्यान, विमल राउत वि. नेपाल सरकार*

वारदात स्थलमा लट्ठी, इँट्टासमेत बरामद हुनु र त्यस्तै प्रकृतिको वस्तुको चोटको कारण मृत्यु भएको देखिँदा यी पुनरावेदक प्रतिवादीले तीनै बरामद भएका वस्तुले पीडितलाई प्रहार गरेको भन्ने तथ्य उपर्युक्त उल्लिखित आधार, कारणहरूबाट थप पुष्टि हुन आउँछ । जसबाट जाहेरवाला तथा घटना विवरणका मानिसहरूले अदालतमा आई गरेको बकपत्र प्रतिवादीलाई बचाउने उद्देश्यका साथ गरेको भन्ने प्रस्ट देखिन आउँछ । यसकारण मृतकको उमेर ७५ वर्ष रहेको र आफ्नै बिरामी आमालाई कोठामा दिसा पिसाब गरेको भन्ने सामान्य विषयको आधारमा मादक पदार्थ सेवन गरी प्रतिवादीले इँट्टा जस्तो कडा वस्तुले समेत कुटपिट गरेको कारण मृतकको मृत्यु भएको देखिने।

घटनास्थलमा बरामद भएको सामानहरू, लास जाँच मुचुल्का, पोष्टमार्टम रिपोर्टमा उल्लिखित बेहोराबाट बिरामी भएको ७५ वर्षकी आमालाई प्रतिवादीले नै कुटपिट गरी मारेको पुष्टि हुन आउने।

तसर्थ, विवेचित आधार कारणसमेतबाट प्रतिवादी विमल राउतलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट भएको मिति २०७३।१२।१५ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, दाङबाट भएको मिति २०७४।०९।१३ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटरः राधिका घोरासाइने

**इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम्।**

**२७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-०२८४, लागु औषध(खैरो हिरोइन), नेपाल सरकार वि. विष्णु श्रेष्ठसमेत*

प्रतिवादीहरू विष्णु श्रेष्ठ र उत्तम श्रेष्ठको साथबाट लागु औषध बरामद भएको देखिँदैन । घटनाको दिन गाउँले दिदीको कोठामा भेटघाट गर्न आफूहरू आएको अवस्थामा प्रतिवादी लक्ष्मी बस्नेतको कोठाबाट आफूहरू पक्राउ परेको स्वीकार गरे तापनि निजहरूको सँग साथबाट लागु औषध बरामद भएको पाइँदैन। निजहरू लागु औषधको सेवनकर्ता वा बिक्री वितरण गर्ने खालका हुन् भन्ने सहअभियुक्तहरूको पोलसमेत रहे भएको देखिँदैन ।

कसुर ठहर भएका अन्य प्रतिवादीहरू सिना भन्ने लक्ष्मी बस्नेत, लक्ष्मी के.सी. र रमेश भन्ने राजेश महर्जनले यी दुई प्रतिवादीहरू विष्णु श्रेष्ठ र उत्तम श्रेष्ठलाई पोलसम्म गरेकोअवस्था छैन । यी प्रतिवादीहरू लागु औषध ओसार पसार तथा बिक्री वितरण गर्दै गरेको अवस्थामा पक्राउ परेको भन्ने पनि नदेखिने।

प्रतिवादीहरू विष्णु श्रेष्ठ र उत्तम श्रेष्ठ प्रतिवादी लक्ष्मी बस्नेतको कोठामा बहिनी भेट्नसम्म गएको भनी बयान गरेको र अरू प्रतिवादीहरूले समेत यी दुई प्रतिवादीहरूउपर पोलसम्म गरेको अवस्था नभएको, यी प्रतिवादीहरूले अनुसन्धान र अदालतसमक्ष इन्कार भई बयान गरेको र पुनरावेदक वादी नेपाल सरकारले यी प्रतिवादीहरूको कसुर खम्बिर हुने प्रमाण पेस गर्न सकेको नदेखिएको अवस्थामा यी दुई प्रतिवादीहरूले वादी नेपाल सरकारको अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई मिति २०७३।८।२१ मा उच्च अदालत पाटनबाट भएको फैसला मनासिब नै देखिने।

अतः विवेचित आधार, कारण तथा कानूनी व्यवस्था र प्रतिपादित नजिर सिद्धान्तसमेतबाट यी प्रत्यर्थी प्रतिवादीहरू विष्णु श्रेष्ठ र उत्तम श्रेष्ठलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१/२/११ मा भएको फैसला सदर हुने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७३।८।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटरः राधिका घोरासाइने

**इति संवत् २०७६ साल चैत्र ४ गते रोज ३ शुभम्।**

**२८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुस्मालता माथेमा,** *०७५-CR-१७३४, ०७७-CR-०१००, वैदेशिक रोजगार, नेपाल सरकार वि. श्रीकृष्ण घिसिङ तामाङ, श्रीकृष्ण घिसिङ तामाङ वि. नेपाल सरकार*

आफूले दाबी लिएको कुराको प्रमाण पुऱ्याउने भार पुनरावेदक वादी पक्षको हुनेमा त्यस्तो प्रमाण पेस गर्न नसकेको अवस्थामा जाहेरी तथा बकपत्रका आधारमा मात्र बिनाप्रमाण हातैमा बुझाएको भनिएको रू.२,२०,००० ।– (दुई लाख बिस हजार रूपैयाँ) को थप बिगो कायम हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादीसँग वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत पत्र नरहेको भन्ने कुरामा विवाद नदेखिने । पुनरावेदक प्रतिवादीले निजका नाउँमा आएको रकम होटल बिलबापतको हो भनी पुनरावेदनमा जिकिर लिए पनि उक्त कुरा प्रमाणसहित पुष्टि गर्न नसकेको।

प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीत कसुर गरेको प्रमाणित हुन आएकोले निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम ३ वर्ष कैद तथा रू.३,००,००० ।– (तीन लाख रूपैयाँ) जरिवाना गरी जाहेरवालाको बिगो रू.१,८०,०००।– र सो को ५०% ले हुने हर्जानासमेत प्रतिवादीबाट भराइपाउने र दाबीबमोजिमको अन्य खर्च रू.६७,६००समेत प्रतिवादीबाट भरिपाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०३।१९ मा भएको फैसला अन्यथा नभई मनासिब देखिन आयो। उक्त फैसलालाई उल्टी गरी आफूलाई सफाइ हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन।

तसर्थः माथि विवेचित आधार, प्रमाणबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।०३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७७ साल चैत्र १७ गते रोज ३ शुभम्।**

- यसै लगाउको ०७७-CR-००९८, वैदेशिक रोजगार कसुर, श्रीकृष्ण घिसिङ तामाङ वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२१७४, कर्तव्य ज्यान, अरूण लामा वि. नेपाल सरकार*

प्रस्तुत मुद्दाको घटना परिस्थिति हेर्दा प्रतिवादीले मृतकलाई मार्ने पूर्वयोजना तथा पूर्वइवीसमेत नभए तापनि निजले बन्दुक जस्तो जोखिमी हतियार बिनाइजाजत आफ्नो घरमा लुकाएर राखेकोमा सोही जोखिमी हतियारको प्रयोगबाट मृतकको मृत्यु भएको देखिन्छ । उक्त वारदातमा बन्दुक पड्केर मृतकलाई लागी निज ढलेपश्चात् यी प्रतिवादी अरूण लामासमेतले सरसल्लाह गरी अपराध लुकाउने प्रयास गरी लासलाई तन्नामा बेरेर वारदात स्थल भन्दा अन्यत्र स्थानमा लगेर फाली योजनाबद्ध ढङ्गले कसुर लुकाउने छिपाउने कार्यशैली अपनाएको अवस्थामा मुलुकी ऐन, अ.बं. १८८ नं. को प्रयोग गर्नु मनासिब हुने नदेखिने।

अतः उल्लिखित आधार, कारणबाट काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला सदर गरी पुनरावेदक प्रतिवादी अरूण लामालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला सदर हुने भए तापनि हाल प्रचलित मुलुकी अपराध संहिता, २०७५ को दफा १७७(२) र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम निजलाई जन्मकैदको सजाय मात्र हुने तथा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद गर्ने गरी सुरू जिल्ला अदालतबाट राय लगाउने मनासिब नहुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७५।०५।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनिता गुरूङ

**इति संवत् २०७७ साल असार १४ गते रोज १ शुभम्।**

३०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-०५०५, घर उठाई जग्गा खिचोला मेटाई दर्ता बदर गरी चलन, हरिराज लिम्बूसमेत वि. रामप्रसाद खरेल*

दाबीको जग्गामा प्रतिवादीले घरसमेत बनाई खिचोलासमेत गरेको भन्ने वादी दाबी र वादी दाबीको जग्गामा प्रतिवादीले बनाएको घरसमेत पर्छ, पर्दैन ? वादीको जग्गा प्रतिवादीले खिचोला गरे नगरेको के हो ? भनी मुख नमिलेको कुरामा मुलुकी ऐन, अ. बं.१७१ नं.बमोजिम नापनक्सा एवम् सम्बद्ध अन्य प्रमाणसमेत बुझी न्यायिक निष्कर्षमा पुग्न प्रमाण बुझी इन्साफ गर्नुपर्ने हुने।

वादी दाबी र प्रतिबाद जिकिरबिच मुख नमिलेको कुरामा प्रमाण बुझी इन्साफ गर्नुपर्नेमा सुरू जिल्ला अदालतबाट बुझ्नुपर्ने प्रमाणहरू नबुझी फैसला गरेको देखिँदा सुरू जिल्ला अदालतबाट मिति २०७१।७।१६।१ को फैसला मिलेको नदेखिँदा बदर गरी वादी प्रतिवादी दुवै पक्षको जग्गा एवम् त्यसमा भएको घर साँध सिमानासमेत देखिने गरी मुलुकी ऐन, अ.बं.१७१ नं.बमोजिम नापनक्सा गरी सो जग्गासँग सम्बन्धित अन्य जे जो बुझ्नुपर्ने प्रमाणसमेत बुझी फैसला गर्न उपस्थित पक्ष विपक्षसमेतलाई तारेख तोकी मिसिल सुरू अदालतमा पठाइदिनेसमेत ठहर्छ भनी पुनरावेदन अदालत इलामबाट मिति २०७२।२।२० मा भएको फैसला मिलकै देखिने।

यसमा पुनरावेदन अदालत इलामबाट मुलुकी ऐन, अ. बं.१७१ नं.बमोजिम नापनक्सा एवम् सम्बद्ध अन्य प्रमाणसमेत बुझी इन्साफ गर्न सुरू जिल्ला अदालतमा पठाएको देखियो । वादीको नाउँमा जग्गा दर्ता रहेको भन्ने जग्गाधनी प्रमाण पुर्जाबाट देखिन्छ । सर्वे नापी हुँदा निजको साबिक दर्ता रहेको जग्गा के कहाँ पर्ने रहेछ, साबिकको नक्सा ट्रेस र हाल सर्वे नक्साको ट्रेस सिटहरू भिडाई हेरिनुपर्ने हुन्छ। जिल्ला अदालत झापाले प्रस्तुत मुद्दामा नाप नक्सा नै नगरी दाबी नपुग्ने गरी फैसला गरेको देखिन्छ । वादीको दर्ता र प्रतिवादीको दर्ताबमोजिमको जग्गा स्थलगत रूपमा नै नाप नक्सा गरी प्रमाण बुझी किनारा गर्न मनासिब हुन्छ। पुनरावेदकले आफ्नो भएको तथ्य नाप

नक्सा हुँदा भन्न लेखाउन पाउने अवसर रहेकै छ । कानूनबमोजिम कार्यविधि पूरा गरी प्रमाण बुझी फैसला गर्न पठाएको पुनरावेदन अदालत इलामको फैसलामा कुनै त्रुटि नदेखिने ।

वादी प्रतिवादी दुवै पक्षको जग्गासमेत देखिने गरी मुलुकी ऐन, अ.बं.१७१ नं.बमोजिम नापनक्सा एवम् सम्बद्ध अन्य प्रमाणसमेत बुझी न्यायिक निष्कर्षमा पुग्नुपर्नेमा सो केही नगरी भएको सुरू झापा जिल्ला अदालतको मिति २०७१।७।१६।१ को फैसला मिलेको नदेखिँदा बदर गरी वादी प्रतिवादी दुवै पक्षको जग्गा एवम् त्यसमा भएको घर साँध सिमानासमेत देखिने गरी मुलुकी ऐन, अ.बं.१७१ नं.बमोजिम नापनक्सा गरी सो जग्गासँग सम्बन्धित अन्य जे जो बुझ्नुपर्ने प्रमाणसमेत बुझी फैसला गर्न उपस्थित पक्ष विपक्षसमेतलाई तारेख तोकी मिसिल सुरू अदालतमा पठाइदिनेसमेत ठहर्छ भनी पुनरावेदन अदालत इलामबाट मिति २०७२।२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटर: देबिमाया खतिवडा (देबिना)

**इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम् ।**

**३१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१०८५, हक निखनाई पाऊँ, कृष्णबहादुर खड्का वि. मंगली खत्री*

वादीले दाबी लिएको कि.नं.३५१ को सन्दर्भमा हेर्दा, वादीको कि.नं. ३५१ को जग्गाको दक्षिण साँधमा प्रतिवादीको विवादित कि.नं.३५२ को जग्गा रहेको देखिन्छ । वादीको कि.नं.३५१ को जग्गा र प्रतिवादीको कि.नं.३५२ को जग्गाको एकातर्फको साँधसम्म जोडिएको देखिन्छ । अदालतबाट मिति २०६८।९।२२ मा भई आएको नक्सा मुचुल्का हेर्दा वादीको कि.नं.३५१ को जग्गाको पश्चिममा बाटो रहेको भन्ने देखिन्छ । यसरी वादीको कि.नं.३५१ को जग्गाको पश्चिममा बाटो रहेको भन्ने देखिएको अवस्थामा निजको कि.नं. ३५१को जग्गामा आवतजावत गर्न बाटो निकास बन्द हुने, सिँचाइका लागि कुलो छेकिने, बन्द हुने तथा घाम पानी नलाग्ने इत्यादि कुराहरूमा अवरोध पुग्ने जस्तो अवस्था देखिँदैन । वादीको कि.नं.३५१ को जग्गादेखि पश्चिमतर्फबाट बाटो रहेको अवस्थामा सो बाटो भएर वादीको उक्त कि.नं.३५१ को जग्गामा आवतजावतलगायतका सुविधा प्रयोग गर्न पाउने अवस्थाको विद्यमानता रहेको नै देखिँदा प्रतिवादीको कि.नं.३५२ को जग्गा नभई नहुने सन्धिसर्पन पर्ने भन्ने लिएको जिकिर कानूनसङ्गत एवम् तर्कसङ्गत रहेको नदेखिने ।

वादी नाम दर्ताको कि.नं.३५० र ३५३ को जग्गा एकअर्कासँग जोडिएर रहेको देखिन्छ । वादीको कि.नं. ३५० को पूर्वमा कि.नं.३५३ र कि.नं.३५३ को जग्गाको पूर्वमा बाटो रहेको देखिन्छ । उक्त वादीको कि.नं.३५३ को जग्गाको दक्षिण पश्चिमतर्फ विवादित कि.नं.३५४ को जग्गा रहेको देखिन्छ । सो प्रतिवादीको कि.नं.३५४ को जग्गाको पनि दक्षिण पश्चिमतर्फ वादीको कि.नं.३५५ को जग्गा रहेको देखिन आउँछ । यसरी हेर्दा विवादित कि.नं.३५४ को जग्गाको पश्चिम दक्षिण उत्तर तीनै साँधमा वादीको जग्गा रहेको देखिने ।

उपर्युक्त स्थितिलाई दृष्टिगत गर्दा प्रतिवादीको कि.नं.३५४ को जग्गाले वादीको नाउँ दर्ताको कि.नं.३५५ समेतका जग्गामा आवत जावत गर्ने निकास बाटो बन्द हुन जाने अवस्था देखियो । उक्त प्रतिवादीको कि.नं.३५४ को जग्गा वादीलाई प्राप्त भएको अवस्थामा वादी दाबीको कि.नं.३५०, ३५३ र ३५५ समेतका जग्गा एकै मिलान हुन जाने भई सो जग्गाबाट यी वादीले कि.नं.३५३ को जग्गाको बाटोसम्म जान सक्ने अवस्था देखिँदा उक्त कि.नं.३५४ को जग्गामासम्म वादीलाई सन्धिसर्पन पर्न जाने अवस्था देखिने ।

मिसिल संलग्न रहेको मिति २०६८।९।२२ को नक्सा मुचुल्का तथा नक्सा प्रिन्ट हेर्दा दाबीका कित्ताहरूमध्ये कि.नं.३५२, ३५६, ४१५ र ३३६ का जग्गामा यी पुनरावेदक वादीको जग्गाको साँध सिमानासम्म जोडिएको देखिन्छ । उक्त जग्गाहरू

दर्तावालाले बिक्री गर्दा वादीका जग्गामा जाने आउने बाटो बन्द हुने निकास तथा सिँचाइका लागि कुलो छेकिने बन्द हुने तथा वादीका जग्गामा आवत जावत गर्न बाधा पर्ने वा अन्य कुनै कारणबाट यी वादीको सन्धिसर्पन पर्ने नदेखिने।

सुरू जिल्ला अदालतबाट मिती २०६८।९।२२ मा भएको नक्सा मुचुल्काबाट बिक्री भएको जग्गामध्ये कि.नं.३५४ को जग्गासम्म वादीको सन्धिसर्पन पर्ने र सो कि.नं. ३५४ को उत्तर र दक्षिण दुवैतर्फ वादीको कि.नं.३५३ र ३५५ को जग्गा रहेको देखिन्छ। अब वादीले बिचको कि.नं.३५४ को जग्गा भएर दक्षिणतर्फ कि.नं.३५५ को जग्गामा आवत जावत गर्ने निकास बाटो पर्ने हुँदा सो हदसम्म निखन्नाई पाउने र अरू विपक्षीका कि.नं.३५२, ३५६, ३३६ र ४१५ का जग्गाहरूमा दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसला मनासिब नै देखिने।

अतः विवादित कि.नं.३३६, ३५४, ३५६, ३५२ र ४१५ का जग्गाहरू वादीले निखनाई लिन पाउने ठहऱ्याई गरेको सुरू खोटाङ जिल्ला अदालतको मिति २०६८।११।११।५ को फैसला केही उल्टी भई कि.नं.३३६, ३५६, ३५२ र ४१५ का जग्गाहरूसमेत निखनाई लिनपाउँ भन्ने वादीको फिराद दाबी पुग्न नसकी कि.नं.३५४ को जग्गासम्म वादीले निखनाई लिन पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।७।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम्।**

**३२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-१०१०, १०११, अंश दर्ता, शिवशंकर यादव वि. दिपेन्द्रकुमार यादव, हरिदेवी यादवसमेत वि. दिपेन्द्रकुमार यादव*

विपक्षी वादी दिपेन्द्र यादव मिति २०४६।२।२९ मा अ.हे.व. पदमा स्थायी नियुक्ति पाई जागिर गरी आएको देखिन्छ। निजले मिति २०५९।०६।२३ मा रू.११६०००।– कर्मचारी सञ्चयकोषबाट ऋण कर्जा लिएको मिसिल संलग्न कर्मचारी सञ्चयकोषको Special Loan Individual Accounts को प्रतिलिपिबाट देखिन्छ। सो ऋण २०६८ सालसम्म तिर्न नसकी ऋण कर्जा साँवा ब्याजसहित रू.३०९३७९।२३ तिर्न बाँकी रहेको भन्ने देखिन्छ। निजले मिति २०५८।११।१३ मा कि.नं. ७०४ को ०-०-१२ जग्गा खरिद गरी लिएको भन्ने देखिन्छ। वादी २०४६ सालदेखि स्थायी नियुक्ति पाई काम गरिरहेको र कर्मचारी सञ्चयकोषबाट कर्जा लिएकोसमेत देखिएको छ। यस अवस्थामा कि.नं. ७०४ को जग्गा र घर निजले कर्मचारी सञ्चयकोषबाट लिएको ऋण कर्जासमेतको पैसाबाट खरिद गरेको भन्ने लिएको जिकिरलाई अन्यथा भन्न मिल्ने अवस्था देखिँदैन। कर्मचारीले आफ्नो ज्ञान, श्रम र सिपबाट निजी तवरबाट आर्जन गरेको सम्पत्ति निजी आर्जनको नै हुने हुन्छ। यस्तो प्रमाण भएको अवस्थामा कि.नं. ७०४ को ०-०-१२ जग्गा घर खरिद गर्दा सगोलको सम्पत्तिसमेत लगानी गरिएको छ भने प्रतिवादीले पनि प्रमाणबाट पुष्टि गर्नुपर्ने हुन्छ। अतः कि.नं. ७०४ को जग्गा र घर निज वादीको निजी आर्जनकै रूपमा रहेको पाइयो। सो जग्गा र घरमा अरू अंशियारको बन्डा लाग्ने नदेखिने।

मुलुकी ऐन अंशबन्डाको १८ नं.को कानूनी व्यवस्थाबमोजिम मानो नछुट्टिई सँगै बसेका कुनै अंशियारले आफ्नो ज्ञान वा सिप वा प्रयासबाट आर्जन गरेको सम्पत्ति निजको निजी ठहरी आफूखुस गर्न पाउँछ। बन्डा लाग्न कर लाग्दैन भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त व्यवस्थाबमोजिम पनि यी प्रत्यर्थी वादीले आफ्नो जागिर र ऋणसमेतबाट खरिद गरेको उक्त जग्गा बन्डा नलाग्ने अवस्थाको भन्ने देखिएको छ। पुनरावेदकमध्येका रामसुन्दर यादवले पेस गरेको तायदाती फाँटवारीमा समेत उक्त कि.नं. ७०४ को जग्गा बन्डा लाग्ने भनी उल्लेख गरेको पाइँदैन। लगाउको CP-११२७ नं. को मुद्दाका वादी शिवशंकर यादवका

साक्षीले बकपत्र गर्दा शिवशंकर मलेसिया जाँदा लागेको खर्चसमेत यिनै वादी दीपेन्द्र यादवले दिएका भनी स्पष्ट रूपमा लेखाइदिएकोसमेतका आधार प्रमाणबाट वादीका नाउँको कि.नं. ७०४ को ०-०-१२ जग्गा बन्डा नलाग्ने निजको निजी आर्जनको भन्ने देखिने।

कुनै अंशियारले आफ्नो ज्ञान वा सिप प्रयासबाट आर्जन गरेको सम्पत्ति निजको निजी ठहरी आफूखुस गर्न पाउँछ । यी प्रत्यर्थी वादीले आफ्नो जागिर र ऋणसमेतबाट खरिद गरेको उक्त जग्गाघर बन्डा नलाग्ने अवस्थाको भन्ने देखिन्छ । वादी प्रत्यर्थीले कर्मचारी सञ्चय कोषबाट तथा कुशेश्वर यादवबाट समेत ऋण लिएको भन्नेसमेत निजले पेस गरेको कागजातबाट देखिन आएको हुँदा निजले जागिरमा कमाएको पैसा तथा कर्मचारी सञ्चय कोष र व्यक्तिसमेतबाट लिएको ऋणसमेतबाट उक्त जग्गा खरिद गरी घरसमेत बनाएको भन्ने देखिन आउँछ । सरकारी सेवामा विभिन्न ठाउँमा कार्यरत रहेका यी वादी प्रत्यर्थीले रू २५,०००/- थैली राखी ०-०-१२ जग्गा निजी आर्जनको रकमबाट मिति २०५८।११।१३ मा खरिद गरेको देखिने।

अतः उल्लिखित आधार, कारण, अवस्था र प्रमाणबाट विवादित कि.नं. ७०४ को ०-०-१२ को जग्गा र घर वादीको निजी आर्जनको देखिएको अवस्थामा सो घर जग्गासमेत बन्डा लाग्ने भनी गरिएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०७१।३।३ को फैसला नमिलेकोले नमिलेको हदसम्म सुरू फैसला उल्टी भई कि.नं. ७०४ को घर जग्गा वादीको निजी आर्जनको हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम्।**

**३३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CI-०४९०, परमादेश, खिमकुमारी अधिकारी वि. सैनामैना नं.पा.को कार्यालय बुद्धनगर, रूपन्देहीसमेत*

दाबीको जग्गामा वन कार्यालयको सहयोगमा घ्यू कुमारी र सिसौंसमेत रोपिएको भन्ने लेडुवा टोल विकास समितिको लिखित जवाफबाट देखिन्छ । निवेदकबाट मालपोत कार्यालय, रूपन्देहीमा दा.खा. नामसारीको लागि कुनै निवेदन पेस हुन नआएको र उक्त कि.नं.३७७ को जग्गाको मोठ स्रेस्ता नै कायम नभएको भन्ने मालपोत कार्यालयको लिखित जवाफमा उल्लेख भएको देखिन्छ। मालपोत कार्यालयमा मोठ स्रेस्ता नै कायम नभइसकेको स्थितिमा दा.खा. नामसारी हुने कानूनी आधार रहेको भनी मान्न नमिल्ने।

निवेदकको पतिका नाममा दर्ता रहेको उल्लिखित कि.नं.३७७ को जग्गा हक भोगको नामसारी सिफारिस उपलब्ध गराइपाउँ भनी प्रत्यर्थी पर्रोहा गा.वि.स. को कार्यालयमा मिति २०७०।०९।२८ मा निवेदक खिमकुमारी अधिकारीले निवेदन दर्ता गराएको देखिन्छ । निवेदकबाट पेस भएको उक्त निवेदनमा "बैठकमा पेस गर्नु" भनी तोक आदेश भएको देखिन्छ । निवेदकले निवेदन दर्ता गरेपछि कानूनबमोजिमको उचित निकासा दिनुपर्ने कर्तव्य उक्त निकायको हुन्छ । सोसम्बन्धमा निवेदकको निवेदन मागबमोजिम गर्नुपर्ने वा नपर्ने भनी आवश्यक जाँचबुझ गरी बुझी सम्बन्धित मालपोत कार्यालय तथा तत्कालीन गाउँ विकास समिति हाल स्थानीय तहले कानूनबमोजिम आफ्नो कर्तव्य पूरा गरिदिनुपर्ने अनिवार्य दायित्वतर्फ ध्यानाकर्षण हुने।

वस्तुतः सार्वजनिक निकाय वा पदाधिकारीले आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा गर्न इन्कार गरेको अवस्थामा त्यस्तो निकाय वा पदाधिकारीलाई कानूनबमोजिम कर्तव्य निर्वाह गर्ने गराउने प्रयोजनको लागि परमादेशको आदेश जारी हुने हो । प्रस्तुत रिट निवेदनको सम्बन्धमा निवेदकको तर्फबाट भोग नामसारीको निवेदनउपर सम्बन्धित निकायहरूबाट निकासा नभएकोले निवेदकको पतिले लुम्बिनी अञ्चल वन सुदृढीकरण उच्चस्तरीय आयोगबाट प्राप्त भएको

उक्त जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा नै विवादित रहेको अवस्थामा निवेदन मागबमोजिम उक्त जग्गाको तिरो बुझ्ने दा.खा. नामसारी गर्नेलगायतको कार्य गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी गर्न मिल्ने अवस्था देखिँदैन। रिट निवेदन खारेज हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला मनासिब नै देखिने।

अतः निवेदन मागबमोजिम रूपन्देही जिल्ला, साबिक पर्रोहा गा.वि.स. हाल परिवर्तित सैनामैना नं.पा. वडा नं. ५ कि.नं. ३७७ को ज.वि. १-१०-० जग्गा यी निवेदकको नाममा दा.खा. नामसारी गर्नेलगायतका कार्य गर्नु गराउनु भनी परमादेशको आदेश जारी गर्न मिलेन । निवेदकको निवेदन खारेज हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत बुटवलको मिति २०७१।२।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर: राधिका घोरासाइने

**इति संवत् २०७८ साल वैशाख ८ गते रोज ४ शुभम्।**

**३४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ वि. मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-१९६३, फैसला तथा चलन पुर्जी बदर, जय बहादुर खत्रीसमेत वि. दामोदर खनाल*

वादीले दाबी गरेको जिल्ला दाङ घोराही १(क) कि.नं. ३४४ को ज.वि. ०-३-८ को जग्गा पुनरावेदक प्रतिवादी विर्जलालका बाबु खुसीराम चौधरीका नाममा दर्ता रहे पनि सो जग्गासहित घोराही १(क) स्थित १६ विगाहा जग्गा सरकारी कार्यालय तथा सङ्घसंस्थाहरूको लागि अधिग्रहण गर्ने र सोभित्र बालमन्दिर भवनसमेत निर्माण गर्ने भनी मिति २०३०/७/२६ मा तत्कालीन जिल्ला पञ्चायत दाङका सभापति शेरबहादुर थापाको अध्यक्षतामा बालमन्दिर निर्माण समितिको समेत गठन भएको देखिन्छ। सो कित्तामा बालमन्दिर भवन निर्माण भई बालबालिकाको पठन पाठन सञ्चालन भइरहेको देखिन्छ । वादी दाबीका जग्गासहित बालमन्दिरले ओगटेको जग्गा रजिस्ट्रेसन पारित गर्नका लागि नेपाल बाल सङ्गठन दाङको मिति ०५०/१०/५ को निर्णयानुसार त्रिभुवननगर नगर विकास समितिलाई मिति २०५०/११/२३ पत्रमा लेखी पठाएको देखिन्छ। नेपाल बाल सङ्गठन दाङको मिति २०५३/५/१६ को पत्रबाट बाल मन्दिरले ओगटेको जग्गाको मुआब्जाको व्यवस्थाका लागि कारबाही अघि बढाएकोसमेत देखिन्छ । त्यसैगरी सो प्रक्रियालाई निरन्तरता दिँदै दाङ घोराही १(क) अन्तर्गतका विभिन्न व्यक्तिका नाममा रहेका जग्गाहरू अधिग्रहण गर्नुपर्ने भनी जिल्ला कार्यालय दाङबाट मिति ०४४/७/२२ गते विवादित कि.नं. ३४४ को ०-३-८ को जग्गा सि.नं.२५ मा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ बमोजिम "युगचेतना साप्ताहिक" पत्रिकामा अधिग्रहणसम्बन्धी सूचना प्रकाशित भएको देखिन्छ । सो सूचनामा वादी दाबीको कित्ता नं. ३४४ सहित विभिन्न व्यक्तिका जग्गासमेत उल्लेख भएको देखिन्छ। यसैगरी मिति २०६२/३/२९ मा त्रिभुवननगर नगरपालिकाका कार्यकारी अधिकृत श्री कृष्णप्रसाद गौतमको अध्यक्षतामा बसेको पूर्वनगरप्रमुख, समाजसेवी, भद्रभलादमीहरूको उपस्थितिमा बसेको बैठकले बालमन्दिर घोराहीले चर्चेको जग्गासम्बन्धमा मुआब्जा नपाएका जग्गाधनीहरूलाई प्रतिकठ्ठा रू. १२५०००/- का दरले मुआब्जा दिई जग्गा रजिस्ट्रेसन पारित गरी लिने दिने दिलाउने सहमति भएकोसमेत देखिन्छ। जसमा प्रत्यर्थी प्रतिवादी वृजलाल चौधरीसमेत उपस्थित भई उक्त निर्णयमा सहमति गरेको देखिन्छ । प्रतिवादी विर्जलाल चौधरीसमेतले आफ्नो कि.नं.३४४ को जग्गा मुआब्जा पाउँ भनी द.नं. ९२ मा त्रिभुवन नगर विकास समितिमा मिति ०६३/११/१ गते निवेदनसमेत दिएको देखिन्छ । प्रतिवादीमध्येका विर्जलाल चौधरीले मुआब्जा लिई जग्गाको स्वामित्व नगर विकास समितिमा हस्तान्तरण गर्ने कुरालाई स्वीकार गरेकै मान्नुपर्ने हुन आउँछ । नगर विकास समितिले अधिग्रहणको कारबाही चलाई रजिस्ट्रेसनको क्रममा रहेको वादी दाबीको कि.नं.३४४को ज.वि.०-३-८ को जग्गालाई यी प्रतिवादी विर्जलाल दिने र प्रतिवादी जयबहादुर

खत्री लिने गरी रू.३०,००,०००/- (तिस लाख) को थैली राखी मिति ०६७/१/१३ मा घरसारको छिनुवा राजीनामा गरी दिएको पाइने।

प्रतिवादीमध्येका वृजलाल चौधरीले विवादित कि.नं. ३४४ को जग्गा बाल मन्दिरको लागि मुआब्जा लिई प्रदान गर्ने सम्बन्धमा प्रारम्भदेखि स्वीकार गरी रहेको देखिन्छ । अधिग्रहण गरिनेसम्बन्धी सूचना प्रकाशित भई जग्गाको मुआब्जाको रकमसमेत आपसी समझदारीमा निर्धारण भइसकेको पाइन्छ । साथै विवादित कि.नं. ३४४ को जग्गामा ०४४ सालमा नै अधिग्रहण गर्ने सूचना प्रकाशित भई बालमन्दिरले सो स्थानहरूमा भवन कम्पाउन्ड निर्माण गरी सार्वजनिक भोगचलन गर्दै आएको भन्ने तथ्य रहेको छ। सार्वजनिक उपभोगको लागि बालमन्दिर जस्तो पवित्र संस्थालाई आवश्यक पर्ने जग्गा अधिग्रहण गर्ने कार्यमा र मूल्य निर्धारणमा सहमति जनाइसकेको स्थितिमा सो सम्पूर्ण कार्यहरूलाई प्रत्यक्ष असर पार्ने नियतले अदालतमा मुद्दा दिई फैसला गराई लिलाम गरी चलन पुर्जीसमेत प्राप्त गरेको देखिने।

बाल मन्दिरको लागि अधिग्रहणमा परेको जग्गाको मुआब्जा निर्धारण भएको रकममा वृजलाल चौधरीले सहमति गरेको पाइन्छ । २०४४ सालदेखि नै बाल मन्दिरलाई जग्गा दिने र बालमन्दिर उपभोग गर्ने कार्यमा पुनरावेदक वृजलाल चौधरीले लामो समय अवधिदेखि सहमति जनाई सो जग्गामा बाल मन्दिरको प्रयोग भोग रहेको कुनै अवरोध गरेको पाइँदैन । बालबालिकाको शिक्षा दीक्षा हेरविचार हुने बालमन्दिर जस्तो पवित्र संस्थाले जग्गा उपभोग गरिरहेको, मुआब्जाको रकमसमेतमा सहमति भइरहेको अवस्थामा जहिलेसुकै पनि तयार पार्न मिल्ने घरायसी लिखत खडा गरी लेनदेन मुद्दा गरी लिलाम गरेको कार्यहरूले लामो समयसम्म उपभोग गर्न दिइरहेको मुआब्जा रकम लिएर बालमन्दिरलाई जग्गा दिने वृजलालको समर्पणको आचरण व्यवहार प्रतिकूल नै हुने हुन्छ । बालमन्दिरले जग्गा लामो समयदेखि उपभोग गरी रहेको र मुआब्जा रकम नपाएको भन्ने निहुँमा लेनदेन लिखत खडा गरी आफ्नो आचरण व्यवहारविपरीत गर्ने कार्य वृजलालले गरेको पाइन्छ । जग्गाधनीको सम्पत्ति (जग्गा) अधिग्रहण भएमा कानूनबमोजिम निजले मुआब्जा रकम प्राप्त गर्नुपर्ने हुन्छ । कसैको सम्पत्ति हरण गर्न मिल्ने हुँदैन । नेपालको संविधानको धारा २५ मा सम्पत्तिसम्बन्धी हकका रूपमा व्यवस्था गरेको पाइने।

तसर्थ, अधिग्रहण भई मुआब्जामा रहेको जग्गालाई घरायसी लिखत खडा गरी लेनदेन मुद्दा चलाई विवादित जग्गाको चलन लिने दिने कार्य दुषित मनोभावनाबाट भएको स्पष्ट हुँदा विवादित सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०७०।११।२५ मा भएको फैसला र सो फैसलाबमोजिम चलन पुर्जी दिएको बदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२।७।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भेषराज भट्टराई

कम्प्युटरः देबिमाया खतिवडा (देबिना)

**इति संवत् २०७८ साल मंसिर १९ गते रोज १ शुभम्।**

**३५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-WO-०८३३, उत्प्रेषण परमादेश, लोकप्रसाद विष्ट वि. रोल्पा जिल्ला अदालतसमेत।*

निवेदकले रोल्पा जिल्ला अदालतमा लिलाम स्थगित गरिपाउँ भन्ने निवेदन गर्दा मूल्याङ्कन घटी भयो भन्ने कुरा नउठाई मात्र अंश मुद्दा गरेकोले रोकी पाउनुपर्ने दाबी गरी निवेदन गरेको देखिन्छ। लेनदेन मुद्दाको अन्तिम फैसला भई सकेर कार्यान्वयन भई सक्न लाग्दा परेको अंश मुद्दाको फिरादबाट फैसला कार्यान्वयन स्थगित गर्नुपर्ने कुनै औचित्य र कानूनी व्यवस्था रहे भएको पाइँदैन । अन्तिम फैसला भई फैसला कार्यान्वयनको लागि परेको निवेदनबमोजिम फैसला कार्यान्वयनको कार्य गर्नुपर्ने नै हुन्छ । अंश

मुद्दाको फिराद परेको कारणबाट फैसला कार्यान्वयनको कार्य स्थगित गर्नुपर्ने कुनै कानूनी आधार न निवेदकले देखाउन सकेको छ न सोसम्बन्धमा कानूनी व्यवस्था नै रहे भएको पाइने।

बिगो भरिभराउको लागि परेको दर्खास्तमा देखाएको कि.नं. २०९, २९२, ३१२, ३३७, ५४१ र ५५० को जग्गा ऋणी प्रतिवादी देवबहादुर विष्टका नाउँमा दर्ता रहेको तथ्यमा विवाद छैन । प्रस्तुत विवादमा निवेदकले मेरोसमेत अंशहक हक लाग्ने उपर्युक्त जग्गाबाट छुट्टी भिन्न नभएका, सगोलका दाजुभाइले बुझाउनुपर्ने बिगोमा लिलाम गर्न नमिल्ने जिकिर लिएको देखिन्छ । कन्चनपुर जिल्ला अदालतमा चलेको लेनदेन मुद्दामा मिति २०७०/१०/२९ मा भएको फैसलाउपर तथा वादी पदमबहादुर रोका र प्रतिवादी देबबहादुर विष्ट भएको लेनदेन मुद्दामा बाग्लुङ जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन नपरी मुद्दा अन्तिम भएर बसेको देखिन्छ । लेनदेन मुद्दाका धनी तथा प्रत्यर्थी विपक्षी रमेशराज भट्ट र विपक्षी पदमबहादुर रोकाले बिगो भरिभराउको लागि दिएको दर्खास्तमा देखाएको जग्गाहरू निज ऋणी प्रतिवादी देवबहादुर विष्टका नाउँमा दर्ता रहेको देखिन्छ । निज ऋणीले कपाली तमसुक गर्दाकै बेलामा तमसुकमा निजको नाउँ दर्ताको रोल्पा जिल्ला मिझिङ गा.वि.स. वडा नं.३ को कि.नं. २०९, २९२, ३१२, ३३७, ५४१ र ५५० को जग्गाबाट बिगो भराई असुलउपर हुने गरी उक्त कपाली तमसुक गरिदिएको देखिन्छ । उक्त कपाली तमसुकमा उल्लेख भएबमोजिम धनीले ऋणी नाउँ दर्ताको जग्गाहरू उल्लेख गरी बिगो भरिभराउको लागी दर्खास्त दिई कारबाही भएको देखिन्छ । निवेदकले विवादित जग्गाहरूमा अंशहक कायम गरिसकेको देखिँदैन । अंश मुद्दाको फिरादसम्म दायर गरेको देखिन्छ । विवादित जग्गामा अंशहक नै कायम भई नसकेको अवस्थामा भइसकेको अन्तिम फैसलाअनुसार ऋणीको नाउँ दर्ताको जग्गाबाट भइरहेको फैसला कार्यान्वयनको अन्तिम चरणमा पुगेको कार्य रोक्न वा स्थगित गर्न कानूनबमोजिम मिल्ने अवस्था नदेखिने।

उत्प्रेषण जारी नगरे व्यक्तिको हकमा प्रत्यक्ष असर पर्ने स्थिति भएमा उत्प्रेषणको आदेश जारी गर्ने गरिन्छ । तर वैकल्पिक उपचारको विद्यमानता रहेको अवस्थामा सामान्यतया उत्प्रेषणको आदेश जारी गर्न उपयुक्त हुँदैन । फैसला कार्यान्वयनको अवस्थामा जिल्ला अदालतले गरेको आदेशलाई न्यायको कसीमा जाँच गरी सदर बदर गरी कानूनअनुरूप गरेको पुनरावेदन अदालतको आदेशलाई असाधारण क्षेत्राधिकारअन्तर्गत बदर गर्नुपर्ने प्रस्तुत मुद्दामा कुनै आधार देखिँदैन। विनाआधार उत्प्रेषणको आदेश जारी गर्दा न्याय निस्पादन गर्ने निकायहरूमा अनिश्चितता हुनुका साथै फैसलाको अन्त हुने अवस्थासमेत देखिँदैन। जसबाट निवेदक स्वयंसमेतलाई असर पर्न जाने।

लेनदेन मुद्दाको बिगो भराइपाउन मिति २०७०।११।२६ मा निवेदन परेपछि मिति २०७२।०८।०९ मा अंश मुद्दा दायर गरी सो अंश मुद्दामा पनि कारबाही अघि नबढाई मिति २०७३।०२।१६ गतेदेखिको तारेख गुजारी बसेको देखिन्छ। साथै लेनदेन मुद्दाको लिखतलाई करकापबाट भएको भनी देवबहादुर विष्टले रोल्पा जिल्ला अदालतमा करकाप मुद्दा दिई तारेख गुजारी डिसमिस भएको र सो डिसमिस फैसला पुनरावेदन अदालत दाङबाट मिति २०७१।५।१६ मा सदर भई अन्तिम भएको पनि देखिने।

अतः फैसला कार्यान्वयनको प्रक्रियालाई लम्ब्याउने नियतले अदालतमा पटकपटक प्रवेश गरेको निवेदक सफा हात लिई अदालत प्रवेश गरेको नदेखिँदा तथा उपर्युक्त विवेचित आधार, कारण र न्यायिक सिद्धान्तहरूबाट निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुशिलकुमार यादव

**इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम्।**

## इजलास नं.५

### ३६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०६८-CR-१२५४, आयकर (आ.व.२०६३/०६४), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा.लि. नवलपरासी*

बोनस शीर्षकमा देखाइएको रू.१८,५९,२३६।- रकम वास्तवमा बोनसबापत छुट्याएको नभएर दशैं, तिहार आदि पर्वहरूमा कर्मचारीलाई मदिरा उपहार दिएको खर्च रकम भन्ने देखिन्छ । यसलाई कर्मचारीहरूको सामूहिक कल्याणका लागि भएको खर्च मान्न मिल्ने देखिँदैन । बोनसका लागि छुट्याइएको र वितरण नभएको रकम कल्याण कोषमा राख्नुपर्ने र श्रम नियमावली, २०५० को नियम १४ बमोजिम निर्दिष्ट क्षेत्रमा खर्च गर्नुपर्ने हुन्छ। कानूनद्वारा निर्दिष्ट प्रक्रियाबाट खर्च नगरी अन्यथा तवरबाट खर्च देखाइएको हुँदा सो रकम करदाता कम्पनीको आयतर्फ समावेश हुने भनी सुरू कर कार्यालयबाट भएको निर्णयअनुसार हुने ठहर्छ र यससम्बन्धमा राजस्व न्यायाधिकरणबाट भएको फैसला उल्टी हुने।

Breakage/loss/sales returns शीर्षकको रू. १२,८३,९५४।६९ सम्बन्धमा विचार गर्दा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३९क. मा कुनै वस्तु आगजनी, चोरी, दुर्घटना वा टुटफुट हुन गई नोक्सान हुन गएमा त्यस्तो वस्तुको वा उपयोग गर्ने म्याद सकिएको कारणले त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नुपर्ने भएमा प्रमाणसहित त्यस्तो अवस्था भएको मितिले तिस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनुपर्ने, यसरी परेको निवेदनमा विभागले प्रक्रिया तोकिदिएबमोजिम छानबिन गर्नुपर्ने र छानबिन गर्दा नोक्सान भएको देखेमा त्यस्तो नोक्सानी भएको वस्तुमा तिरेको कर कट्टी गर्नको लागि नोक्सानीको विवरणसमेत खुलाई विभागसमक्ष सिफारिस गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। तर प्रस्तुत विवादका सन्दर्भमा सो अनुसार टुटफुट, नोक्सान भएको वा काम नलाग्ने भएको भनी प्रक्रिया पूरा गरेको देखिएन । प्रक्रियासङ्गत रूपमा फिर्ता वा नोक्सानी प्रमाणित भएको नदेखिएको हुँदा आयकर ऐन, २०५८ को दफा १३ बमोजिम यसलाई खर्चको रूपमा मान्यता दिन मिल्ने देखिएन। तसर्थ उक्त रकम खर्च कट्टा गर्न पाउने गरी भएको राजस्व न्यायाधिकरणको फैसला उल्टी भई सुरू कर निर्धारण आदेशबमोजिम सो रकम आयतर्फ समावेश हुने।

Sales promotion का लागि भनी Complimentary शीर्षकमा रू. २२,१०,१९९।३३ खर्च देखाइएको सम्बन्धमा हेर्दा कम्पनीको उत्पादन बजारमा बढी खपत होस् भन्ने हेतुले बजार प्रवर्द्धनका लागि वितरकले विभिन्न स्किमहरू अपनाउने गरेको कुरा स्वाभाविक व्यापारिक प्रक्रिया भन्ने देखिन्छ । यस प्रकारका स्किमहरू अपनाई बजार प्रवर्द्धन गरेको कुरालाई आय आर्जनसँग सम्बन्धित खर्च होइन भन्न मिल्ने देखिँदैन। बजार प्रवर्द्धनका सन्दर्भमा उल्लिखित कार्य गरिएको थिएन भन्ने कुरा सुरू कर निर्धारण आदेशबाट खुल्न आएको पाइएन। प्रत्यर्थी करदाताको कारोबारको प्रकृति र परिमाणका दृष्टिले हेर्दा पनि यस शीर्षकमा देखाइएको खर्चलाई अस्वाभाविक र अवास्तविक मान्न सकिएन । यस प्रकारको खर्चलाई आय आर्जनसँग सम्बन्धित खर्च मान्नुपर्ने देखिएकोले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्चको रूपमा कट्टा गर्न मिल्ने नै हुँदा सुरू कर कार्यालयको निर्णय उल्टी हुने गरी राजस्व न्यायाधिकरणबाट भएको फैसला सो हदमा सदर हुने।

Crown Cork र केनलिड शीर्षकको रू.५,३४,३७५।- सम्बन्धमा हेर्दा तत्काल प्रचलित कानून अन्तःशुल्क नियमावली, २०५९ को नियम २३क. बमोजिमको प्रक्रिया पूरा गरेको, सोबमोजिम अन्तशुल्क अधिकृतबाट मिन्हा गरिएको भन्ने देखिन आएन । तसर्थ कारोबारमा प्रयोग गरिएको नदेखिएको

हुँदा प्रक्रियागत रूपमा प्रमाणित नभएकोले प्रयोगमा आएको मान्न नमिल्ने क्राउन कर्क र केनलिडबापत देखाइएको रू. ५,३४,३७५।- रकम आयमा समावेश हुने; सोसम्बन्धमा राजस्व न्यायाधिकरणको फैसला उल्टी भई सुरू कर निर्धारण आदेशबमोजिम सो रकममा छुट नपाउने गरी आज लगाउमा रहेको ०६८-CR-१२५६ को मूल्य अभिवृद्धि कर (आ.व.२०६३/०६४) को मुद्दामा फैसला भएको छ। सोही आधार र कारणबाट उक्त रकम खर्चमा कट्टी गर्न पाउने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला उल्टी भई सुरू कर निर्धारण आदेशबमोजिम उक्त रकम करदाताको आयतर्फ समावेश हुने।

ह्रास कट्टीतर्फ रू.३,२३,१४९।- सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा १९ सपठित अनुसूची २ को "ख" मा "कम्प्युटर, तथ्याङ्क केलाउने उपकरण,फर्निचर, फिक्स्चर र कार्यालय उपकरणहरू" भनी उल्लेख भएको पाइयो । करदाताले Wooden Pallets, Plastic Crate जस्ता सामानको ह्रास कट्टी अनुसूची २ को "ख" मा समावेश भएको देखिँदैन। उल्लिखित सामानहरू ऐनको अन्य प्रावधान तथा अनुसूचीमा समावेश नभएको हुँदा उल्लिखित अनुसूची २ को खण्ड "घ" मा समावेश भएको भनी मान्नुपर्ने देखिन्छ। तसर्थ अनुसूची २(ख) बमोजिमको सम्पत्ति मानेर ह्रास कट्टी सुविधा दिने गरी भएको राजस्व न्यायाधिकरणको फैसला उल्टी भई सुरू कर निर्धारण आदेशबमोजिम आय कायम हुने।

अग्रिम कर कट्टी रकम समायोजन गरेको रू.३,३९,८१८।- सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ को दफा ९३(१) मा "कुनै भुक्तानीको रकम गणना गर्ने प्रयोजनको लागि सो भुक्तानीबाट कुनै कर कट्टी गरिएको भए त्यस्तो कर कट्टी रकमलाई भुक्तानीको अंशको रूपमा लिइने छ" भनी उल्लेख भएको देखिन्छ । सोही दफाको उपदफा (२) ले अन्तिम रूपमा कर कट्टी हुने भुक्तानीलाई बाहेक गरेको र सो प्रावधानको प्रयोग समय-सीमासम्म उपदफा (३) मा तोकिएको पाइयो । अग्रिम भुक्तानी गरेको रकम समायोजन वा मिलान गर्न नपाउने भन्नु कानूनसङ्गत र न्यायोचितसमेत देखिएन । तसर्थ, अग्रिम कर कट्टी रकम समायोजन सम्बन्धमा सुरू कर कार्यालयले गरेको निर्णय उल्टी गरेको राजस्व न्यायाधिकरणको फैसला मनासिब ठहर्ने।

अतः माथिका प्रकरणहरूमा उल्लेख भएअनुसार बोनस शीर्षकमा देखाइएको रू.१८,५९,२३६, Breakage/loss/sales returns शीर्षकको रू. १२,८३,९५४।६९, Crown Cork र केनलिड शीर्षकको रू. ५,३४,३७५।-, ह्रास कट्टीतर्फको रू. ३,२३,१४९ ।- समेतका शीर्षकमा गरी कुल रू. ४०,००,७१४ ।६९ (चालिस लाख सात सय चौध रूपैयाँ उनान्सत्तरी पैसा) खर्च कट्टा गर्न पाउने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६६/१२/२९ को फैसला सो हदसम्म उल्टी भई सुरू कर निर्धारण आदेशबमोजिम सो रकम करदाताको आयतर्फ समावेश हुने ठहर्छ । सो हदसम्मबाहेक अन्य कुरामा राजस्व न्यायाधिकरणको फैसला सदर हुन्छ । अन्य कुरामा ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: उषा गिरी

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल चैत्र २५ गते रोज ४ शुभम्।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- ०६८-CR-१२५५, आयकर (आ.व.२०६३/०६४), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा. लि. नवलपरासी
- ०६८-CR-१२५६, मूल्य अभिवृद्धि कर (आ.व.२०६३/०६४), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा. लि. नवलपरासी
- ०६८-CR-१२५७, मूल्य अभिवृद्धि कर (आ.व.२०६३/०६४), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा.

लि. नवलपरासी

- ०६८-CR-१२५८, आयकर (आ.व.२०६२/०६३), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा. लि. नवलपरासी
- ०६८-CR-१२५९, आयकर (आ.व.२०५९/०६०), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा. लि. नवलपरासी
- ०६८-CR-१२६१, आयकर (आ.व.२०६०/०६१), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा. लि. नवलपरासी
- ०६८-CR-१२५७, मूल्य अभिवृद्धि कर (आ.व.२०५८/०५९), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा. लि. नवलपरासी
- ०६८-CR-१२६३, आयकर (आ.व.२०५८/०५९), ठुला करदाता कार्यालय, हरिहर भवन वि. गोर्खा ब्रुअरी प्रा. लि. नवलपरासी

**३७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७१-CR-११५४, जबरजस्ती करणी, नेपाल सरकार वि. रामप्रसाद अधिकारीसमेत*

जाहेरवाली पीडित सुरू जिल्ला अदालतमा बकपत्र गर्न नआएकोमा उच्च अदालतले नबुझी नहुने भनी अ.बं. ११५ नं. बमोजिम बुझेपछि मात्र आफ्नो जाहेरी समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ। सफाइ पाएका प्रतिवादीहरूका साक्षीले प्रतिवादीहरूको मौकाको तथा अदालतमा भएको बयानलाई समर्थित हुने गरी बकपत्र गरेको पाइन्छ । जबरजस्ती करणी मुद्दामा सबैभन्दा विश्वसनीय प्रमाण पीडितको बकपत्र हुने भनी वादी नेपाल सरकारले जिकिर लिए पनि सफाइ पाएका प्रतिवादीहरूले पनि पीडितलाई जबरजस्ती करणी गरेकै हुन् भनी देखिने र बुझिने गरी स्वतन्त्र र विश्वसनीय प्रमाणको अभावमा पीडितको लामो समयको अन्तरालको भनाइको आधारमा मात्र सफाइ पाएका पाँचै जना प्रतिवादीहरू पनि कसुरदार हुन् भनी ठहर गर्न मिल्ने देखिएन। यस दृष्टिकोणबाट कसुर स्वीकार गरी बयान गरेका कसुरदारको हकमा कसुर ठहर गर्ने र कसुरमा इन्कार रहेका प्रतिवादीहरूको हकमा आरोपित कसुरबाट सफाइ पाउने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसला मिसिल संलग्न प्रमाणहरूको रोहमा कानूनसम्मत भई मिलेकै देखिन्छ । वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर र सोहीबमोजिमको बहससँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत पुनरावेदन अदालत नेपालगन्जबाट प्रतिवादीहरू रामप्रसाद अधिकारी, दिलिप भण्डारी, उमेश खत्री, माधव पौडेल र संजय खत्रीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको मिति २०७१।३।८ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शैलेन्द्र खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल फागुन १४ गते रोज ६ शुभम्।**

**३८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-१०८४, उत्प्रेषण / परमादेश, चित्रबहादुर मगर वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

निवेदक ओमप्रकाश शर्मा तथा प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय झापासमेत भएको लगाउमा रहेको ०६९–WO-०७१६ को विवादका सन्दर्भमा आज यसै इजलासबाट आदेश (फैसला) हुँदा थुनुवा भागे भगाएको सन्दर्भमा अदालतले लापरवाही ठहर गरी रू. २०० ।- जरिवाना गरेको विवादित कार्यलाई नैतिक पतन देखिने कसुर मान्न नमिल्ने; नैतिक

पतन देखिने कसुर ठहर भएको अवस्थामा पनि सो विषयलाई लिएर विभागीय सजाय गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई सूचना जानकारी दिनुपर्ने; प्रस्तुत विवादको सन्दर्भमा सोअनुसार सूचना जानकारी नदिएको भन्नेसमेत आधारमा रिट आदेश जारी भएको छ। यस विवादका निवेदक चित्रबहादुर मगरका सम्बन्धमा समेत उही एउटै समान घटना, उही थुनुवा भागेको कसुर, उस्तै अभियोग, समान प्रकृतिको विभागीय कारबाही र सजाय, उही एकै मितिमा निर्णय भएको अवस्था देखिन आयो। तसर्थ, ओमप्रकाश शर्माको निवेदनका सन्दर्भमा रिट आदेश जारी गर्दा ग्रहण गरिएका समान आधार तथा कारणबाट यसमा समेत निवेदक चित्रबहादुर मगरउपरको विभागीय सजायसम्बन्धी काम कारबाही र निर्णय कानूनतः त्रुटिपूर्ण, सुनुवाइको अवसरसम्बन्धी प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल तथा नैतिक पतनसम्बन्धी अवधारणाविपरीत देखिने।

अतः निवेदक चित्रबहादुर मगरलाई झापा जिल्ला अदालतले कारागार ऐन, २०१९ को दफा २४(१)(ग) बमोजिमको कसुर ठहर गरी जरिवानासम्म गरेको सजायलाई प्रहरी नियमावली, २०४९ को नियम ८८(घ) को प्रयोजनका लागि नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएको भनी भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतयाः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने भनी भएको जिल्ला प्रहरी कार्यालय, झापाका प्रहरी उपरीक्षकको मिति २०६८/१२/२८ को निर्णय, सो निर्णयलाई सदर गर्ने गरी पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगरबाट मिति २०६९/०७/०३ मा भएको निर्णय, सो सम्बन्धमा भएका पत्राचारसमेत कानून प्रतिकूल देखियो। यसबाट निवेदकको पेसा रोजगारी गर्ने हक अधिकारमा आघात परेको हुँदा उल्लिखित निर्णयहरू, काम कारबाही, पत्राचारसमेत उत्प्रेषणको आदेसद्वारा बदर गरिएको छ। अब निज निवेदक चित्रबहादुर मगरलाई निजको पदमा पुनर्बहाली गरी, गराई निजले कानूनबमोजिम पाउने सुविधा दिनु दिलाउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: माधवप्रसाद लोहनी

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल माघ १३ गते रोज ३ शुभम्।**

**३९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-००६६, बन्दीप्रत्यक्षीकरण, छत्र साउद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक छत्र साउद मिति २०६९/३/२७ देखि कैदमा रहेको देखिएको हुँदा डाँका गरेकोतर्फ ठहर भएको ६ वर्ष कैद मिति २०७५/३/२६ मा भुक्तान भइसकेको र थप २ वर्ष ७ महिनाभन्दा केही बढी अवधिदेखि कैदमा रही आएको पाइयो। फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) मा जरिवानाबापत कैदमा बसेबापत प्रत्येक दिनको रू.३००/- का दरले कट्टा हुने व्यवस्था रहेको देखिन्छ। सोअनुसार जरिवानाबापत भनी निवेदक अहिलेसम्म करिब २ वर्ष ७ महिनाभन्दा बढी अवधिसम्म कैदमा रहिसकेको हुँदा हुन सक्ने जरिवानाबापतसमेत यस अवधिमा कैदमा बसी भुक्तान गरिसकेको देखिने।

कसैलाई पनि कानूनबमोजिम बाहेक थुना वा कैदमा राख्न मिल्दैन। कुनै कसुरका सन्दर्भमा कैदमा राख्दासमेत सो कसुरमा हुन सक्ने अधिकतम कैदको अवधिभन्दा बढी कैद वा थुनामा राख्न मिल्दैन। यस प्रकारको कानूनको समान संरक्षणको हक निवेदकमा समेत रहेको देखिन्छ। अधिकतम जरिवाना हुन सक्ने एक लाख चालिस हजार जरिवानाबापत निवेदक छत्र साउद कैदमा रही भुक्तान भइसकेको देखिँदा निजलाई अहिले गैरकानूनी रुपमा थुनामा राखिएको मान्नुपर्ने देखिने।

अतः उल्लिखित डाँका चोरी मुद्दामा भएको ६ वर्ष कैद र जरिवाना नबुझाएबापत हुन सक्ने अधिकतम कैदसमेत असुल भइसकेको हुँदा सो डाँका मुद्दाको सन्दर्भमा निवेदक छत्र साउदलाई हाल गैरकानूनी रुपमा थुनामा राखिएको देखिन आएकाले निजलाई

अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको सन्दर्भमा रहेको कैदबाट तत्काल मुक्त गरिदिनु भनी प्रत्यर्थीहरूका नाउँमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ समेतबमोजिम यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः शैलेन्द्र खड्का

कम्प्युटर: विजय खड्का

**इति संवत् २०७७ साल फागुन १२ गते रोज ४ शुभम् ।**

## इजलास नं.६

### ४०

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-RB-०१५५, बैंकिङ कसुर, नेपाल सरकार वि. धावा छिरिङ लामा*

सहप्रतिवादी दावा भन्ने धावा छिरिङ लामाको मौकामा भएको बयान हेर्दा दिनेश तामाङसँग सरसल्लाह भई निजले ल्याएको कागजातको आधारमा बैंकका स्टाफहरूलाई विश्वासमा पारी निज जाहेरवालाहरूसमेत असी नब्बे जनाको खाता खोलेको हो, सेयर बिक्री गर्नको लागि नागरिक लगानी कोषमा सम्बन्धित व्यक्तिहरू बोलाई सेयर बिक्री फाराम भराउने र सही प्रमाणित गर्नेसमेतको कार्य दिनेश तामाङले गरेका हुन्, जाहेरवालाहरूमध्ये दावा लामा तामाङसमेतको सेयर बिक्री गरी आएको रकम निज दिनेश तामाङलाई दिएको हुँ, उक्त सेयर बिक्रीबापत १ प्रतिशत दिने लिने सल्लाह भएको थियो भनी लेखाइदिएको पाइन्छ । निजले अदालतमा बयान गर्दा पनि सोही बेहोरालाई समर्थन गर्दै सेयर बिक्रीको सम्पूर्ण रकम दिनेश तामाङलाई दिइसकेको भनी लेखाइदिए पनि यी पुनरावेदक प्रतिवादीको नाममा रू.१,५०,०००।- मात्र प्राप्त भएको भन्ने कुरा मिसिल संलग्न बैंक स्टेटमेन्टबाट देखिन आएको छ । यसरी सहप्रतिवादी दावा भन्ने धावा छिरिङ लामाको बयान बेहोराबाट यी प्रतिवादीसँग मिलेमतो गरेको भन्ने देखिन आएको, सहप्रतिवादी दावा भन्ने धावा छिरिङ लामासँग रकमसमेत लिएको देखिने बैंकको स्टेटमेन्टलाई चुनौती दिन नसकेको अवस्थामा आफूउपर जाहेरी नपरेको वा दिनेश भन्ने व्यक्ति आफूबाहेक अन्य हुन सक्ने भनी काल्पनिक आधार लिएको कुरा विश्वासलायक देखिएन । यस स्थितिमा बैंकको स्टेटमेन्टबाट देखिएको रू.१,५०,००० ।- रकम यी पुनरावेदक / प्रतिवादीले लिएखाएको देखिएको भन्ने आधारमा निजलाई तीन महिना कैद र रू.१,५०,००० ।- जरिवाना हुने ठहऱ्याई गरेको फैसलालाई अन्यथा भन्न नसकिने ।

प्रतिवादीको हकमा पुनरावेदन अदालत पाटनको फैसला सदर हुने भनी बोलिसकेको हुँदा त्यसतर्फ थप विवेचना गरिरहनुपर्ने देखिएन । अब प्रतिवादी दावा भन्ने धावा छिरिङ लामाको हकमा हेर्दा निजले चिलिमे हाइड्रो पावर कम्पनी लिमिटेडको सेयर बिक्री गरी लिने खाने उद्देश्यले जाहेरवालाहरूलाई विश्वासमा पारी नागरिक लगानी कोषमा उपस्थित गराई सेयर बिक्रीको लागि कागजातहरूमा सहीछाप गराई नागरिकतासमेतका कागजात लिई बैंकका कर्मचारीलाई विश्वासमा पारी अनधिकृत तवरले खाता खोली खाताको रकम आफैँले निकाली रकम ट्रान्सफर गरी जम्मा रू.२७,३८,६८०।- निकाली खाएको हुँदा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ (ख) ४ (१), ५ (क) (ख) (ग) (घ) बमोजिमको कसुरमा ऐ. दफा १५(१) र १५ (२)(ख) बमोजिम सजाय माग गरेको देखिन्छ । निजको श्रीमती मिना शेर्पाको खाताबाट रकम रकमान्तर गरिएको विषयमा खातावालाको उजुरी नै नपरेको अवस्था छ भने उक्त खाता अनधिकृत हो भन्ने कुरा पुष्टि गर्ने आधार, प्रमाण पनि मिसिल संलग्न पेस हुन सकेको छैन । त्यसैगरी निजको खाता सम्बन्धमा दृष्टिगत गर्दा निज प्रतिवादी आफैँ बैंकको कर्मचारी भएको देखिएको, खोलिएको खाता नक्कली कागजात पेस भई खोलिएको वा काल्पनिक नाममा खोलिएको वा अनधिकृत भन्ने पुष्टि हुन नआएको अवस्थामा सो खातामा रहेको रकम प्रतिवादी विष्णु गौतमको पत्नी कमला गौतमलगायत

अन्य खातावालाको खातामा रकमान्तर गरेको वा चेक भुक्तानी दिएको कार्य अनधिकृत वा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५(क)(ख)(ग)(घ) प्रतिकूल हुने अवस्था पनि नदेखिने।

ज्योति विकास बैंकको पत्रसाथ प्राप्त खाताको विवरण संलग्न प्रमाणहरूबाट तेन्जेन तामाङ, चुङज्याल्मो तामाङ, मेम्बर तामाङ, राकेश तामाङ, कर्चुङ तामाङ, विजय तामाङ, अजय तामाङ, दिपा तामाङ, आशा तामाङ सर्मिला तामाङसमेतको अनुपस्थितिमा निजहरूको नागरिकता, जन्म दर्ता प्रमाणपत्रसमेतका कागज प्रमाण पेस गरी खातावालाको दस्तखत गर्नुपर्ने ठाउँमा यी प्रतिवादी दावा भन्ने धावा छिरिङ लामा आफैँले खातावालाको नक्कली दस्तखत गरी ज्योति विकास बैंकमा खाता खोलेको देखिन आयो । यसरी खोलिएका खातामा जाहेरवालाहरू तेन्जेन तामाङको ७२ कित्ता सेयरको रू.१,१४,९००।- चुङ ज्याल्मो तामाङको ७२ कित्ता सेयरको रू.१,११,४५६।-, मेम्बर तामाङको ८० कित्ता सेयरको रू.१,२४,४००।-, राकेश तामाङको ५४ कित्ता सेयरको रू.८३,९७०।-, कर्चुङ तामाङको ५४ कित्ता सेयरको रू.८३,९७०।- विजय तामाङको २० कित्ता सेयरको रू.३३,९८०।-, अजय तामाङको २० कित्ता सेयरको रू.४७,५८०।-, दिपा तामाङको २० कित्ता सेयरको रू.४७,५८०।-, आशा तामाङको २० कित्ता सेयरको रू.४७,५८०।-, सर्मिला तामाङको २० कित्ता सेयरको रू.४७,५८०।- गरी विभिन्न मितिमा जम्मा रू.७,४२,९९६।- दाखिल गरेको र सो रकम आफैँले चेकमा सही गरी निकाल्ने, रकमान्तर गर्नेसमेतको कार्य गरेको तथ्य मिसिल संलग्न रहेको नागरिक लगानी कोषको मिति २०७१।९।२ च.नं.१८६ को पत्रसाथ संलग्न नेपाल स्टक एक्सचेन्ज लि.को सेयर बिक्री गरेको लिखतको प्रतिलिपि, ज्योति विकास बैंकबाट प्राप्त बैंक स्टेटमेन्ट, जाहेरवालाहरूको बकपत्र एवम् यिनै प्रतिवादीको बयान बेहोरासमेतबाट पुष्टि हुन आयो । जाहेरीमा उल्लेख गरिएकोबाहेक अन्य व्यक्तिहरूको समेत अनधिकृत रूपमा खाता खोल्ने, रकम निकाल्नेलगायतका कार्य गरेको पुष्टि हुने आधार पेस हुन सकेको देखिएन। यस अवस्थामा यी प्रतिवादीले चेकमार्फत निकालेको तथा रकमान्तर गरेको कुरालाई बैंक स्टेटमेन्टले पुष्टि गरेको हदसम्म ठहर गरी सजाय गरेको र बिगो भराउने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीलाई १९ जनाको खाता खोल्न Approve गरेको, ४ जनाको चेकबुक दिएको, ज्योति विकास बैंकको Operation Manual को पालन नगरेको, जाहेरवालाको चेकबुक दावा भन्ने धावा छिरिङ लामालाई दिएको, नक्कली खाता खोली अनधिकृत चेक दिई रकम निकालेको हुँदा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(क)(ख) र ४(२) को कसुरमा ऐ. दफा १५(१) बमोजिम सजाय हुन अभियोग दाबी लिएको पाइन्छ । तर उक्त अभियोगपत्रमा खाता खोलिएको भनिएको १९ जना व्यक्तिको र चेकबुक दिएको भनिएको ४ जना व्यक्तिको विवरण खुलाउन सकेको पाइँदैन। त्यसैगरी यी प्रतिवादीले रू.२,९०,८१९।- रकम निकालेको भनी अभियोगमा दाबी लिए पनि के कति रकम के कुन मितिमा कसको खाताबाट अनधिकृत तवरले झिकेको हो भन्ने पनि स्पष्ट खुल्न सकेको नदेखिने।

प्रतिवादीले बैंकिङ प्रणालीबमोजिम सहकर्मीले विवरण भरी आवश्यक कागजात संलग्न राखी पेस गरेको कागज Approve गरेको, चेक पनि उनाउ व्यक्तिलाई नभई बैंककै कर्मचारी प्रतिवादी दावा भन्ने धावा छिरिङ लामालाई दिएको भन्ने देखियो । तर उक्त खाता खोल्न भरिएको विवरणमा सम्बन्धित व्यक्ति अर्थात् जाहेरवालाको नै सहीछाप हो होइन, उक्त खाता खोल्दा निजहरूको मन्जुरी वा जानकारी थियो थिएन भन्ने कुरा थाहा पाई जानीजानी खाता खोल्नसमेतको कार्य गरेको भन्ने अवस्था देखिन आएन। यसरी सम्बन्धित खातावालाको अनुपस्थितिमा खाता खोलिएको, रकम झिकिएको भन्ने देखिन आए पनि सो कार्यमा यी प्रतिवादीको कुनै संलग्नता रहेको

नदेखिएको र निज विरूद्ध कसैको जाहेरीसमेत नपरेको अवस्थामा निज उपरको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीले मौकामा र अदालतमा बयान गर्ने क्रममा जाहेरवाला तेन्जेन तामाङ र चुङज्याल्मो तामाङसमेतको नाउँमा खाता खोल्न बैंकका सहकर्मी दावा छिरिङले सबै विवरण भरी आवश्यक कागजात लिई आएको हुँदा सही गरी खाता खोलिएको हो । चेकबुक पनि निज दावा भन्ने धावा छिरिङ लामाले नै लिई गएको हो। बैंकको नीति नियम र प्राक्टिसअनुसार खाता खोलिएको हो भनी आरोपित कसुरमा इन्कार रहेको पाइयो। जाहेरवाला तेन्जेन तामाङ, चुङज्याल्मो तामाङ र मेम्बर तामाङले अदालतमा उपस्थित भई प्रतिवादी दावा भन्ने धावा छिरिङ लामाले सेयर बिक्री गरी राम्रो रकम आउँछ भन्ने विश्वास दिलाएकोले आफूहरू नागरिक लगानी कोषमा गई दस्तखत प्रमाणित गराई नागरिकतालगायतका कागजात निज प्रतिवादी दावा भन्ने धावा छिरिङ लामालाई दिएको, आफूहरूको नाउँमा ज्योति विकास बैंकमा खाता खोल्ने, रकम झिक्ने कार्य आफूहरूले नगरेको र सेयर बिक्रीको रकम पनि आफूहरूले प्राप्त नगरेको भनी जाहेरी बेहोरालाई समर्थन गर्दै बकपत्र गरिदिएको देखिँदा जाहेरवाला तेन्जेन तामाङसमेतका नाउँमा खाता खोल्दा पेस भएका कागजात नक्कली नभई सम्बन्धित व्यक्तिकै रहेको अवस्था देखिन आयो। उपर्युक्त तथ्यहरूबाट यी प्रतिवादीले बैंकिङ प्रणालीबमोजिम सहकर्मीले विवरण भरी आवश्यक कागजात संलग्न राखी पेस गरेको कागज Approve गरेको, चेक पनि उनाउ व्यक्तिलाई नभई बैंककै कर्मचारी प्रतिवादी दावा भन्ने धावा छिरिङ लामालाई दिएको भन्ने देखियो। तर उक्त खाता खोल्न भरिएको विवरणमा सम्बन्धित व्यक्ति अर्थात् जाहेरवालाको नै सहीछाप हो होइन, उक्त खाता खोल्दा निजहरूको मन्जुरी वा जानकारी थियो थिएन भन्ने कुरा थाहा पाई जानीजानी खाता खोल्नसमेतको कार्य गरेको भन्ने अवस्था देखिन आएन। यसरी सम्बन्धित खातावालाको अनुपस्थितिमा खाता खोलिएको, रकम झिकिएको भन्ने देखिन आए पनि सो कार्यमा यी प्रतिवादीको कुनै संलग्नता रहेको नदेखिएको र निज विरूद्ध कसैको जाहेरीसमेत नपरेको अवस्थामा निजउपरको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने।

खाता खोल्दा सम्बन्धित खातावालालाई जानकारी गराइएको थियो वा थिएन, निजले दस्तखत गरेको थियो वा थिएन भन्ने कुरा चेकको भुक्तानी दिने व्यक्तिलाई थाहा हुने वा सरोकार हुने अवस्था हुँदैन । बेयरर चेक सम्बन्धित बैंकमा पेस भएपछि भुक्तानी दिनुपर्ने दायित्व सम्बन्धित बैंकको हुन्छ । यसरी सम्बन्धित खातावालाको खातामा जम्मा रहेको रकम निजको नाउँको एकाउन्ट पेयी चेकबाट भुक्तानी दिएको कार्यलाई अनधिकृत रूपमा भुक्तानी दिएको भन्न नमिल्ने हुँदा यी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने।

बैंकिङ प्रणालीमा सम्बन्धित खातावालाको चेकबाट खातामा मौज्दात रहेको रकमको भुक्तानी माग गरी चेक पेस भएको अवस्थामा सोको भुक्तानी दिनु सम्बन्धित बैंकको कर्तव्यअन्तर्गत पर्छ, विनाकारण चेकको भुक्तानी दिन इन्कार गर्न मिल्ने हुँदैन। खाता के कसरी खोली रकम जम्मा भएको थियो भन्ने तथ्य चेकको भुक्तानी दिने कर्मचारीलाई थाहा हुने विषय नहुने ।

प्रतिवादी दावा भन्ने धावाछिरिङ लामा तथा दिनेश तामाङलाई कसुरदार ठहर गरी सजाय गरेको र अन्य प्रतिवादीहरूउपरको अभियोग दाबी पुग्न नसक्ने भई आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।३।२९ को फैसला कानूनसम्मत् मिलेको देखिँदा सदर हुने। प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउँ भनी दिएको पुनरावेदन जिकिर र सजाय भएका प्रतिवादीहरूउपर कम बिगो कायम गर्नुका साथै

सफाइ पाएका बैंकका कर्मचारीहरूलाई समेत अभियोग मागदाबीबमोजिम नै बिगोसमेत कायम गरी सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत:- कर्णबहादुर राई

कम्प्युटर :- पद्मा आचार्य

**इति संवत २०७७ साल माघ १५ गते रोज ५ शुभम्।**

**४१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-०४४४, उत्प्रेषण, नारायण महर्जनसमेत वि. काठमाडौं जिल्ला, नागार्जुन नगरपालिका, वडा नं. ४ वडा समिति ऐ. ४ नं. वडा समितिको कार्यालय, सीतापाइला चक्रपथ (लाम्थुम्की) समेत*

प्रस्तुत रिट निवेदनमा विपक्षीहरूको लिखित जवाफ हेर्दा विवादित क्षेत्रमा राजकुलो रही त्यसको चौडाइ १० फिट रहेकोमा मुख मिलेको देखिन्छ । साबिकमा राजकुलोको रूपमा रहेको जग्गालाई बाटोको रूपमा प्रयोग गर्दा पनि सेटब्याक आदि छोड्नुपर्ने कुरामा नछोडी संरचना निर्माण भएको हो होइन भन्ने कुरा पनि हेरिनुपर्ने हुन्छ । सार्वजनिक राजकुलो वा सडकमा यति क्षेत्रफल सेटब्याक छाडेर संरचना निर्माण गर्न दिने भनी नगरपालिकाले भन्न र नीतिगत निर्णय गर्न नपाउने हुँदैन । तर सार्वजनिक जग्गाबाहेक व्यक्तिको जग्गा सार्वजनिक प्रयोजनको लागि प्राप्त गर्नुपर्दा सम्बन्धित जग्गाधनीले मन्जुरी दिएमा बाहेक कानूनको प्रक्रिया अनुशरण गर्नुपर्ने हुन्छ । राजकुलो मर्मत तथा सुधार समितिले बाटो विस्तार गर्दा व्यक्तिको जग्गा वा सम्पत्ति रहेको स्थानमा परेका सबैको मन्जुरी लिएको भनी पुष्टि हुने आधार पेस गर्न सकेको देखिँदैन । न त मन्जुरी नभएको जग्गाधनीलाई मुआब्जा दिएको अथवा मुआब्जा दिएर मात्र व्यक्तिको जग्गा कब्जा गर्ने प्रक्रिया पूरा गरेको भनी उल्लेख गर्न सकेको पाइन्छ । सडक विस्तार गर्दा प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी गर्नुपर्दछ । सडक विस्तारलगायत जुनसुकै विकास निर्माणको कार्य गर्दा व्यक्तिको घर बसोबास वा सम्पत्तिमा असर पुग्ने भएमा त्यसको उचित क्षतिपूर्ति राज्यले दिएर मात्र विकास निर्माणको कार्य गर्नुपर्ने हुन्छ । क्षतिपूर्ति र मुआब्जा पाउने व्यक्तिको संवैधानिक र कानूनी हक पनि हो । यस सन्दर्भमा यस अदालतको संयुक्त इजलासबाट निवेदक सान्त्वना सुवेदीसमेत भएको रिट निवेदनमा "सरकार वा सरकारअन्तर्गतका कुनै निकायले सडक निर्माण वा विस्तारको निम्ति जग्गा प्राप्त गरेको अवस्था होस् वा सार्वजनिक हितमा गरिने अन्य विकास निर्माणसम्बन्धी आयोजनाको निम्ति जग्गा प्राप्त गरेको अवस्था होस्, जुनसकै अवस्थामा पनि जग्गा प्राप्त वा अधिग्रण गर्दा वा अन्य कुनै प्रकारको अधिकारको सिर्जना गर्दा क्षतिपूर्तिबेगर सम्पत्तिसम्बन्धी हकमा अतिक्रमण गर्न मिल्दैन । यसो गर्नु संविधान प्रतिकूल हुन्छ" (ने.का.प.२०७५, अङ्क ९, नि.नं. १०१०२) भनी ब्याख्यासमेत भएको देखिन्छ । प्रस्तुत विवादमा पनि राजकुलो मर्मत तथा सुधार समितिले जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको प्रक्रिया अवलम्बन गरी बाटो विस्तार गरेको भन्ने देखिँदैन । सडक विस्तारको निमित्त व्यक्तिले आफ्नो जग्गा स्वेच्छाले प्रदान गर्नु उसको स्वेच्छिक कार्य हो । यस्तो अवस्थामा क्षतिपूर्ति वा मुआब्जाको प्रश्न आउँदैन । तर कसैको इच्छा विरूद्ध निजको स्वामित्वमा रहेको जग्गा प्राप्त गर्नुपर्दा अनिवार्य रूपमा क्षतिपूर्तिको प्रत्याभूति हुनुपर्दछ । उपर्युक्त राजकुलो वरपर रहेको निवेदकहरूको जग्गा प्राप्त गरेबापत निजहरूले उचित एवम् न्यायोचित क्षतिपूर्ति प्राप्त गर्ने हक विद्यमान रहेको अवस्थामा विपक्षीहरूले निवेदकको मन्जुरीसमेत नलिई बाटो विस्तारको लागि बाटोमा चिह्न लगाएको र चिह्न लगाएको क्षेत्रभित्र पर्ने व्यक्तिको भौतिक संरचना भत्काई बाटो निर्माणको कार्यमा सहयोग पुऱ्याउन आह्वान गरेको कार्य कानूनसम्मत नदेखिने।

अतः नागार्जुन नगरपालिका वडा नं. ४ स्थित राजकुलोमा १० (दश) फिटको बाटो कायम रहेकोमा राजकुलो मर्मत तथा सुधार समितिले १३ फिटको बाटो बनाउने भनी मिति २०७५/०६/१३ मा गरेको निर्णय

तथा उक्त निर्णयको आधारमा मिति २०७५/०६/१४ र २०७५/०७/१८ मा जारी भएका सूचना र सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू निवेदकहरूको हकमा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । साथै, अब सडक विस्तार गर्नुपरेको खण्डमा निवेदकहरूको मन्जुरीबेगर अथवा कानूनले तोकेको प्रक्रियाबेगर निवेदकहरूको स्वामित्व भोगमा रहेको जग्गाहरूमा अतिक्रमण गर्ने, हस्तक्षेप गर्ने, घर पर्खाललगायतका अन्य कुनै पनि संरचनाहरू नभत्काउनु नबिगार्नु र व्यक्ति विशेषको आवासमा प्रवेश गर्ने, सम्पति नष्ट गर्नेलगायतको कार्य नगर्नु, नगराउनु भनी प्रतिषेधको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: रंजना विश्वकर्मा

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७८ साल कार्तिक ७ गते रोज १ शुभम्।**

**४२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७५-WO-०३४९, उत्प्रेषण / परमादेशसमेत, मञ्जु दाहालसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

हेल्थ असिस्टेन्टभन्दा तहगत संरचनामा सि.अ.हे.व. अधिकृत तह-६ को तह/श्रेणीअगाडि देखिन्छ । यसरी तल्लो तह/श्रेणीको हेल्थ असिस्टेन्टलाई स्वास्थ्य चौकीको प्रमुख बनाउने र माथिल्लो तहलाई सहायक बनाउने कार्यले निवेदकहरूको कार्य गर्ने जोश जाँगरमा असर पर्न सक्ने भएकोले निवेदकहरूलाई काम गर्न हतोत्साहित नहुने तवरबाट आवश्यक व्यवस्था हुनुपर्ने देखिन आउँछ । यस्तो निर्णयबाट कर्मचारीमा वितृष्णा बढ्न जाने तथा कामप्रति लगाव हुन नसक्ने हुँदा कार्यसम्पादनमा असर पर्न गई समग्र सङ्गठनमा नै असर पर्नसक्ने देखिन्छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।९।२४ को स्वास्थ्य चौकीको प्रस्तावित सङ्गठन संरचना खडा गर्ने निर्णय स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ अन्तर्गतको अनुसूची-३ को व्यवस्थासँग मेल खान आएको देखिँदैन । उक्त मिति २०७१।९।२४ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा आएको ७ वर्ष भएकोले अहिले उक्त निर्णय बदर गर्दा तत्कालै जनशक्तिको व्यवस्थापनमा समस्या उत्पन्न हुने भएकोले बदर गर्नु व्यावहारिक रूपमा समेत उपयुक्त देखिन नआउने ।

निवेदकले छैठौं तहमा स्तरवृद्धि भएको आठ वर्ष व्यतीत भइसक्दा पनि सातौं तहमा स्तरवृद्धि नगर्ने, समान शैक्षिक योग्यता र तालिम भएकालाई सातौं तहमा स्तरवृद्धि गर्नुले हामीप्रति असमान व्यवहार भई अन्याय गरेको साथै योग्यता पुगेकोलाई आन्तरिक प्रतिस्पर्धामा "सातौं तहमा" सामेल हुन पाउनुपर्नेमा नदिइएको भन्ने लिएको निवेदन जिकिर सन्दर्भमा हेर्दा योग्यता पुगेको व्यक्तिलाई सातौं तहमा स्तरवृद्धि नरोकेको भनी विपक्षीहरूले लिखित जवाफमा उल्लेख गरेको देखिँदा योग्यता पुगेका व्यक्तिहरूको स्तरवृद्धि सातौं तहमा पुग्न सक्ने नै हुँदा सोतर्फ केही उल्लेख गरिरहन नपर्ने ।

यसरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।९।२४ को स्वास्थ्य चौकीको प्रस्तावित सङ्गठन संरचना खडा गर्ने निर्णय कार्यान्वयनमा आएको करिब ७ वर्ष भइसकेको कारणले गर्दा हाल आएर उक्त निर्णय बदर गर्दा तत्कालै जनशक्तिको व्यवस्थापनमा समस्या उत्पन्न हुन सक्ने भएकोले बदर गरिरहन परेन । उक्त निर्णय स्वास्थ्य सेवा नियमावलीको नियम ७ अन्तर्गतको अनुसूची ३ को व्यवस्थासँग मिलेको नदेखिँदा संविधान र कानूनको व्यवस्थाबमोजिम पुनरावलोकन गरी यी रिट निवेदकहरूको योग्यता तथा क्षमतालाई दृष्टिगत गरी उचित व्यवस्थापन गर्नु भनी विपक्षीको नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७८ साल पौष २१ रोज ४ शुभम् ।**

यसै लगाउको निम्न मुद्दामा पनि यसै अनुसार फैसला भएको छ ।

- ०७४-WO-०९९२, उत्प्रेषण / परमादेशसमेत, संजयकुमार साहसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत
- ०७५-WO-०१६७, उत्प्रेषण / परमादेशसमेत, सत्रुधनप्रसाद साहसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

**इजलास नं.७**

**४३**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०१६४, कुटपिट अङ्गभङ्ग, कुलबहादुर पौथाक लिम्बू वि. नेपाल सरकार

प्रस्तुत विवाद राजनीतिक पार्टीको प्रभुत्व जमाउने प्रयत्न स्वरूप सिर्जना भएको अनुभूति भएको र कुटपिट गरी फरक राजनीतिक आस्था वा समर्थन भएकालाई तर्साउने डराउने उद्देश्य राखेको देखिएको हुँदा यो सम्बन्धमा उपर्युक्तबमोजिमको टिप्पणी गरिनु सान्दर्भिक देखिन्छ। उपर्युक्तबमोजिम कुटपिट भए पनि हाल पीडितको अवस्था के रहेको छ भन्ने सम्बन्धमा पनि विचार गरिनुपर्ने आवश्यकता छ। कुन राजनीतिक दललाई भोट दिने भन्ने जरियाबाट सिर्जित विवादमा कुटपिट भएको कारण पीडित पासाङ तेम्बा शेर्पाको हात भाँचिएकोमा विवाद देखिँदैन, तथापि जिल्ला अस्पताल ताप्लेजुङको मिति २०७१।१२।१८ को मेडिकल रिपोर्टबाट भाँचिएको हात जोडिएको र हाल काम गर्न सक्ने प्रकृतिको देखिएको भनी प्रमाणित गरिएको पाइन्छ । यस अवस्थामा माथि उल्लेख भएबमोजिम कुटपिट भए पनि ऐ. महलको २ नं. बमोजिम कुटपिट अङ्गभङ्गको खत भएको अवस्था मान्न नसकिने।

तसर्थ, प्रस्तुत वारदातको प्रकृति र पीडितको हालको अवस्थासमेत विचार गर्दा प्रस्तुत वारदात र कुटपिटको प्रकृति एवम् परिणामबाट अङ्गभङ्गअन्तर्गतको कसुर नदेखिएकोले ताप्लेजुङ जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी कुलबहादुर पौथाक लिम्बूलाई मुलुकी ऐन कुटपिटको ६ नं. बमोजिम २(दुई) वर्ष कैद हुने ठहर गरेको पुनरावेदन अदालत इलामको मिति २०७२।१।८ को फैसला केही उल्टी भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ बमोजिम सरोकारवाला व्यक्ति पीडितलाई पक्ष कायम गरिदिएको ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटर - विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७८ साल भाद्र ३ गते रोज ५ शुभम्।**

**४४**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-CR-०५२८, जबरजस्ती करणी र लागु औषध, नेपाल सरकार वि. चन्द्रबहादुर विष्टसमेत*

पीडितलाई पहिलो पटक जंगलमा प्रतिवादीमध्येका चन्द्रबहादुर विष्टले करणी गरेको तत्पश्चात् देवस्थली बजारमा रहेको गोरखनाथ होटलमा लगी अर्का प्रतिवादी सुनिल वि.क.ले जबरजस्ती करणी गरेको भन्ने मिसिल कागजातबाट देखिन्छ । जाहेरवालीकै भनाइबाट पनि चन्द्रबहादुर विष्टले जंगलमा जबरजस्ती करणी गरिसकेपछि जाहेरवाली र प्रतिवादी सबै एकसाथ बाइकमा बसी गोरखनाथ होटलसम्म आएको, त्यहाँ प्रतिवादी सुनिल के.सी.ले पनि जबरजस्ती करणी गरेको भनी लेखाएको देखिन्छ । घटना विवरण कागज गर्ने गोरखनाथले अदालत आई बकपत्र गर्दा चन्द्र विष्ट ढोकाबाहिर उभिएको भनेबाट पनि दुवै जनाले एकै पटक जाहेरवालीको शरीरमा हात हालेको वा सँगै रहेको भन्ने देखिँदैन।

सामूहिक करणीको वारदात स्थापित हुनको लागि एकै स्थानमा एकभन्दा बढी व्यक्तिले

एकै व्यक्तिलाई करणी गरेको हुनुपर्छ । यससम्बन्धमा यस अदालतबाट नेपाल सरकार विरूद्ध अब्दुल कलाम मुसलमानसमेत भएको जबरजस्ती करणी मुद्दामा "दुवै प्रतिवादीले एकै समयमा करणी गरेको स्थापित नभएसम्म सामूहिक करणी गरेको भनी ठहर गर्ने अवस्था हुँदैन" भनी (ने.का.प. २०७६, अङ्क १, नि.नं. १०१७३) सिद्धान्त कायम भएको पाइन्छ। उक्त नजिरको परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले पीडितलाई एकै स्थानमा एउटै समयमा करणी गरेको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको र एकले करणी गरेपछि सँगै होटलसम्म गई खाजा खाई तत्पश्चात् अर्का प्रतिवादीले करणी गरेकोले जबरजस्ती करणी महलको दफा ३क. बमोजिम सामूहिक रूपमा करणी गरेको ठहर गरी भएको बाजुरा जिल्ला अदालतको मिति २०७६।३।२३ को फैसला सो हदसम्म उल्टी हुने ठहर गरी उच्च अदालत दिपायलबाट मिति २०७६।११।२७ मा भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न नमिल्ने।

अतः जबरजस्ती करणी महलको ३क. नं. बमोजिम सामूहिक जबरजस्ती करणी गरेको ठहर गरी जनही थप ५ (पाँच) वर्ष कैद हुने ठहर गरेको बाजुरा जिल्ला अदालतको फैसला नमिलेको हुँदा सो हदसम्म उल्टी हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७६ ।११ ।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- गम्भिर राना मगर

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७८ साल असार २३ गते रोज ४ शुभम् ।**

**इजलास नं.९**

**४५**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७७-WH-०३५८, बन्दीप्रत्यक्षीकरण, नवराज तामाङ वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत*

निवेदकउपर डाँका-चोरी, शरीरबन्धक र सङ्गठित अपराध मुद्दामा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (१) मा निषेधित एवम् सोही दफा २४४ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसुर गरे गराएकोले सोही संहिताको दफा २४४ को उपदफा (३) को खण्ड (क) बमोजिम सजाय हुन र उल्लिखित प्रतिवादीहरूले एउटै वारदातमा एकभन्दा बढी कसुर गरे गराएकोले मुलुकी अपराध संहिता, २०७४ को दफा ४३ को उपदफा (१) मा निषेधित एकीकृत कसुरसमेत गरेकोले सोही दफा ४३ को उपदफा (२) बमोजिम प्रतिवादीहरूलाई थप सजाय हुने माग दाबीबमोजिम दायर भएको मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेशलाई उच्च अदालत पाटनबाट आदेश बेरितको नभई कानूनबमोजिम नै रहेको भनी बसेको थुनालाई विभिन्न कारण अवस्था र परिस्थिति दर्साई वैकल्पिक उपचारको मार्ग नभएको भनी केवल निवेदकले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी धरौटी वा साधारण तारेखमा बसी पुर्पक्ष गर्न पाउँ भन्ने जिकिरका आधारमा निजले अवलम्बन गरेको कानूनी उपचारको मार्गलाई अपर्याप्त वा प्रभावहीन भन्ने निष्कर्षमा पुग्ने हो भने त्यसले साधारण अधिकारक्षेत्रअन्तर्गत सक्षम अदालतबाट तह तहगत रूपमा तथ्य र प्रमाणको मूल्याङ्कन भई न्याय निरूपण भएका प्रत्येक विषयलाई असाधारण अधिकारक्षेत्रको विषयवस्तु बनाउने प्रवृत्तिलाई प्रोत्साहन मिल्न जाने खतरा हुन्छ । जुन रिट क्षेत्राधिकारको सिद्धान्त र मुद्दाको अन्तिमताको सिद्धान्तको समेत विपरीत हुन जाने।

अतः क्षेत्राधिकार सम्पन्न सक्षम अदालतहरूबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत डाँका-चोरी शरीरबन्धक र सङ्गठित अपराध मुद्दामा कानूनको त्रुटि वा स्वच्छ सुनुवाइको अवसरमा समेत कुनै त्रुटि नभई न्यायिक मनको प्रयोग गरी निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०७६।३।८ मा भएको

थुनछेक आदेशलाई कानूनसम्मत रहेको भनी सदर गरेको उच्च अदालत पाटनबाट मिति २०७६।५।१९ मा भएको आदेश कानूनसम्मत नै देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपरेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७८ साल जेठ २७ गते रोज ५ शुभम् ।**

**४६**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-WO-०८३४, उत्प्रेषण परमादेश, रामप्रसाद फुलारासमेत वि. शिक्षक सेवा आयोग, भक्तपुर, सानोठिमी*

निवेदकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम निवेदकहरुले बढुवा जस्तो वृत्ति विकासको निमित्त अधिकारप्राप्त निकाय एवम् अधिकारीसमक्ष पेस गरेकोमा त्यस्ता कार्य सम्पादन मूल्याङ्कन फारामलाई यथासमयमा जो जे फछ्र्यौट गरी कानूनबमोजिमका तत्तत् निकाय अधिकारीसमक्ष पठाउनुपर्ने कानूनी कर्तव्य एवम् दायित्व रहेको देखिन्छ । कानूनी कर्तव्य एवम् दायित्व निर्वाहको जिम्मेवारी लिएका विपक्षी विभिन्न विद्यालयका शिक्षकहरूले समयमा कानूनी कर्तव्य एवम् दायित्व निर्वाह नगरी निवेदकहरूलाई बढुवा जस्तो वृत्ति विकासमा बाधा एवम् अवरोध पुग्न गएको तथ्य मिसिल कागजात एवम् कार्य सम्पादन मूल्याङ्कन फारामको अवलोकनबाट देखिन आयो । यस प्रकार निवेदकहरू आफ्नो काम, कर्तव्य दायित्व प्रति क्रियाशिल र कर्तव्यपरायण रहँदै कानूनी व्यवस्थाबमोजिम बढुवासमेतको वृत्ति विकासको स्वाभाविक अधिकार निवेदकहरूको देखिन आउँछ । साथसाथै निवेदकहरुले अधिकार स्वरूप बढुवामा दाबी गर्न पाउने, शिक्षक पदहरूमा अन्य शिक्षकहरू बढुवा भई क्रियाशिल र कर्तव्ययुक्त भएको देखिन्छ । निज शिक्षक पदमा बढुवा भई कार्यरत शिक्षकहरू स्वयंको पनि निवेदकहरूलाई असरग्रस्त बनाउन स्वयंको भूमिका वा दुराशाय देखिन पनि आउँदैन । निवेदकहरूको मर्का वा निजहरूको कानून प्रदत्त हकमा परेको आघात निजहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने कानूनी दायित्व भएका विपक्षीहरूको कार्यको कारणले भएको देखिन्छ । निज कानूनी जिम्मेवारी भएका विपक्षीहरूको यस्ता प्रकारका अनपेक्षित कार्यहरुको समुचित सम्बोधन नभएमा वा कानूनले कर्तव्य तोकेका जिम्मेवार व्यक्तिबाट उचित जिम्मेवारी बहन नगरी कसै व्यक्तिको वैध अधिकारमा हुने घातलाई निरन्तरता दिन उचित र न्यायसङ्गत हुन सक्ने हुन्न । साथै यस्तो भएमा दण्डहिनताको अवस्था सिर्जना हुन सक्ने । प्रचलित कानूनले समयमा कार्य सम्पादन मुल्याङ्कनसमेतको कार्य सम्पन्न नगर्ने व्यक्तिहरूलाई शिक्षा सेवा आयोग नियमावली, २०५७ को नियम ३२ (घ) को उपनियम (१०) ले "निर्धारित अवधिभित्र कार्य सम्पादन मुल्याङ्कन फाराम भरी पेस नगर्ने शिक्षक समयमा मूल्याङ्कन नगर्ने सुपरीवेक्षक तथा पुनरावलोकन समितिका पदाधिकारीहरूउपर अख्तियारवालाले विभागीय कारबाही गर्नुपर्ने छ" भनी कानूनी व्यवस्था गरेको पाइने ।

निवेदकहरूबाट पेस भएका कार्य सम्पादन मूल्याङ्कन फारामहरूमा आ-आफ्नो जिम्मेवारीबमोजिमका कार्यहरू सम्पन्न गरी तत्तत् खण्डमा दस्तखत, नाम थर, पद, सङ्केत नं. तथा मिति उल्लेख गरी चुस्त दुरूस्त बनाइराख्नुपर्नेमा प्रधानाध्यापक, सुपरिवेक्षक तथा पुनरावलोकन समितिका पदाधिकारीहरूले आ-आफ्नो कानूनी जिम्मेवारी तथा कर्तव्य पूरा गरेको नदेखिएको देखिएको हुँदा को कसको कस्तो कार्य कारणले निवेदकहरूको समयमा कार्य सम्पादन मूल्याङ्कन फाराम नभरिएको हो सोको यथोचित छानबिन गरी विभागीय कारबाही गर्नु गराउनु भनी विपक्षी शिक्षा मन्त्रालय, शिक्षा सेवा आयोग, क्षेत्रीय शिक्षा निर्देशनालय एवम् जिल्ला शिक्षा कार्यालय, कैलालीसमेतको नाममा परमादेशको आदेश

जारी हुने ।

इजलास अधिकृतः- उदवीर नेपाली, नारायण सापकोटा

कम्प्युटरः- सरस्वती दाहाल

**इति संवत् २०७८ साल माघ ३ गते रोज २ शुभम् ।**

**इजलास नं.१०**

**४७**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-CI-०३४२, मोही नामसारी प्रमाण पत्र पाऊँ, शिबा (शाह) राणा वि. घुर्नी थरूनी*

मोहियानी हकको लागि आवश्यक पर्ने प्रमाण १ नं. लगत २ नं. अनुसूची फाराम पनि हो तर सो कागज प्रमाण प्रस्तुत मिसिलमा रहे भएको पाइएन । अधिकारको स्रोतलाई पुष्टि गर्ने प्रमाण नै मिसिलमा नभएपछि सोको अभावमा मेरो हक लाग्छ भनी जिकिर लिएर मात्र हुँदैन । वादीतर्फबाट दाबीलाई पुष्टि गर्ने गरी मोहियानी प्रमाणपत्रको सक्कल कागजात प्रस्तुत गरी देखाउन सकिएको अवस्था छैन । २०६२ सालमा कृष्ण विक्रम शाहको मृत्यु भइसकेको भन्ने मिसिल समावेश मृत्यु दर्ता प्रमाणपत्रबाट देखिएकोमा २०६७ सालमा कृष्ण विक्रम शाहलाई कुत बुझाएको भन्ने वादीको भनाइ तथ्यसङ्गत नदेखिँदा सो विश्वासयोग्यसमेत रहेको नपाइने ।

मालपोत कार्यालय सुनसरीबाट लेखी आएको च.नं.८५८५ मिति २०६७।१२।१३ को पत्रबाट साबिक कि.नं.६०, ६१, ६२ को जग्गा कृष्ण विक्रम शाहको नाममा दर्ता भई उक्त जग्गाहरूको मोही महलमा कि.नं.६० को मोही रामे चौधरी कि.नं.६१ को मोही महल खाली, कि.नं.६२ को मोही कृष्ण विक्रम शाह उल्लेख भएको देखिन्छ । जसबाट कि.नं.६१ र ६२ मा वादीको पति रामे चौधरी मोही भनी उल्लेख भएको पाइँदैन । यसैगरी प्रमाणको लागि पेस भई मिसिल समावेश रहेको कृष्ण विक्रम शाहका नाउँको जग्गाधनी दर्ता स्रेस्ता प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपिबाट विवादित कि.नं.६१ र ६२ को जग्गामा मोहिको महलमा मोहीको नाम, थर, वतन उल्लेख नभई खाली रहेको पाइन्छ । वादीबाट पेस हुन आएको मोहियानी हकको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि हेर्दासमेत भूमिसम्बन्धी ऐन,२०२१ को दफा २५ बमोजिमको मोही प्रमाण पत्रको ढाँचा र प्रकृतिसँग भिडेको देखिँदैन । यसरी मिसिल संलग्न रहेको वादीको मोही हकसम्बन्धी प्रमाणहरूलाई केलाई मूल्याङ्कन गर्दा विवादित कि.नं. को जग्गामा वादीको पति रामेचौधरी मोही हो भनी नजनिएको कारणले विवादको कि.नं.६१, ६२ को जग्गामा वादीको पति स्व. रामे चौधरीको मोही हक कायम भएको अवस्था नहुँदा निजपछि निजकी श्रीमती घुर्नी थरूनीको नाममा मोही हक नामसारी हुन सक्ने अवस्था देखिन आएन । यसका साथै मोहीको १ नं. लगत र २ नं. अनुसूची कागजसमेत प्राप्त हुन नसकेको र मालपोत कार्यालय सुनसरीबाट प्राप्त स्रेस्ता उतारबाट उक्त कि.नं. को जग्गामा मोही उल्लेख भएको नदेखिएको र वादीबाट पेस भएको मोहीको प्रमाणपत्रको प्रतिको पनि भूमि सुधार कार्यालयमा सक्कल मोहीको प्रमाणपत्रको स्रेस्ता नै नभएको कारणले सो भिडाउन नसकी उक्त प्रमाणपत्रको प्रति वास्तविक हो होइन ? भनी यकिन हुन नसकेको हुँदा दाबीको कि.नं. ६१ र ६२ को जग्गाको मोही नामसारी गरिपाउँ भन्ने वादीको दाबी प्रमाणित भई पुष्टि हुन सकेको नदेखिँदा त्यस आधारबाट पनि कि.नं. ६१ र ६२ मा मोही हक कायम गरिपाउँ भन्ने वादीको दाबी सत्य तथ्यमा आधारित भएको नदेखिने ।

जग्गाधनी शिवा (शाह) राणा भएको विवादित कि.नं.६१ को जग्गाको हकमा मोही महल खाली भएको र कि.नं.६२ को हकमा मोही महलमा कृष्ण विक्रम शाह उल्लेख भएको मिसिल समावेश जग्गाधनी दर्ता स्रेस्ता उतारको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । वादी घुर्नी थरूनीका पतिले २०२४ सालमै कमाउन सक्दिन भनी छोडपत्रको कागज गरिसकेपछि त्यस्तो जग्गामा पत्नीको हैसियतले मोहियानी नामसारी गर्ने हकदैया पुनरावेदिकामा रहने स्थितिसमेत भएन ।

वादीका पतिले उक्त जग्गाबाट आफ्नो मोहीको हक छोडपत्र गरिसकेपछि सो जग्गाबाट निज मोहीको लगत कट्टा भएको मितिले करिब ३७ वर्षसम्म निज वादीका पतिले आफ्नो जीवनकालमा मोही हक लगत कट्टाको निर्णयउपर उजुर नगरी बसेको तथ्यबाट वादी घुर्नी थरूनीले दाबीको जग्गाको जोत कमोद हालसम्म गरिरहेको भनी उल्लेख गरेको कथन विश्वसनीय देखिँदैन। वादीका पती स्व. रामे चौधरीको मोही हक कायम हुन नसकेको अवस्थामा निजको पत्नीको हैसियतले दाबीको जग्गामा पतिको मोहियानी हक नामसारी गर्न हकदाबी गर्न पाउने हकअधिकार वादी घुर्नी थरूनीमा हुने कानूनी आधार हुन सक्दैन भनी यसै सम्मानित अदालतबाट निवेदक घुर्नी थरूनी विरूद्ध भूमि सुधार कार्यालय सुनसरीसमेत भएको उत्प्रेषण मुद्दामा (मुद्दा नं. ०६८-CI-१३३६) मिति २०७३।०९।१८ मा फैसला भइसकेको भन्ने प्रमाणको उक्त उत्प्रेषण मुद्दाको मिसिलबाट देखिन्छ साथै मिति २०३०।११।२९ को निर्णयबाट मोही लगत कट्टा भएउपर परेको उक्त उत्प्रेषणको निवेदनमा कि.नं. ६१ र ६२ को जग्गामा यी निवेदिकाको पती स्व. रामे चौधरी र यी वादी घुर्नी थरूनीको मोही हक बारेमा उल्लेख भएको नपाइँदा कि.नं. ६१ र ६२ को जग्गामा वादीको पति मोही रहे भएको भनी भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, दाबीको कि.नं. ६१ र ६२ को जग्गामा वादीको पति स्व. रामे चौधरीको नाममा मोही हक कायम भएको नदेखिँदा निजकी श्रीमती घुर्नी थरूनीले सो जगगाको मोही नामसारी गरिपाउँ भनी लिएको दाबी मोहियानी हकको प्रमाणपत्रको स्रेस्ता अभिलेख नभएको, मोहीको १ नं. लगत र २ नं. अनुसूची फाराम नभएको, कार्यालयमा भएको स्रेस्तामा विवादित कि.नं. ६१ र ६२ को जग्गामा वादीको पतिको नाम मोहीमा उल्लेख नभएको, कार्यालयको लगत फाँटमा रहेको मोहीको प्रमाणपत्र को स्रेस्ता नै नरहेको हुँदा सो भिड्न नसकेको र वादीले पेस गरेको मोहियानी हकको प्रमाणपत्र प्रतिबाट मात्र दाबी पुष्टि हुन नसकेकोसमेतका आधार प्रमाणहरूबाट वादीको दाबी मनासिब देखिन नआउने।

अतः विवादित कि.नं.६१ र ६२ को जग्गामा वादीको पति स्व. रामे चौधरी साबिकमा नै मोही कायम रहेको नदेखिएपछि निजपछिको निजको पत्नी यी वादी घुर्नी थरूनीको नाममा उक्त जग्गाको मोही नामसारी हुने अवस्था नदेखिएकोले उक्त कि.नं. ६१ र ६२ को जग्गामा मेरा पति स्व. रामे चौधरी मोही रहेकाले सो जग्गाको मोही हकको नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने गरी भूमि सुधार कार्यालय सुनसरीबाट मिति २०६९।१०।२२ मा भएको निर्णय उल्टी गरी वादी दाबीबमोजिम मोही नामसारी हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०७१।०३।०८ को फैसला माथि विवेचना गरिएको आधार एवम् प्रमाणसमेतबाट मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: सदिक्षा नेपाल

**इति संवत् २०७६ साल फागुन २८ गते रोज ४ शुभम्।**

**४८**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. श्री डम्बरबहादुर शाही,** *०६८-WO-१११०, उत्प्रेषण, दिनेशकुमार पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह ६ को खण्ड (ग) मा विश्वविद्यालय तथा विद्यालयहरूपछि "प्रवेश परीक्षा तयारी कक्षा र बृज कोर्ष" भन्ने शब्दावली थपी सो शब्दावली समावेश गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ को समूह ६ को खण्ड (ग) मा संशोधन गर्न प्रस्ताव गर्नु भन्ने सम्बन्धमा सामयिक कर असुल ऐन, २०१२ को दफा (३) ले दिएको अधिकार प्रयोग गरी संवत् २०६८ साल श्रावण १ गतेदेखि प्रारम्भ हुने गरी नेपाल सरकारले जारी गरेको आदेशको दफा ८ को उपदफा (१) को "स्पष्टीकरण" खण्डमा सो दफाको प्रयोजनको लागि निजी क्षेत्रबाट सञ्चालित "शिक्षण संस्था" को परिभाषा गरिएको र सो परिभाषामा "तालिम

तथा पुनर्ताजगी तालिम प्रदान गर्ने संस्थाबाहेक कानूनबमोजिम दर्ता भएका र निजी क्षेत्रबाट सञ्चालित, विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालयलगायत जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकायलाई जनाउने" भनी स्पष्ट गरेको देखिने।

मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा ५ अनुसार मूल्य अभिवृद्धिकर लाग्ने कारोबारहरूमा मात्र मूल्य अभिवृद्धि कर उठाउँदै आएको देखिन्छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ मा उल्लिखित वस्तु तथा सेवाहरूमा मूल्य अभिवृद्धि कर नलाग्ने हुँदा सोही अनुसूची-१ को समूह ६(ग) मा उल्लेख भएका विद्यालय तथा विश्वविद्यालयले प्रदान गर्ने शिक्षण सेवामा मू.अ.कर छुट भएकोले असुलउपर गरिएको छैन, सोबाहेकका अन्य शैक्षिक सेवाहरूमा मूल्य अभिवृद्धि कर छुट नभएकोले असुल गरिएको छ । मूल्य अभिवृद्धि कर लाग्ने कारोबारमा मात्र मूल्य अभिवृद्धि कर लगाइएको भनी विपक्षी आन्तरिक राजस्व विभागको लिखित जवाफबाट देखिन्छ। यसरी कानूनबमोजिम बाहेक कुनै कर लगाइएको असुलउपर गरिएको देखिँदैन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा कर छुट हुने वस्तु तथा सेवाको उल्लेख छ। उक्त अनुसूचीको समूह ६ को (ग) मा विद्यालय तथा विश्वविद्यालयले प्रदान गर्ने शिक्षण सेवा भन्ने उल्लेख भएको हुँदा विद्यालय तथा विश्वविद्यालयले प्रदान गर्ने शिक्षण सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने स्पष्ट छ । सोबाहेकका शैक्षिक उपाधि प्रदान नगर्ने जस्तै प्रवेश परीक्षा तयारी कक्षा, बृज कोर्ष, सिपमूलक तालिम, शैक्षिक परामर्श जस्ता सेवा सञ्चालन गर्ने संस्थाहरू मूल्य अभिवृद्धि कर छुटभित्र नपर्ने हुँदा त्यस प्रकृतिका संस्थाहरूले प्रदान गर्ने सेवामा मूल्य अभिवृद्धि कर असुल गर्न कानूनले नै छुट दिएको नदेखिने।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट प्रचलित कानूनबमोजिम शिक्षा सेवा शुल्क लाग्नेमा शिक्षा सेवा शुल्क मात्र र मूल्य अभिवृद्धि कर लाग्नेमा मूल्य अभिवृद्धि कर मात्र लगाई कर असुलउपर गरेको देखिएको र दोहोरो कर लगाएको नदेखिएकोले रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

स.क.अ.: रवि दुवाल

**इति संवत् २०७५ साल पुस ४ गते रोज ४ शुभम्।**

**४९**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७१-WO-००४९, उत्प्रेषण, विरजु पासमानसमेत वि. शिक्षा मन्त्रालय (विद्यालय प्रशासन महाशाखा) समेत*

जिल्ला शिक्षा समितिले श्री शिव प्रा. वि. रामनगर मिर्चैया-३ विद्यालयलाई मिति २०७१/०३/२२ गते विद्यालयको जग्गा दर्ता नरहेको, नियमित सञ्चालन नभएको, विद्यार्थी र शिक्षकसमेत नभएको आधार र कारण खुलाई बन्द गर्ने निर्णय भई कार्यान्वयन गर्ने क्रममा जिल्ला शिक्षा कार्यालय, सिराहाले मिति २०७१/०३/२७ गतेको पत्रबाट जानकारी गराएपछि उक्त विद्यालय सञ्चालन गर्न माग गरी निवेदन परेपछि सो निवेदनउपर मिति २०७१/०५/०६ गते जिल्ला शिक्षा समितिको बैठक बसी पुनः अनुगमन गरी प्रतिवेदन पेस गर्न जिल्ला प्रशासन कार्यालय, सिराहाका प्रशासकीय अधिकृत गंगाप्रसाद न्यौपानेको संयोजकत्वमा समिति गठन गरी अनुगमन गरी प्राप्त प्रतिवेदनमा समेत विद्यार्थी न्यून रही वरिपरि घेराबेरा नभएको टहरा भवन रहेको, शौचालय नरहेको, जग्गा नभएको र मोहन उ.मा.वि. मिर्चैया करिब २० मिनेटको दुरीमा रहेको र विद्यालयमा कुनै फर्निचर नरहेको भन्ने प्रतिवेदन प्राप्त भएको देखिएकोले उक्त विद्यालय कुनै पनि पूर्वाधारविना नै सञ्चालन गरेको देखिने।

शिक्षा नियमावली, २०५९ को नियम १६(छ) मा "ऐन तथा यस नियमावलीबमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा त्यस्ता विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नुपर्ने नपर्नेसम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु सुधार गर्नु वा विद्यालय बन्द

गर्नुपर्ने भएमा तत्सम्बन्धी कारबाही गर्ने" भन्ने जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य अधिकारसम्बन्धी कानूनी व्यवस्था रहेको देखिने।

शिक्षा नियमावली, २०५९ को नियम १६(छ) ले ऐन तथा यस नियमावलीबमोजिम विद्यालय सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा त्यस्ता विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नुपर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा बन्द गर्नुपर्ने भएमा तत्सम्बन्धी कारबाही गर्ने काम, कर्तव्य र अधिकार जिल्ला शिक्षा अधिकारीलाई भएको हुँदा सो अधिकारअन्तर्गत रही पूर्वाधारविहीन श्री शिव प्रा.वि. रामनगर मिर्चैया-३ लाई बन्द गर्नेतर्फ कारबाही गरी जिल्ला शिक्षा समितिको निर्णयबमोजिम कानूनले दिएको अधिकारअन्तर्गत रही उक्त विद्यालय बन्द गर्ने जिल्ला शिक्षा समिति सिराहाको मिति २०७१/०३/२२ को निर्णय र जिल्ला शिक्षा कार्यालय सिराहाको मिति २०७१/०३/२७ को उक्त विद्यालय बन्द गर्ने गरी गरेको निर्णय कानूनसम्मत नै देखिएकोले रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

स.क.अ.: रवि दुवाल

**इति संवत् २०७५ साल पुस ४ गते रोज ४ शुभम्।**

**५०**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७१-WO-०५१७, परमादेश, सरिता पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कानूनले हरेक व्यक्तिका हकहित एवम् दायित्व निर्धारित गरिदिएको वा गरिदिने हुँदा कुनै कुरामा वा हकहितमा आघात पर्‍यो भनी उपचार माग्न अदालतसमक्ष जाँदा सर्वप्रथम त्यो व्यक्तिको कानूनद्वारा संरक्षित हकहितमा आघात परेको हो होइन भन्ने हेरिन्छ। सो व्यक्तिको कानूनद्वारा संरक्षित हकहितमा आघात परेको भए मात्र मुद्दा हेर्ने अदालतले त्यस्तो उजुरी आफूसमक्ष लिई कारबाही गर्दछ। अन्यथा बेसरोकारको मानिसले अर्थात् हकहितमा आघात नपुग्ने व्यक्तिले ल्याएको उजुरी अदालतले लिँदैन र कारबाही किनारा गर्दैन। हकदैया भनेको व्यक्तिहरूलाई वास्तवमा एउटा बन्देज हो। हकदैयाको सिद्धान्त अनुसार मुद्दाको कहीँ अन्त्य होस् भन्ने सार्वजनिक नीति Public policy मा आधारित रहेको हुन्छ। साथै जोसुकैले फिराद तथा दाबी लिएर अदालत प्रवेश गरी समाजको शान्ति, अमनचयन, कानूनी व्यवस्था वा शान्ति भंग गर्न नसकोस् भन्ने नीतिको आधारमा यो हकदैयाको सिद्धान्त टिकेको हुने।

मर्यादित जीवन, समानतासहितको मानवीय मूल्य र मौलिक स्वतन्त्रता मानव अधिकारका आधारभूत सिद्धान्त हुन्। स्वतन्त्र, मर्यादित र सम्मानित मानवीय जीवन मानव अधिकारका आदर्श हुन्। सम्मानित जीवन बाँच्न पाउनु र बाँच्न दिनु मानव अधिकारको विश्वव्यापी मान्यता हो। मानिस जन्मजात नै स्वतन्त्र हुन्छ। त्यसैले उसको जीवन अस्तित्वको पहिचानलाई आत्मसात् गर्दै सबैको समानताका आधारमा मानव अधिकारको सम्मान गरिनुपर्दछ। कुनै पनि मानिसका विरूद्ध जुनसुकै प्रकारका भेदभाव, हिंसा र शोषणलाई मानव अधिकारको उल्लङ्घनको रूपमा लिइन्छ। त्यसैले महिला विरूद्धको हिंसा र भेदभाव पनि महिलाको मानव अधिकारको गम्भीर उल्लङ्घन हो भन्ने विषयमा सरकार संवेदनशील छ। नेपाल सरकारले महिला विरूद्धको हिंसामा सून्य सहिष्णुता नीति अख्तियार गरेको छ। महिला विरूद्ध हिंसाको घटना घटेपछि हुने त्यसको अनुसन्धान र अभियोजन पीडितलाई न्याय र पीडकलाई दण्ड दिने प्रभावकारी माध्यम हुने देखिने।

कानूनले नै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारसम्बन्धी कसुरको पीडित पक्ष आफैँले वा निजका तर्फबाट जोसुकैले पनि उजुरी सुन्ने अधिकारीसमक्ष निवेदन गर्न कानूनी अधिकार ऐनमा नै प्रस्ट लेखिएको देखिएकाले कानून निर्माण गर्ने अधिकार विधायिकी विशेषाधिकार हुने नै देखिन्छ। तसर्थ, प्रस्तुत मुद्दामा कानून कस्तो बनाउने भन्ने कुरा

विधायिकी क्षेत्राधिकार भएकोले कुन मुद्दा सरकारवादी भई चल्ने वा दुनियाँवादी भई चल्ने भन्ने कुरा निर्णय गर्ने राज्यको कार्य हो। कुनै मुद्दालाई सरकारवादी भई मुद्दा चलाउन आवश्यक पर्ने नपर्ने भन्ने कुरा विधायिकी विशेषाधिकार भएकोले कुनै मुद्दामा अनुसन्धानको प्रभावकारिता र मुद्दा सफल असफलको आधारमा निर्धारण गरिने विषय विधायिकी क्षेत्राधिकारभित्र पर्ने देखिन्छ। तसर्थ, कुन मुद्दा सरकारवादी भई चल्ने वा दुनियाँवादी भई चल्ने भन्ने कुरा निर्धारण गर्ने न्यायपालिकीय क्षेत्राधिकारभित्र पर्ने नदेखिने।

महिला विरूद्ध हुने हिंसाको एउटा स्वरूपको रूपमा रहेको यौनजन्य दुर्व्यवहार र खास गरी कार्यस्थलमा हुने यौनजन्य व्यवहारलाई निवारण गर्नेसम्बन्धमा हालै जारी भएको "कार्यास्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१" मा समेत यौन दुर्व्यवहारको कसुरलाई सरकारवादी मुद्दा बनाइएको अवस्था नहुँदा यौन दुर्व्यवहारजन्य कसुरको हकमा समग्रमा नै अध्ययन विश्लेषण गरी एकीकृत र समन्वयात्मक रूपमा कानूनको पुनरावलोकन गरिनुपर्ने भएकोले रिट निवेदकले दाबी लिए जस्तो मुलुकी ऐन आसय करणीको महलअन्तर्गतको यौन दुर्व्यवहारको कसुरलाई मात्र सरकारवादी मुद्दा बनाएर समस्याको समाधान हुने नदेखिने।

अतः यौन दुर्व्यवहारबाट पीडित भएका किशोरीहरू र महिला एवम् त्यस्ता अपराधका साक्षीहरूको सुरक्षासँग सम्बन्धित विषयमा नेपाल सरकारले आफ्नो स्रोत साधन र क्षमताले भ्याएसम्म आवश्यक कानूनी, नीतिगत संयन्त्रको गठन गरी काम गरिरहेको देखिएकोले विपक्षी निवेदकहरूको मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्था नदेखिएकोले निवेदकहरूको मागबमोजिमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

क.अ.: रवि दुवाल

**इति संवत् २०७५ साल पुस ४ गते रोज ४ शुभम्।**

## इजलास नं.१२

### ५१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-००४०, बन्दीप्रत्यक्षीकरण, हेमन्त गैरे बैतनी भन्ने हेमबहादुर थापामगर वि. काठमाडौं जिल्ला अदालत*

निवेदकउपर अभियोग लागेको अपरहण वा शरीर बन्धक लिने कसुरमा साबिक मुलुकी ऐन, अपरहण तथा शरीर बन्धक लिनेको महलको ९ नं.मा "यस महलको १, २ वा ३ नं. बमोजिमको कसुर महिला वा नाबालक विरूद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ" भन्ने व्यवस्था रहेकोमा मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने हाल प्रचलित मुलुकी फौजदारी अपराध संहिता, २०७४ को परिच्छेद १७ मा अपरहण वा शरीर बन्धकसम्बन्धी कसुरसम्बन्धी व्यवस्था रहेको र सो परिच्छेदको दफा २१४ मा थप सजाय हुने व्यवस्थाको उपदफा (१) मा "दफा २११ बमोजिम अपहरण गरी दफा २१२ बमोजिम शरीर बन्धक लिने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र एक लाखदेखि एक लाख पचास हजार रूपैयाँसम्म जरिवाना हुने छ" भन्ने व्यवस्था छ भने उपदफा (२) मा "कसैले अपहरण गरी वा शरीर बन्धक लिई यस संहिता वा कानूनबमोजिम कसुर मानिने अन्य कुनै काम गरेको रहेछ भने निजलाई त्यस्तो कसुरबापतको सजायमा उपदफा (१) बमोजिमको सजाय थप हुने छ।" र सो दफाको उपदफा (३) मा "दफा २११ र २१२ को कसुर सङ्गठित रूपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई वर्ष कैद सजाय हुने छ" भन्ने व्यवस्था मात्र रहेको छ। साबिक मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिने महलको ९ नं.मा भएको जस्तो सजाय थप हुने व्यवस्था रहेको नपाइने।

निवेदक हेमन्त गैरे वैतनी भन्ने हेमबहादुर थापा मगरलाई उक्त अपहरण तथा शरीर बन्धक र

डाँका मुद्दाको फैसलाले साबिक मुलुकी ऐन, अपहरण तथा शरीर बन्धकको महलको ९ नं. अनुसार दुई वर्ष कैद थप गरिएकोमा प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ तथा केही नेपाल कानूनलाई संशोधन एकीकरण समायोजन तथा खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) अनुसार सो थप गरिएको कैद सजाय कार्यान्वयन गर्न नमिल्ने भएबाट निवेदक हेमन्त गैरे बैतनी भन्ने हेमबहादुर थापा मगरलाई राखिएको थुना कानूनसम्मत नदेखिने।

अत: निवेदक हेमन्त गैरे वैतनी भन्ने हेमबहादुर थापा मगरलाई उल्लिखित अपहरण तथा शरीर बन्धक मुद्दामा साबिकमा रहेको व्यवस्थाअनुसार थप कैद गरिएको कारणले मात्र हाल निज कारागारमा कैदमा रहेको र निजलाई प्रचलित कानून अनुसार थप कैद गर्न नमिल्ने भएकाले अन्य मुद्दा वा कारणबाट थुनामा राख्नुपर्ने भएमा वाहेक उक्त मुद्दाको फैसलाले लागेको कैदबाट तत्काल मुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम विपक्षीका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७८ साल असोज ७ गते रोज ५ शुभम्।**

**५२**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-००४३, बन्दीप्रत्यक्षीकरण, विपेन उपाध्याय वि. उच्च अदालत पाटनसमेत*

निवेदक लक्ष्मण उपाध्यायका नामको बैंक खाताको चेकमा निजकै नामको सही भएको चेक साट्न सम्बन्धित बैंकमा जाँदा भुक्तानी गर्न खातामा पर्याप्त रकम मौज्दात नभएको कारण जनिई चेक फिर्ता भई बाउन्स भएको भनी यी निवेदक लक्ष्मण उपाध्यायउपर रीतपूर्वकको किटानी जाहेरी परेको, जाहेरी परेपछि साधिकार अदालतबाट पक्राउ पुर्जी समर्थन गराई यी निवेदकलाई पक्राउ गरी मुद्दा हेर्ने अदालतबाट म्याद थपको अनुमति लिई रिट निवेदक लक्ष्मण उपाध्यायलाई बैंकिङ कसुरको अभियोगमा अनुसन्धानको लागि महानगरीय प्रहरी परिसर मालीगाउँबाट थुनामा राखिएको कार्यलाई गैरकानूनी थुनामा राखिएको भन्न नमिल्ने।

तसर्थ रिट निवेदक लक्ष्मण उपाध्यायलाई महानगरीय प्रहरी परिसर मालीगाउँमा गैरकानूनी तवरले थुनामा राखिएको नभई बैंकिङ कसुरको किटानी जाहेरी परेपछि अदालतबाट पक्राउ पुर्जी समर्थन गराई पक्राउ गरी मुद्दा हेर्ने अदालतबाट म्याद थपको अनुमति लिई अनुसन्धानको लागि निवेदकलाई थुनामा राखेको र हाल निजउपर अदालतमा अभियोगसमेत दायर भई न्यायिक कारबाहीमा प्रवेश भइसकेकोसमेत देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत:- मुकुन्द निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

**इति संवत् २०७८ साल असोज ७ गते रोज ५ शुभम्।**

**५३**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-००१७, बन्दीप्रत्यक्षीकरण, अमित सामसुङहाङ लिम्बू भन्ने आसिक राई वि. काठमाडौं जिल्ला अदालत, बबरमहल*

मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) मा ठगीको कसुरमा सात वर्षसम्म कैद र रू.७०,०००।– (सत्तरी हजार) रूपैयाँसम्म जरिवानाको सजाय हुनेमा फैसलाअनुसार लागेको कैद मिति २०७२।४।३ देखि कट्टा हुने गरी मिति २०७५।४।२ सम्म थुनामा राख्नु भनिएकोमा मिति २०७२।४।३ देखि निवेदकले निवेदन दिँदासम्म ६ वर्ष १ महिना ८ दिन निज कैदमा बसी भुक्तान भइसकेको र जरिवानाको सम्बन्धमा हाल प्रचलित कानूनबमोजिम छुट दिई कैदी पुर्जी संशोधन गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतमा निवेदन दिँदा कार्यान्वयन गर्न मिलेन भनी आदेश भएकोले मागबमोजिमको आदेश

जारी गरिपाउँ भन्ने निवेदकको मुख्य दाबी रहेको सन्दर्भमा हेर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) मा खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेक अन्य कुनै किसिमले ठगी गरेमा सात वर्षसम्म कैद र सत्तरी हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको र घटित वारदात खण्ड (क) वा (ख) मा लेखिएदेखि बाहेकको देखिँदा खण्ड (ग) मा तोकिएको जरिवाना हुने अवस्था देखिने।

कैदको हकमा फैसलाअनुसार तोकिएको कैद भुक्तान भइसकेको र जरिवानाको हकमा हाल प्रचलित ऐनअनुसार सुविधा पाउँ भन्ने निवेदकको माग रहेकोले त्यसतर्फ हेर्दा केही नेपाल कानूनलाई संशोधन, एकीकरण समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोहीबमोजिम नै कार्यान्वयन हुने छ तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसुरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुने छ" भन्ने व्यवस्था भएको र फौजदारी (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । सो कानूनी व्यवस्थाअनुसार निवेदकलाई सुविधा प्राप्त हुने नै देखिई निजलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा ३(ग) अनुसार जरिवाना रू.७०,००० ।– (सत्तरी हजार) हुने देखियो ।

तसर्थ, निवेदकले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिमको सुविधा निवेदकलाई प्राप्त हुने भई निज हिरासत र थुनामा बसेको अवधिसमेत जोड्दा मिति २०७२।४।३ बाट आजको मितिसम्म ६।१।८ (छ वर्ष एक महिना आठ दिन) कैदमा बसेको भन्ने देखिएको र ठेकिएको कैद ३ (तीन) वर्ष भुक्तान भई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम हुन सक्ने अधिकतम जरिवाना रू.७०,०००।– (सत्तरी हजार) बापत ऐनले हुने एक दिनको तीन सय रूपैयाँको दरले हिसाब गर्दा हुनसक्ने कैद ७ महिना २४ दिनसमेत भुक्तान भइसकेको देखिँदा अन्य मुद्दाको रोहमा निवेदक आसिक राइलाई थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहमा आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: ऋतु राई

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७८ साल भदौ ११ गते रोज ६ शुभम् ।**